सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ फागुन २०८०, आइतबार (10 Mar 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बैंकमा धितो राख्ने भन्दै झुक्याएर ६२ जनाको घरजग्गा ठगी

पीडितको उठीवास

सिराहाको धनगढीमाई नगरपालिकाका रामएकवाल महतो, बेचन सिंहलगायतको समूहले झुक्याएर जग्गा हत्याएर उठीवास गराएको भन्दै ६२ जनाले दिए नगरपालिकामा उजुरी

■ ऋण नै नलिई ६० लाखको कपाली



कपाली तमसुक देखाउँदै जगदम्बादेवी चौधरीले भनिन्-

कपाली तमसुकमा लेखिएको ६० लाख रुपैयाँमा ६० रुपैयाँ पनि लिएको छैन । किन त्यसरी झुक्याएर कपाली तमसुक बनाएको भनेर सोध्दा उल्टै अदालतमा मुद्दा हालिदिन्छु भन्दै बेचन सिंह नाम गरेका भूमाफियाले धम्क्यायो ।

(विस्तृत पृष्ठ ३)

विश्व राजनीति र चिनियाँ कूटनीति



अग्रलेख

● पामिर गौतम

केही मुट्ठीभर राष्ट्रहरूले अन्तर्राष्ट्रिय मामिलामा एकाधिकार राख्न वा शक्तिका आधारमा देशलाई वर्गीकरण गर्न नहुनेमा चीन प्रस्ट देखिन्छ

(पृष्ठ ४)



पाकिस्तानको राष्ट्रपतिमा आसिफ अली जर्दारी निर्वाचित

(समाचार पृष्ठ ५)

तीन वर्षमा बन्नुपर्ने चार लेनको महाकाली पुल सात वर्ष बित्दा पनि अधुरै



पाँच महिनादेखि निर्माण कार्य ठप्प, छिटो सक्न स्थानीयको माग

(विस्तृत पृष्ठ ६)

विश्वासको मतअघि नै आमने-सामने हुँदै दलहरू

बढीभन्दा बढी दलको समर्थन जुटाएर राष्ट्रिय सभा अध्यक्षको निर्वाचनमार्फत गठबन्धन थप मजबुत बनाउने सत्तारूढ दलहरूको तयारी, यही निर्वाचनबाट विपक्षी गठबन्धनलाई औपचारिकता दिँदै सरकारविरोधी मोर्चा कस्ने कांग्रेसको रणनीति

आज निर्वाचन कार्यक्रम घोषणा

संसद् सचिवालयले आइतबार निर्वाचनको कार्यक्रम घोषणा हुने जनाएको छ । राष्ट्रिय सभाले पारित गरेको क्यालेन्डरअनुसार उम्मेदवार मनोनयन सोमबार हुनेछ, सम्बन्धित दलले उम्मेदवारलाई निर्वाचित गरियोस् भनेर प्रस्ताव दर्ता गराउनुपर्नेछ । मंगलबार बस्ने राष्ट्रिय सभा बैठकमा मतविभाजनबाट निर्वाचन हुनेछ । एक मात्र उम्मेदवारी परेमा निर्विरोध निर्वाचित भएको घोषणा गरिनेछ ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसद्मा विश्वासको मत लिनुभन्दा अगाडि सत्ता र विपक्षी गठबन्धनबीच रिक्त राष्ट्रिय सभा अध्यक्ष पदको निर्वाचनमा शक्ति परीक्षण हुने भएको छ । मंगलबार निर्वाचन सकिएपछि विश्वासको मत लिने प्रधानमन्त्रीको तयारी छ ।

औपचारिक रूपमा सरकारले विश्वासको मत लिनेबारे संसद् सचिवालयलाई केही जानकारी गराएको छैन । बुधबार प्रतिनिधिसभा बैठक बस्दै छ । राष्ट्रिय सभा निर्वाचनलगत्तै विश्वासको मत लिने सत्तागठबन्धन दलहरूको गृहकार्य छ । सत्तागठबन्धनमा रहेका दलहरूसँग राष्ट्रिय सभामा सुविधाजनक बहुमत छ ।

समिति सभापति पनि रिक्त

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले विश्वासको मत लिनेबारे प्रधानमन्त्रीले निर्णय लिने बताए । 'विश्वासको मत सरकारले लिने हो, सरकारले नै निर्णय गर्छ । प्रतिनिधिसभाको बैठक ३० गते छ । प्रधानमन्त्रीले गठबन्धन दलहरूसँग छलफल गरेर आइतबारसम्म विश्वासको मत

» पृष्ठ २ मा क्रमशः

■ अध्यक्षमा जसको चर्चा छ

सत्तागठबन्धन : ३९

माओवादी : १८ । एमाले : १० । एकीकृत समाजवादी : ८ । जसपा : ३



उर्मिला अर्याल भक्तप्रसाद सुवेदी नारायण दाहाल

पाँच दलीय नयाँ गठबन्धनले अध्यक्षमा माओवादी उम्मेदवार र उपाध्यक्षमा एमाले उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको छ । माओवादीबाट राष्ट्रिय सभा उपाध्यक्ष रहेकी उर्मिला अर्याल, नारायण दाहाल र हालै लुम्बिनीबाट निर्वाचित भक्तप्रसाद सुवेदी अध्यक्षका आकांक्षी छन् । शनिबार बसेको संसदीय दलको बैठकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय सभा अध्यक्षको उम्मेदवार आइतबार टुंगो लगाउने बताएका छन् । एमालेलाई राष्ट्रिय सभा उपाध्यक्ष दिने सहमति भएकाले अर्याललले राजीनामा दिनुपर्नेछ ।

विपक्षी : १७

कांग्रेस : १६ । लोसपा : १ ।



आनन्द ढुंगाना कमला पन्त

माओवादीसँग गठबन्धन कायम हुँदा कृष्णप्रसाद सिटौलालाई अध्यक्ष बनाउने तयारी भए पनि गठबन्धन भत्किएपछि अर्को पात्र उभ्याएर प्रतिस्पर्धा गर्ने कांग्रेसको तयारी छ । हार्ने अंकगणित रहेकाले उम्मेदवारका लागि कसैको दाबी छैन । त्यसैले कांग्रेसले आनन्द ढुंगाना वा कमला पन्तलाई अगाडि सार्ने सम्भावना छ । तर, उम्मेदवारबारे निर्णय अन्तिम समयमा सभापति शेरबहादुर देउवाले लिनेछन् ।

■ राष्ट्रिय सभा अध्यक्षको उम्मेदवारीमार्फत नयाँ गठबन्धन बनाउने कांग्रेसको गृहकार्य



शेरबहादुर देउवा



महन्थ ठाकुर



राजेन्द्र लिङ्देन



रञ्जिता श्रेष्ठ



सिके राउत

● **अर्जुननरसिंह केसी**, नेता, कांग्रेस



परिवर्तित परिस्थितिमा कांग्रेस प्रमुख प्रतिपक्षी दलको हैसियत छ । प्रतिपक्षमा रहेका दलहरूबीच छलफल गरेर मात्रै उम्मेदवार तय गर्ने विषयमा पार्टीमा छलफल भएको छ । अब हामीनिकट दलहरूसँग छलफल गरेर उम्मेदवार टुंग्याउँछौं ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

गठबन्धन परिवर्तनसँगै प्रतिपक्षमा पुगेको कांग्रेसले राष्ट्रिय सभा अध्यक्ष र उपाध्यक्षको उम्मेदवारीमार्फत नयाँ गठबन्धन अस्तित्वमा ल्याउने प्रयास थालेको छ । कांग्रेसले परिवर्तित परिस्थितिमा लोकतान्त्रिक गठबन्धनसँग छलफलका आधारमा मात्रै उम्मेदवार तय गर्ने रणनीति लिएको छ । राष्ट्रिय सभाको रिक्त अध्यक्ष पदका लागि २९ फागुनमा निर्वाचन हुँदै छ ।

सभापति शेरबहादुर देउवाले शनिबार पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकमा राष्ट्रिय सभा अध्यक्ष निर्वाचनमा पार्टीको उम्मेदवार र रणनीतिबारे छलफल गरेका थिए । बैठकमा सहभागी नेता अर्जुनरसिंह केसीका अनुसार गठबन्धनमा छलफलपछि मात्रै उम्मेदवार टुंगो लगाउने तयारी छ । प्रतिनिधिसभामा पहिलो दल रहेको कांग्रेस राष्ट्रिय सभामा दोस्रो दलको हैसियतमा छ

» पृष्ठ २ मा क्रमशः

जनमोर्चा र वामदेव अनिर्णीत, राष्ट्रपतिबाट मनोनीत हुने एक सिट रिक्त

माधव नेपाल भन्छन्- कांग्रेसलाई गाली गर्नुहुन्न



जहरसिंपौवामा शनिबार आयोजित अनेमसंघ समाजवादीको वनभोज कार्यक्रममा माधव नेपालले भने-

हामी छलफलमै छौं । फेरि धोका खाने अवस्था नबनोस् । फेरि एकले-अर्कालाई मूर्ख बनाउने स्थिति नबनोस् । विश्वासको वातावरणमा अगाडि बढ्ने हो । अहिले कांग्रेसलाई दोष दिएर, शत्रु बनाएर जाने गल्ती किमार्थ गर्नुहुँदैन । भोलि गएर मिल्न परिहाल्यो भने के गर्नुहुन्छ ? पर्दा त हामीकहाँ आयो त कांग्रेस, अरू पनि आए । स्वाभाविक रूपमा हामीसँग जसको बढी विचार मिल्छ, उसँग मिल्ने हो । कम्युनिस्ट शक्ति मिल्नु हाम्रा लागि खुसी हुन्छ । हाम्रो दायित्वको विषय पनि बन्छ । अपमान सहेर कोही पनि बस्दैन । सम्मानका साथ हाम्रो भूमिका सुनिश्चित गरिसकेपछि हामी आफ्नो तरिकाबाट भूमिका निर्वाह गर्छौं । विगतको कमजोरीबाट पनि शिक्षा लिनुपर्छ । कमीकमजोरी नदोहोरिने स्थिति बनाउनुपर्छ । एक-अर्काको राय, विचारलाई बुझ्नुपर्छ । र, केही न केही मापदण्ड निर्धारण गर्नुपर्छ । हाम्रो ध्यान सरकार बनाउने खेलभन्दा पनि देश बनाउने, जनताको जीवन राम्रो बनाउने, देशलाई विकासको बाटोमा अगाडि बढाउने, जनताको मन र विश्वास जित्ने, भ्रष्टाचार अन्त्य गर्ने, सुशासन कायम गर्ने तथा जनताका सेवा र सुविधामा समर्पित हुनेमा केन्द्रित हुनुपर्छ । यसै सिलसिलामा मिलेर जाऔं भन्ने प्रस्ताव आइसकेपछि सकारात्मक रूपमा लियौं ।

■ रञ्जिता-रेशमको मतभेद सतहमा

नागरिक उन्मुक्तिबाट मन्त्री बनेकाको पद २४ घन्टामै धरापमा

धनगढीमा **तेजराज भट्ट**

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता चौधरी र उनका श्रीमान् समेत रहेका नेता रेशम चौधरीबीचको मतभेद सतहमा आएको छ । केन्द्रमा गठबन्धन फेरिएसँगै अल्पमतमा परेको सुदूरपश्चिम प्रदेश सरकारमा सहभागी हुने विषयमा रञ्जिता र रेशमले फरक-फरक निर्देशन दिएका हुन् ।

यसअघि अध्यक्ष रहे पनि निर्वाचन आयोगले वैधानिकता नदिएपछि पद खोसिएका रेशमको निर्देशनअनुसार नागरिक उन्मुक्तिबाट शुक्रबार तीन मन्त्रीले शपथ लिएका थिए । तर, अध्यक्ष रञ्जिताले शनिबार मात्र संसदीय दलका नेता घनश्याम चौधरीलाई फोन गरेर पार्टीबाट मन्त्रीहरू फिर्ता बोलाउन र सरकारको समर्थन फिर्ता लिन निर्देशन दिएकी छिन् । मन्त्रीहरूलाई फिर्ता बोलाएर सरकारको समर्थन फिर्ता लिन संसदीय दललाई निर्देशन दिइसकेको उल्लेख गर्दै रञ्जिताले पार्टीको निर्देशन अवज्ञा गरे कारबाही गर्ने चेतावनीसमेत

» पृष्ठ २ मा क्रमशः

सरकारबाट फिर्ता हुन र समर्थन फिर्ता लिन रञ्जिताको निर्देशन, तर रेशम भन्छन्- मन्त्री फिर्ता हुँदैनन्



मन्त्रीहरू रेशमतिर

अध्यक्षले सरकार छोडेर समर्थन फिर्ता लिन निर्देशन दिए पनि प्रदेशमा रहेका अधिकांश मन्त्री रेशमको पक्षमा छन् । रेशमले चारै मन्त्रीलाई शनिबार बर्दियास्थित आफ्नो घरमा बोलाएर समर्थन कायम रहने भन्दै राम्रो काम गर्न निर्देशन दिएका छन् । 'उहाँ (रेमश)ले समर्थन कायम रहन्छ, सरकारमा तपाईंहरू राम्रो काम गर्नोस् भन्नुभयो,' भेटमा सहभागी एक मन्त्रीले भने । नागरिक उन्मुक्तिका सात सांसदमध्ये राज्यमन्त्रीबाट फिर्ता बोलाइएका चौधरी र संसदीय दलका पूर्वनेता लक्ष्मणकिशोर चौधरी भने रञ्जिताको पक्षमा देखिएका छन् । समानुपातिक सांसद टीका थापा भारतमा रहेको बताइएको छ । 'सरकारमा जानेबारे पार्टी र दलको बैठकमा छलफल नै भएको छैन, कुनै साथीहरूलाई रहर लागेर मन्त्री बन्न जानुभएको होला,' लक्ष्मणकिशोरले भने, 'यसबारे पार्टी अध्यक्षको धारणा सार्वजनिक भइसकेको छ ।'

मापदण्डविपरीत दुई सयभन्दा धेरै प्रहरी नेताको सुरक्षामा

नयाँ पत्रिका

रवि लामिछाने अधिल्लोपटक गृहमन्त्री हुँदा सुरक्षाकर्मीको दुरुपयोग रोक्ने निर्णय सुरुमै गरे । गृह मन्त्रालयकै चालक र सहयोगीका रूपमा खटिएका प्रहरीलाई उनले फिर्ता पठाए त्यसको सुरुवात गरेका थिए । अहिले गृहमन्त्री भएपछि फेरि यही विषयमा सुधार गर्नुपर्ने अवस्था छ ।



गृह मन्त्रालयले नै सुरक्षाकर्मी दुरुपयोग गर्दै आएको छ । मन्त्रालयका कतिपय कर्मचारीका चालक सुरक्षाकर्मी छन् । सहसचिवसम्मका कर्मचारीले मात्र गाडीको सुविधा पाउने भएकाले त्यहीअनुसार मन्त्रालयमा चालकको दरबन्दी छ । तर, गृहमा उपसचिवले पनि गाडी प्रयोग गर्छन् । उनीहरूले प्रहरीका चालक राख्दै आएको स्रोत बताउँछ ।

अहिले पनि गृहमा मापदण्डविपरीत सुरक्षाकर्मी खटिएका छन् । प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार नेपाल प्रहरीबाट दुई सयभन्दा धेरै सुरक्षाकर्मी नेता तथा उच्चपदस्थको सहयोगीका रूपमा खटिएका छन् ।

गत कात्तिकको तेस्रो साता प्रहरी प्रधान कार्यालयले मापदण्डविपरीत देखिएपछि एकैपटक ५८ सुरक्षाकर्मी फिर्ता गरेको थियो । तर, त्यो निर्णय दुई दिन पनि टिकेन । तीमध्ये ९० प्रतिशत सुरक्षाकर्मी दबाबको भरमा

» पृष्ठ २ मा क्रमशः

दक्षिणी यमनमा अमेरिकी जहाजमा मिसाइल प्रहार

भाग्यले बाँचेका भक्तपुरका ध्रुव राउत स्वदेश फर्किँदै

पर्शुराम काफ्ले/नयाँ पत्रिका

चालकदलका तीन सदस्यको ज्यान जाने गरी दक्षिणी यमनमा बिहीबार हुथी विद्रोही समूहले मिसाइल आक्रमण गरेको अमेरिकी कार्गो जहाजमा रहेका एक नेपाली भाग्यले बाँचेका छन् । जहाजभित्रै रहेका भक्तपुरका ध्रुव राउत सकुशल फेला परेको र स्वदेश फर्किने तयारीमा रहेको इजिप्टका लागि नेपाली राजदूत सुशीलकुमार लम्सालले जानकारी दिएका हुन् ।



ध्रुव राउत

'चालकदलका तीन सदस्यको मृत्यु भयो । म गार्डका रूपमा कार्यरत थिएँ, बँचेर फर्किँदै छु,' उनले टेलिफोनमा भने, 'अप्रत्याशित रूपमा घटना भएपछि कम्पनीले नै मलाई स्वदेश फर्काउने व्यवस्था मिलाएको छ । आइतबार यहाँबाट नेपालतर्फ प्रस्थान गर्दै छु । म सकुशल छु ।' राउत दुई महिनाअघि मात्रै त्यहाँ गएका थिए ।

अडेनको खाडीमा टु कन्फिडेन्समा आक्रमण भएको थियो । मृतकमध्ये दुई फिलिपिनो र एक भियतनामी नागरिक छन् । अन्य चारजना घाइते भएको जानकारी अमेरिकी सेन्ट्रल कमान्डले दिएको अन्तर्राष्ट्रिय सञ्चार संस्थाहरूले जनाएका

» पृष्ठ २ मा क्रमशः

■ डेढ वर्षभित्र पुल बनाउने ठेक्का, तर साढे दुई वर्षमा एउटा खाल्डो मात्रै खनियो

बाजुरामा **गगन अयडी**

ठेक्का सम्झौताअनुसार बाजुराको मार्तडी कोल्टी सडकको बडिमालिका नगरपालिका- ८ बाउली खोलामा गत वर्ष नै पुल निर्माण भइसक्नुपर्थ्यो । डेढ वर्षमा पुल निर्माण गर्ने सम्झौता भए पनि साढे दुई वर्षसम्म एउटा खाडल खन्नेबाहेक काम भएको छैन । पिलर उठाउन बनाइएको फाउन्डेसन (खाल्डो) नै पुरिन थालेको छ । जब कि पेस्कीबापत २४ लाख ७५ हजार लगिसकेको ठेकेदार कम्पनी जुगल- कौसिक जेभी एक वर्षदेखि लापत्ता छ ।

सडक डिभिजन कार्यालय सार्फैले पाँच करोड ५८ लाख लागतमा १५ फागुन ०७९ भित्र २५ मिटर लामो मोटरेबल पुल निर्माण सक्न उक्त कम्पनीसँग १५ कात्तिक ०७८ मै सम्झौता गरेको थियो । कम्पनीको तर्फबाट सञ्चालक नरेश ओझाले सम्झौता गरेका थिए । सडक डिभिजन सार्फैका निमित्त प्रमुख आशा श्रेष्ठका अनुसार सुरुमा कम्पनीको आग्रहमा १२ असार ०८० सम्मका लागि म्याद थप गरिएको थियो । तर, त्यसपछि भने ठेकेदार कम्पनी नै सम्पर्कमा आएको छैन ।

प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले पुल निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीलाई सम्पर्कमा ल्याइने बताए । पुल निर्माण नहुँदा सदरमुकाम मार्तडीमा रहेको मालिका माविं र बाजुरा क्यापसमा अध्यनरत विद्यार्थीलाई आउजाउ गर्न समस्या हुने गरेको छ ।

■ २४ लाख ७५ हजार पेस्की बुझेर ठेकेदार एक वर्षदेखि लापत्ता



बाजुराको बडिमालिका नगरपालिका- ८ बाउली खोला



रोजगारमूलक तालिम सञ्चालन गर्न २३ कलेजसँग महानगरको सम्झौता

नयाँ पत्रिका



काठमाडौं महानगरपालिकाको सामाजिक विकास विभागले रोजगारमूलक तालिम कार्यक्रम सञ्चालन गर्न २३ वटा कलेजसँग सम्झौता गरेको छ। सीपमूलक तालिम सञ्चालन गर्ने गरी महानगरले सरकारी र निजीसहित २३ क्याम्पससँग सम्झौता गरेको हो।

विभागका निमित्त प्रमुख विमला कोइराला र सम्बन्धित कलेजका पदाधिकारीले बिहीबार उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। महानगरले चालू आर्थिक वर्षदेखि १० वटा महानगर गौरव योजना कार्यान्वयनमा ल्याएको छ। यीमध्ये 'रोजगारी र आय वृद्धि, काठमाडौंको समृद्धि' कार्यक्रम एक हो। यो कार्यक्रमअन्तर्गत रोजगारमूलक सीप विकास तालिम सञ्चालन हुन्छन्। यस्ता विविध विधाका तालिम सञ्चालन गर्ने गरी सम्झौता गरेको हो। विभागले कार्यान्वयन गर्ने यस कार्यक्रममा सीप नजानेका र सीपको स्तरोन्नति गर्नुपर्ने व्यक्तिलाई तालिम दिइनेछ। १५ हजार व्यक्तिलाई तालिम दिने र पाँच हजारलाई प्रत्यक्ष रोजगारीमा आबद्ध गराउने कार्यक्रमको लक्ष्य छ।

सम्झौताअनुसार कलेजहरूले कक्षाकोठा (स्थान) र प्रयोगशाला निःशुल्क उपलब्ध गराउनेछन्। प्रशिक्षक तथा जनशक्ति र मर्मत-सम्भार खर्च महानगरपालिकाले उपलब्ध गराउनेछ। यसका लागि कलेजहरूले महानगरपालिकामा लागत अनुमान पेस गर्नुपर्नेछ। तालिमको संयोजन र सहजीकरण महानगरबाट खटाइएका तालिम संयोजकहरूले गर्नेछन्। सीपमूलक तालिम लिनका लागि अहिलेसम्म करिब १० हजार व्यक्तिको आवेदन प्राप्त भइसकेको छ। सूचना प्रविधिमा आधारित तालिममा धेरैको चासो छ। '६९.७ प्रतिशत पुरुष र ३०.३ प्रतिशत महिला आवदेकमध्ये ४७.९ प्रतिशत बागमती प्रदेशबाट हुनुहुन्छ,' सहरी योजना आयोगका सदस्य इन्जिनियर शैलेन्द्र झाले भने, 'मधेश प्रदेशबाट १२.१, कोशी प्रदेशबाट १२ प्रतिशत, सुदूरपश्चिमबाट ८.५ प्रतिशत हुनुहुन्छ। उहाँहरूमध्ये पनि ८०.६ प्रतिशत बागमती प्रदेशमा बसोवास गरिरहनुभएको छ।'

१२ कक्षा उत्तीर्ण शैक्षिक योग्यता भएका आवेदकको संख्या सबैभन्दा धेरै ४८.२ प्रतिशत छ। निरक्षर ३० प्रतिशत, एसइई वा एसएलसी उत्तीर्ण ९.८ प्रतिशत, स्नातकोत्तर ८.३ प्रतिशत छन्। २४.१ प्रतिशतले यसअघि नै तालिम लिएका छन्। ७५.९ प्रतिशतले कुनै तालिम लिएका छैनन्। तालिम लिनेमध्ये एक वर्षभन्दा धेरै तालिम गरिसकेका आवेदकको संख्या १५.५ प्रतिशत छ। १८.९ प्रतिशतले एक महिनाभन्दा कम अवधिको, १९.१ प्रतिशतले तीन महिनादेखि एक वर्षसम्मको, ९.५ प्रतिशतले ६ महिनादेखि एक वर्षसम्मको तालिम लिएका छन्। महानगरमा बसोवास गरिरहेका (स्थायी, अस्थायी बसोवासी तथा करदातासमेत) व्यक्ति, फोहोर व्यवस्थापन हुँदै आएको ल्यान्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दा प्राथमिक लक्षित वर्ग हुन्। बेरोजगार, युवा (महिला, पुरुष), रोजगारी गुमाएर बसेकाहरू, विदेशबाट सीप सिकेर तथा काम गरेर फर्केका (अहिले काम खोज्दै गरेका) व्यक्ति सबैलाई तालिमको अवसर प्रदान गरिनेछ।

महानगरपालिकाभित्र एक सय पाँचवटा व्यवस्थापन र एक सय २५ वटा प्राविधिक धारका क्याम्पसको नामावली प्राप्त भएको छ।

■ तालिमका विधा

१) प्रोफेसनल कम्प्युटर हार्डवेयर नेटवर्किङ तथा सिसिटिभी क्यामरा जडान तथा मर्मत तालिम। २) सफ्टवेयर डेम्लपमेन्ट तालिम। ३) प्रोफेसनल इलेक्ट्रिसियन एन्ड प्लम्बिङ तालिम। ४) सिलाइ-कटाइ तथा फेसन डिजाइनिङ तालिम। ५) कन्स्ट्रक्सन लेबर तथा मिस्त्री तालिम। ६) ब्युटी पार्लर तथा सैलुन तालिम। ७) मोटरसाइकल रिपेयर मेन्टिनेन्स तालिम। ८) लाइट भेहिकल मेन्टिनेन्स तालिम। ९) कार्पेन्टर तथा इन्टेरियर डिजाइनिङ तालिम। १०) हस्तकला तथा मूर्तिकला तालिम। ११) आकासेपानी संकलन तथा रिजर्भ बोरिङ तालिम। १२) सरसफाइ तथा माली तालिम। १३) कौसीखेती (भर्टिकल फार्मिङ) तालिम। १४) हेभी इक्विपमेन्ट अपरेटर तालिम। १५) फास्टफुड-चाइनिज र इन्डियन कुक तालिम। १६) बारिस्ता/बेकरी तालिम। १७) बार टेनिङ/वेटर/वेट्रिस तालिम। १८) होम एप्लाइन्सेस मर्मत तालिम। १९) अनलाइन रोजगार (जब) तालिम। २०) सम्पदा निर्माण तथा मर्मत तालिम। २१) प्रोसेसनल अकान्टिङ तालिम। २२) रिसेप्सनिस्ट तथा क्यासियर तालिम। २३) मार्केटिङ तथा डिजिटल मार्केटिङ तालिम। २४) ग्राफिक्स डिजाइन भिडियोग्राफी तथा भिडियो इडिटिङ। २५) एल्मुनियम, युपिभिसी, फेब्रिकेसन तालिम। २६) टुरिस्ट गाइड तालिम। २७) सेक्युरिटी गार्ड तालिम। २८) स्पा तथा थेरापी तालिम। २९) लघु उद्यम विकास सहजकर्ता तालिम। ३०) जुत्ता बनाउने तालिम। ३१) सहकारी व्यवस्थापक तालिम। ३२) गरगहना बनाउने तालिम। ३३) विभिन्न खेलकुदका लागि। ३४) साइबर सेक्युरिटीलगायत।

तालिमका लागि भर्ने फाराम

चालू आर्थिक वर्षबाट कार्यान्वयनमा आएको यो कार्यक्रममा सहभागी हुन २२ असोजमा सार्वजनिक सूचना जारी गरिएको थियो। अनलाइन फाराममा आफूले तालिम लिन चाहेको विधा छान्न सकिने व्यवस्था छ। अनलाइनमा पहुँच नहुनेका लागि अन्य विधाका तालिम लिन वडा कार्यालयमा गएर फाराम भर्न सक्ने व्यवस्था छ। फाराममा सम्पूर्ण विवरण भर्नुपर्छ। शारीरिक अपांगता छ भने कस्तो खालको अवस्था हो, त्यो पनि उल्लेख गर्नुपर्छ।

पढाइसँगै विद्यार्थीलाई व्यावहारिक सीप सिकाइँदै

सल्यानमा **दीपक शर्मा**

सल्यानका सामुदायिक विद्यालयले विद्यार्थीलाई पठनपाठनसँगै व्यावहारिक सीप सिकाउन थालेका छन्। शिक्षालाई प्रयोगात्मक बनाई जीवनसँग जोड्न भन्दै सामुदायिक विद्यालयहरूले जीवनउपयोगी शिक्षा प्रदान गर्न थालेका हुन्।

कपुरकोट गाउँपालिकाका पाँच, सिद्धकुमाख गाउँपालिकाको एक र छत्रेश्वरी गाउँपालिकाको एक गरी सात विद्यालयले अहिले विद्यार्थीलाई जीवनोपयोगी सीप सिकाइरहेका छन्। कपुरकोट गाउँपालिकामा हाउस वाइरिङ, पेन्टिङ, डकर्मी, प्लम्बिङलगायत सीप प्रदान गरिएको छ। सिद्धकुमाख गाउँपालिका- ३ मा रहेको निराजन माध्यमिक विद्यालयमा खानाका परिकार बनाउनेसम्बन्धी सीप सिकाउने गरिन्छ।



पढाइपछि रोजगारीको अवसर राम्रो भएकाले प्लम्बिङसम्बन्धी सीप सिकिरहेको कपुरकोट गाउँपालिका- ३ धनवाङमा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत छात्र प्रकाश विकले बताए। पाएको सीपले आफूलाई पढाइमा उत्साह थपिएको उनको भनाइ छ।

कालिका माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत छात्रा जीवना डाँगीले पेन्टिङसम्बन्धी सीपले आत्मनिर्भर बनाउन सहयोग मिलेको बताइन्। आफ्नो हातमा सीप भएमा विदेश नै जानुपर्छ भन्ने सोचलाई परिवर्तन गर्न तालिमले सहयोग मिलेको उनको भनाइ छ।

निराजन माध्यमिक विद्यालय ढोरचौरमा पशु विज्ञानतर्फ कक्षा १० मा अध्ययनरत विद्यार्थीले दूधजन्य परिकार बनाउने सीप सिकिरहेका छन्। पढाइलाई व्यावहारिक रूपमा अघि बढाउँदा अध्ययन थप सहज बनेको कक्षा १० मा अध्ययनरत विद्यार्थी यमराज सुनारले बताए। 'सीप सिकेर दक्षता बढाएमा भविष्यमा केही गर्न सकिन्छ कि भन्ने आत्मविश्वास दिलाएको छ,' उनले भने।

सबै कुरा किताबमा लेखेको पढेर मात्र हुँदैन भन्ने निष्कर्षसहित प्रयोगात्मक कक्षालाई पनि प्राथमिकता दिएको निराजन माध्यमिक विद्यालयका प्रधानाध्यापक धर्मराज घर्तीमगरले बताए। पशुपालन व्यवसायतर्फ आकर्षित गर्न विद्यार्थीलाई दूधजन्य परिकार बनाउने तालिम सिकाइरहेको उनको भनाइ छ। 'गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयले शिक्षासँगै व्यावहारिक ज्ञानलाई पनि विशेष महत्त्व दिएर शिक्षा प्रदान गर्ने गरेको छ,' उनले भने।

मानिसलाई जीवनोपयोगी सीपले जीवनपर्यन्त सफल जीवन बिताउन सहयोग पुग्ने भएकाले विद्यालय तहदेखि नै विद्यार्थीलाई विभिन्न सीप सिकाउन आवश्यक रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक दामोदर शर्माले बताए। 'जीवनोपयोगी सीपले जीवनमा आइपर्ने समस्या र चुनौतीलाई सामना गर्न बल पुग्छ। सीपले विद्यार्थीलाई जिम्मेवार बनाउनुका साथै बौद्धिक क्षमतामा समेत सहयोग पुर्‍याउने गर्छ,' उनले भने।

मधेशमा डुबेर मृत्यु हुनेको संख्या बढ्दो

जनकपुरधाम/ पछिल्लो केही वर्षयता मधेश प्रदेशमा डुबेर मृत्यु हुनेको संख्या बढ्दै गएको छ। नेपाल मधेश फाउन्डेसन (नेमाफ) ले आइतबार सार्वजनिक गरेको एक प्रतिवेदनमा ०७२ देखि ०७८ सम्म चार सय पाँचजनाको डुबेर मृत्यु भएको छ। पानीमा डुबेर सबैभन्दा बढी बालकको मृत्यु भएको छ।

प्रतिवेदनअनुसार मृत्यु हुनेमा बालक ३४३, बालिका २१३, पुरुष २३५ र महिला ८५ छन्। पानीमा डुबेर मृत्यु हुने ३३४ बालकमध्ये १० वर्षमुनिको संख्या १५४ रहेको प्रतिवेदनमा उल्लेख छ। गत वर्ष मधेस प्रदेशमा डुबेर १५५ जनाको मृत्यु भएको थियो। चालू आर्थिक वर्षको माघ मसान्तसम्म ८० जनाको डुबेर मृत्यु भएको नेमाफले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ।

जनता समाजवादी पार्टीका मधेश प्रदेशका प्रमुख सचेतक रामआशिष यादवले सरकार र ठेकेदारको लापरबाहीका कारण बर्सेनि पानीमा डुबेर मृत्यु हुनेको संख्या बढ्दै गएको बताए। ठेकेदारले सडक बनाउने नाममा माटो खन्ने र त्यो खाल्डो नभर्नेलगायत कारण पानीमा डुबेर बालबालिकाको मृत्यु हुने घटना बढेको उनको भनाइ छ।

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

☎ ०८४-४६०१६७
☎ ०८४-४६०१११

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/११/२७

उपरोक्त सम्बन्धमा तपशिलको सामाग्री खरिद कार्य गर्न गराउन यस कार्यालयबाट प्रकाशित सूचना अनुसार कार्यालयमा रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये कार्यालयको निर्णय अनुसार तपशिल बमोजिम बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी ७ दिने यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

क्र.सं.	ठेक्का नं.	कामको नाम	छनौट गरिएको बोलपत्रदाता	कबोल अङ्क -मु.अ.कर सहित
१	11/RM/NCB/W/2080/081	स्वामीचोक देखी दक्षिण राजापुर रिङरोड जाने सडक स्तरोन्नती योजना	श्री न्यु .एस. कन्स्ट्रक्सन राजापुर-१० बर्दिया	३६,८८,५९५।६२

महेन्द्रजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

विश्वासको...

पृष्ठ १ बाट क्रमशः

लिने दिन टुंग्याउनुहुन्छ। जुन दिन विश्वासको मत लिनुहुन्छ, त्यो दिन ह्विप लगाउने निर्णय दलले गरेको छ,' उनले भने।

नयाँ गठबन्धनबीच राष्ट्रिय सभा अध्यक्षमा माओवादी र उपाध्यक्ष एमालेले पाउने सहमति छ। कांग्रेसले पनि अध्यक्ष आफूले राखेर उपाध्यक्षमा विपक्षी गठबन्धनमा सहभागी हुने दललाई दिने गरी तयारी थालेको छ। समीकरण फेरबदलबाट प्रमुख प्रतिपक्षी बनेको कांग्रेसले पनि सत्तागठबन्धनको उम्मेदवारसँग प्रतिस्पर्धा गर्ने भएको हो। यद्यपि, शनिबार रातिसम्म कसैले पनि उम्मेदवार टुंग्याएका छैनन्।

निवर्तमान अध्यक्ष गणेशप्रसाद तिमिल्सिना ६ वर्षे कार्यकाल पूरा गरी बिदा भएसँगै रिक्त पदमा २९ फागुनमा निर्वाचन हुँदै छ। संसद् सचिवालयले आइतबार निर्वाचनको कार्यक्रम घोषणा हुने जनाएको छ। राष्ट्रिय सभाले पारित गरेको क्यालेन्डरअनुसार उम्मेदवार मनोनयन सोमबार हुनेछ, सम्बन्धित दलले उम्मेदवारलाई निर्वाचित गरियोस् भनेर प्रस्ताव दर्ता गराउनुपर्नेछ। मंगलबार बस्ने राष्ट्रिय सभा बैठकमा मतविभाजनबाट निर्वाचन हुनेछ। एक मात्र उम्मेदवारी परेमा निर्विरोध निर्वाचित भएको घोषणा गरिनेछ। राष्ट्रिय सभा नियमावलीअनुसार रिक्त भएको १५ दिनभित्र अध्यक्ष निर्वाचित भइसक्नुपर्छ। पाँचदलीय नयाँ गठबन्धनमा भएको सहमतिअनुसार अध्यक्ष पद पाएको माओवादीबाट तीनजना आकांक्षी छन्। संसद्को अबको बैठक ३० फागुनमा बस्दै छ।

राष्ट्रिय सभामा दुई र प्रतिनिधिसभामा एक समिति सभापति पद रिक्त भएको छ। राष्ट्रिय सभातर्फ एमालेको नेतृत्व रहेको राष्ट्रिय सरोकार तथा समन्वय समिति र कांग्रेसले सम्हालेको दिगो विकास तथा सुशासन समितिका सभापतिको पदावधि २० फागुनमा सकिएर रिक्त, छ। यसैगरी, एकीकृत समाजवादीले सम्हालेको प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति भानुभक्त जोशी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री बनेपछि रिक्त छ। यसैगरी, प्रमुख प्रतिपक्षीको हैसियतमा एमालेले सम्हालेको सार्वजनिक लेखा समितिको सभापति अब प्रमुख प्रतिपक्षी भएको कांग्रेसले पाउनुपर्नेछ। एमालेबाट सभापति ऋषिकेश पोखरेलले छाडेपछि यहाँ कांग्रेसबाट सभापति आउनेछन्। नियमावलीअनुसार सभापतिको निर्वाचन सभामुख र अध्यक्षले तोकेको दिन हुने व्यवस्था छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सभापतिको निर्वाचन मिति चैत महिनाको क्यालेन्डरमा समावेश गरिनेछ।

अहिलेको टिमले सकारात्मक रिजल्ट दिन्छ : प्रधानमन्त्री

नयाँ गठबन्धन बनेपछि संसद्को कार्यतालिका केही प्रभावित भए पनि अब द्रुतगतिमा अगाडि बढाउने उनले बताएका छन्। मन्त्रिपरिषद्को नयाँ टिमले सकारात्मक परिणाम निकाल्ने विश्वास उनले लिएका छन्। 'नयाँ सहकार्यका बारेमा संसद्मा मैले जे विषय राखेँ, त्यो नै मुख्य विषय हो। अहिलेको सहकार्य ठीक छ। सुशासन, समृद्धि र सामाजिक न्यायका लागि गठबन्धन परिवर्तन गर्नुपरेको हो। मन्त्रिपरिषद्को अहिलेको टिमले सकारात्मक रिजल्ट दिन्छ,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै पाण्डेले भने।

उनले कांग्रेसले महासमिति बैठकबाट लिएको नीति र सरकारको काममा गरेको सहयोगले पुरानो गठबन्धनमा समस्या भएको उनले दाबी गरे। 'बजेट कार्यान्वयमा पनि सहयोग भएन। आन्तरिक ऋण उठाऊ, बाह्य ऋण घटाऊभन्दा पनि मानेनन्। हिन्दुराष्ट्रको विषय बैठकमा प्रवेश गरायो। यसले नयाँ ढंगबाट सोच्नुपर्ने अवस्था बन्यो।' प्रचण्डको भनाइ उद्धृत गर्दै सांसद राजन दाहालले भने।

ओली-नेपाल टेलिफोन वार्ता

एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच टेलिफोन वार्ता भएको छ। शुक्रबार अबेर ओली र नेपालबीच टेलिफोन वार्ता भएको हो।

ओलीले नेपाललाई टेलिफोन गरेर अविश्वास मेटाएर अगाडि बढ्न आग्रह गरेका छन्। 'तपाईं र मेरोबीचको अविश्वास मेटाउनुपर्‍यो। अविश्वास लामो समयदेखि कायम भएको छ। त्यसलाई विश्वासमा परिणत गर्नुपर्छ।' ओलीको प्रस्तावमा नेपाल सकारात्मक भएका छन्। नेपालले विश्वासको वातावरण काम र व्यवहारमा चाहेको बताए। 'विश्वास नै सम्बन्धको आधार हो। विश्वास रहेन भने सम्बन्ध रहँदैन। त्यसकारण, विश्वास काम र व्यवहारबाट हुन्छ। विश्वास कुराबाट हुँदैन।' शनिबार आयोजित एक कार्यक्रममा नेपालले भने।

राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र कोही पनि नहुने पनि उनले स्मरण गरे। उनले भने, 'हामी कसैप्रति आग्रही छैनौँ। आग्रह पार्नुपर्ने छैन। राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र कोही पनि हुँदैन भनिन्छ।' उनले भने।

राष्ट्रिय सभा...

पृष्ठ १ बाट क्रमशः

'परिवर्तित परिस्थितिमा कांग्रेस प्रमुख प्रतिपक्षी दलको हैसियत छ। प्रतिपक्षमा रहेका दलहरूबीचको एलायन्समा छलफल गरेर मात्रै उम्मेदवार तय गरेर जाने विषयमा छलफल भयो,' केसीले नयाँ पत्रिकासँग भने, 'अब हामीनिकट दलहरूसँग छलफल गरेर मात्रै कसलाई उम्मेदवारका रूपमा अघि सार्ने भन्ने निर्णयमा पुग्नेछौँ।'

एमाले-माओवादी गठबन्धन बनेपछि सत्ताबाट प्रतिपक्षमा पुगेको कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत पाउनबाट रोक्न सरकारबाहिर रहेका दलहरूसँग छलफल गरिरहेको छ। लोसपा नेता डा. सुरेन्द्र यादव राष्ट्रिय सभा अध्यक्ष निर्वाचनमा पनि लोकतान्त्रिक दलहरूलाई समेटेर जाने विषयमा छलफल भइरहेको बताए। 'हामी निर्वाचनमा सँगै थियौँ। अप्रत्याशित रूपमा गठबन्धन तोडिएपछि पनि एकै ठाउँमा रहेर जाने विषयमा सबै विषयमा छलफल गरिरहेका छौँ,' उनले भने।

राष्ट्रिय सभा अध्यक्ष र उपाध्यक्षमा परिणाम आफ्नो पक्षमा नआउने अवस्था रहे पनि कांग्रेसले अन्य दलको समेत समर्थन जुटाएर उम्मेदवारी दिन चाहेको छ। हाल राष्ट्रिय सभा अध्यक्ष मात्र रिक्त छ। तर, एमालेसँगको सहमतिमा अध्यक्ष माओवादी र उपाध्यक्ष एमालेले पाउने सहमति भएकाले हाल राष्ट्रिय सभा उपाध्यक्ष रहेकी उर्मिला अर्यालको राजीनामा आउनेछ।

१० माघमा कांग्रेस-माओवादी गठबन्धन गरेर निर्वाचनमा गएको थियो। यससँगै राष्ट्रिय सभामा शक्ति सन्तुलनमा फेरबदल आएको थियो। राष्ट्रपतिबाट एक सिट मनोनीत हुन बाँकी छ। तत्कालीन समयमा गठबन्धनबीच सो सिट जनमोर्चालाई दिने सहमति बनेको थियो। साथै, राष्ट्रिय सभा अध्यक्षमा कांग्रेस नेता कृष्ण सिटौलालाई अगाडि सार्ने सहमति बनेको थियो। तर, राष्ट्रिय सभामा कोशी प्रदेशमा गठबन्धनबाट उम्मेदवार भएका कृष्णप्रसाद सिटौला निर्वाचित हुँदा महिलातर्फ माओवादीकी चम्पादेवी कार्की पराजित भइन्।

माओवादी उम्मेदवार पराजित भएर एमाले उम्मेदवार निर्वाचित भएपछि माओवादीले कांग्रेसबाट धोका भएको भन्दै सिटौलालाई अध्यक्षमा अगाडि सार्ने सहमतिअनुसार अगाडि बढ्न नसक्ने बताउँदै आएको थियो। मुख्यमन्त्री चयन प्रक्रियामा धोका पाएको माओवादीले राष्ट्रिय सभा निर्वाचनमा दोस्रो धोका थियो। यसबाट शंकाको दायरा बढेको नेताहरू बताउँछन्। अन्ततः राष्ट्रिय सभा निर्वाचनमा आइपुग्दा गठबन्धन टुट्नुको सूत्रपात बन्न पुग्यो। गठबन्धन टुट्नुको प्रमुख कारणको रूपमा माओवादीले कोशी प्रकरणलाई उल्लेख गरेको छ।

वामपन्थी शक्तिहरू एकीकृत भएपछि लगत्तै लोकतान्त्रिक शक्तिलाई एकीकृत गरेर सरकारलाई विश्वासको मतका आधारमा संकटमा पार्ने रणनीतिअनुसार वैकल्पिक गठबन्धनको कसरत थालेको थियो। सभापति देउवाले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई भेटेर तत्काल सरकारमा जान हतार नगर्न आग्रह गरेका थिए। साथै, प्रधानमन्त्री प्रचण्डले धोका दिएको निष्कर्षसहित पूर्वगठबन्धनका बाँकी घटकलाई जुटाउने प्रयास गरिरहेको छ। कांग्रेसले लोसपा, जनमत पार्टी र नागरिक उन्मुक्तिसँग समेत छलफल गरिरहेको छ।

नागरिक उन्मुक्तिबाट...

पृष्ठ १ बाट क्रमशः

दिएकी छिन्। रेशमले भने, थपिएका मन्त्रीहरूलाई शनिबारै बर्दिया बोलाएर 'राम्रोसँग काम गर्नू' भनेका छन्। शनिबार नै बुटवल पुगेका रेशमले पत्रकार सम्मेलन गर्दै 'सुदूरपश्चिम सरकारबाट नाउपाका मन्त्री फिर्ता नहुने' प्रतिक्रिया दिए।

रञ्जिता र रेशमका मतभेदका कारण नागरिक उन्मुक्ति सुदूरपश्चिम संसदीय दल पनि अनिर्णीत छ। शनिबार रातिसम्म सरकारबाट फिर्ता हुनेबारे कुनै निर्णय गरेको छैन। दलका नेता चौधरीले पार्टी अध्यक्षले निर्देशन दिए पनि समर्थन कायम राखेर जानुपर्छ भन्ने पक्षमा आफूहरू रहेको बताए। अध्यक्षको निर्देशनबारे संसदीय दलको बैठकमा छलफल गरिने उनले बताए। 'अध्यक्षबाट मन्त्री फिर्ता बोलाउन र समर्थन फिर्ता लिन निर्देशन आएको छ, यसबारे के गर्ने, कसरी अगाडि बढ्ने भन्नेबारे दलको बैठक राखेर साथीहरूको राय लिन्छु,' चौधरीले भने, 'अहिलेसम्म सरकारलाई दिएको समर्थन कायमै राखेर जाने भन्ने कुरा छ।'

बिहीबार बेलुकी धनगढी पुगेका रेशमले सरकारमा सहभागिताबारे मुख्यमन्त्रीसँग छलफल गरेका थिए। रेशमसँगको सहमतिपछि मुख्यमन्त्रीले नागरिक उन्मुक्तिको दलका नेता चौधरीलाई आर्थिक मामिलामन्त्री, खुसीराम डगौराथारूलाई विनाविभागी र इन्दिरा गिरीलाई भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री नियुक्त गरेका थिए। उनीहरूले शुक्रबार राति नै शपथ लिएका छन्।

सरकारमा यसअघि नै नागरिक उन्मुक्तिबाट रामेश्वर चौधरी भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री छन्। सोही मन्त्रालयको राज्यमन्त्री रहेका कैलाश चौधरी फिर्ता बोलाएर उनको ठाउँमा गिरीलाई पठाइएको छ। नागरिक उन्मुक्तिबाट मन्त्री थप गरिए पनि राप्रपा र स्वतन्त्र सांसदले सरकारमा सहभागिताको प्रस्ताव स्वीकार नगरेकाले सरकारको पक्षमा बहुमत जुट्ने अवस्था बनिसकेको छैन।

महाधिवेशनमै चर्किएको थियो विवाद

रञ्जिता र रेशमबीचको विवाद गत पुस २६-२८ मा टीकापुरमा भएको पार्टीको महाधिवेशनमै देखिएको थियो। रेशमले आफू अध्यक्ष बन्ने तयारी गरेपछि रञ्जिता महाधिवेशनस्थल छोडेर काठमाडौं गएकी थिइन्। पछि रेशमले उनलाई सहअध्यक्ष नियुक्त गरेका थिए। 'पहिलेदेखि विवाद रहे पनि विवादले अहिले उत्कर्ष रूप लिएको हो,' नागरिक उन्मुक्तिका एक नेताले भने, 'रेशम पार्टीमा हाबी हुन थालेपछि रञ्जिता असन्तुष्ट थिइन्।' उनका अनुसार महाधिवेशनमा रञ्जिताले अध्यक्ष हुन चाहेकी थिइन्।

मुख्यमन्त्री कमलबहादुर शाह गत साउनमा एक मन्त्री र एक राज्यमन्त्रीलाई शपथ गराएर नागरिक उन्मुक्तिलाई सरकारमा सहभागी गराउने तयारीमा थिए। तर, रञ्जिताले पत्र पठाएपछि शपथ रोकिएको थियो। त्यसको केही दिनपछि मात्र नागरिक उन्मुक्ति सरकारमा सहभागी बनेको थियो। त्यतिवेला पनि आन्तरिक विवादकै कारण रञ्जिताले पत्र पठाएको बताइन्छ।

यसैबीच, निर्वाचन आयोगले रेशमलाई अध्यक्षको मान्यता दिन अस्वीकार गरेपछि २८ फागुनमा संस्थापक केन्द्रीय समितिको बैठक आह्वान गरिएको छ। बैठकमा गठबन्धनमा सहभागिताको विषय छलफल हुने बताइएको छ। नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री शाहले थप मन्त्री दिएर नागरिक उन्मुक्तिको समर्थन कायम राख्दै बहुमत जुटाउने प्रयास गरिरहेका छन्।

तर, सरकारको पक्षमा बहुमत जुट्ने अवस्था अहिलेसम्म देखिएको छैन।

मुख्यमन्त्रीले एक सांसद रहेको राप्रपा र स्वतन्त्र सांसदलाई मन्त्रीको प्रस्ताव गरेका छन्। राप्रपा र स्वतन्त्र सांसदले उनको प्रस्ताव स्वीकार गरेका छैनन्। ५३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि २७ सिट आवश्यक पर्छ। सत्तापक्षमा अहिले कांग्रेसका १८ र नागरिक उन्मुक्तिका सात गरी २५ सदस्यको समर्थन छ।

सात सदस्यीय मन्त्रीमण्डलमा ६ मन्त्री कैलालीका

नौ जिल्ला रहेको सुदूरपश्चिममा प्रदेश सरकारमा मुख्यमन्त्रीसहित हाल सात सदस्य रहेकामा कैलालीबाट मात्रै ६ मन्त्री बनेका छन्। कांग्रेसबाट मुख्मन्त्रीसहित एक मन्त्री तथा नागरिक उन्मुक्तिबाट तीन मन्त्री र एक राज्यमन्त्री कैलालीबाट निर्वाचित सांसद हुन्। सरकार समावेशी नभएको र भौगोलिक सन्तुलन नमिलाइएको भन्दै मुख्यमन्त्रीको आलोचना भएको छ।

कैलालीमा प्रतिनिधिसभा क्षेत्र नम्बर २ र ३ अन्तर्गत प्रदेश सभाका चारवटै क्षेत्रबाट निर्वाचित चारैजना प्रदेश सांसद मन्त्री बनेका छन्। क्षेत्र नम्बर २ को प्रदेश सभा १ बाट निर्वाचित शाह मुख्यमन्त्री र २ बाट निर्वाचित रामेश्वर चौधरी भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री छन्।

त्यस्तै, क्षेत्र नम्बर ३ को प्रदेश सभा १ बाट निर्वाचित घनश्याम चौधरी आर्थिक मामिलामन्त्री र २ बाट निर्वाचित खुसीराम डगौराथारू विनाविभागीय मन्त्री बनेका छन्। कैलालीबाटै निर्वाचित कांग्रेसका प्रकाशबहादुर देउवा भौतिक पूर्वाधार विकासमन्त्री र नागरिक उन्मुक्तिकी समानुपातिक सांसद इन्दिरा गिरी भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री छन्। कांग्रेसबाट आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज भट्ट मात्र बैतडीबाट निर्वाचित हुन्।

मापदण्डविपरीत...

पृष्ठ १ बाट क्रमशः

पुनः खटाउन थालिएको थियो।

गृह मन्त्रालयले नै सुरक्षाकर्मी दुरुपयोग गर्दै आएको छ। मन्त्रालयका कतिपय कर्मचारीका चालक सुरक्षाकर्मी छन्। सहसचिवसम्मका कर्मचारीले मात्र गाडीको सुविधा पाउने भएकाले त्यहीअनुसार मन्त्रालयमा चालकको दरबन्दी छ। तर, गृहमा उपसचिवले पनि गाडी प्रयोग गर्छन्। उनीहरूले प्रहरीका चालक राख्दै आएको स्रोत बताउँछ।

निजामतीतर्फका चालकभन्दा प्रहरीका बढी अनुशासित हुने भएकाले केहीले प्रहरीलाई नै रोज्ने गरेका छन्। गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराई गृहमा प्रहरीका केही चालक हुन सक्ने बताउँछन्। तर, ठ्याक्कै संख्या आफूलाई जानकारी नभएको उनको भनाइ छ।

प्रहरी प्रवक्ता डिआइजी भीमप्रसाद ढकालले सुरक्षा थ्रेटको मूल्यांकन गरेर मात्र सुरक्षाकर्मी पिएसओका रूपमा परिचालन हुने गरेको दाबी गरे। 'मापदण्डविपरीत हामीले कसैलाई खटाएका छैनौँ,' उनको दाबी छ। तर, उच्च प्रहरी स्रोतअनुसार दुई सयभन्दा धेरै सुरक्षाकर्मी 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' विपरीत खटिएका छन्।

बहालवाला उच्च प्रहरी अधिकारीले कार्यालयमै खटिएको देखाएरसमेत केही कर्मचारीलाई आफ्नो घरमा राख्दै आएका छन्। केही अवकाशप्राप्त उच्च प्रहरी अधिकारीको घरमा पनि मापदण्डविपरीत प्रहरी खटिएको प्रहरी प्रधान कार्यालय स्रोत बताउँछ। कतिपयले नेताहरूको चाकडी गर्नसमेत सुरक्षा थ्रेट नहुँदा पनि पिएसओ खटाउने प्रवृत्ति छ। केही नेताहरूले सुरक्षाका दृष्टिकोणले भन्दा पनि सान र सहयोगीका रूपमा पिएसओ राख्ने गरेका छन्।

विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' ले क-कसलाई व्यक्तिगत सुरक्षा अधिकारी (पिएसओ) दिने भन्ने प्रस्ट उल्लेख छ। तर, पहुँचवाला व्यक्तिहरूले गृह मन्त्रालय तथा प्रहरी नेतृत्व दबाब दिएरै सुरक्षाकर्मी लिने गरेका छन्।

भाग्यले...

पृष्ठ १ बाट क्रमशः

छन्। हुथी समूहले व्यापारिक जहाजमा आक्रमण गरेको थियो। आक्रमणपछि जहाजमा आगो लागेको थियो।

नेपाली राजदूतावास इजिप्टका द्वितीय सचिव दीपक घिमिरेले शनिबार बिहान राउतसँग कुराकानी गरेका थिए। राउतले घिमिरेलाई नेपाल फर्किने उडान टिकटको व्यवस्थाको पर्खाइमा रहेको जानकारी दिएका थिए। उनलाई आवश्यक परेमा सहयोगका लागि राजदूतावास सम्पर्कमा रहेको राजदूत लम्सालले जानकारी दिएका छन्।

ध्रुव राउतले टेलिफोनमा भने- आक्रमणबाट बचेर फर्किंदै छु

हुथी समूहले त्यहाँ मिसाइल हानिरहेको छ। गल्फ अफ अडेनमा आक्रमणको सिलसिला चलिरहेको छ। म कार्यरत कार्गो पानीजहाजमा पनि मिसाइल हमला भयो। म सुरक्षा गार्डका रूपमा थिएँ। मिसाइल चालकदल (क्रु मेम्बर)हरूलाई लक्षित गरेर हानेको रहेछ। दुई फिलिपिनो र एक भियतनामी नागरिकको मृत्यु भयो।

त्यो क्षेत्रमा मैले मबाहेक अरू नेपालीलाई देखिनँ। आक्रमणबाट ज्यान बच्न सफल भएपछि कम्पनीसँग कुरा भयो। कम्पनीले नै मलाई स्वदेश जानका लागि आवश्यक सबै व्यवस्था (टिकटलगायत) गरिदियो। दुई महिनाअघि मात्रै गएको थिएँ, फर्केर आउँदै छु। घरमा गएर सरसल्लाह गरेपछि मात्रै फेरि त्यहाँ जागिर गर्न जाने कि नजाने सल्लाह गर्छु। म सुरक्षित रूपमा बसेको छु। सुरक्षित फर्किंदै छु।

बैंकमा धितो राख्ने भन्दै झुक्याएर ६२ जनाको घरजग्गा ठगी, पीडितको उठीवास

सिराहाको धनगढीमाई नगरपालिकाका रामएकवाल महतो, बेचन सिंहलगायतको समूहले झुक्याएर जग्गा हत्याएर उठीवास गराएको भन्दै ६२ जनाले नगरपालिकामा उजुरी दिएका छन्

लहानमा **मणिलाल विश्वकर्मा**

फर्जी कम्पनीलाई बैंक भन्दै झुक्याएर धनगढीमाई नगरक्षेत्रमा विभिन्न व्यक्तिको घरजग्गा ठगी गरेको पाइएको छ। धनगढीमाई नगरपालिका- ५ का ४२ वर्षीय रामएकवाल महतो, ५१ वर्षीय बेचन सिंह, धनुषा देवपुरा रुपैठाका सत्यनारायण साहसहित चारजनाको समूहले आफूहरूले सञ्चालन गर्न लागेको राजमनी इन्भेस्टमेन्ट



रामएकवाल महतो

कम्पनी बैंक दर्ता प्रक्रियामा रहेको भन्दै ६२ जनाको घरजग्गा ठगी गरेको उजुरी नगरपालिकामा परेको छ। आफूले पास गरेर दिएको जग्गा तेस्रो व्यक्तिको हातसम्म पुगेपछि पीडितहरूको उठीवास भएको छ।

धनगढीमाई नगरपालिका- १३ ढुंगाना टोलका श्यामु साह र उनकी श्रीमती ३९ वर्षीया सञ्जितादेवीको उजुरीका आधारमा प्रहरीले रामएकवाल महतोलाई पक्राउ गरेको छ। प्रहरीमा उजुरी परेको सात वर्षपछि १७ फागुनमा महतो अनुचित लेनदेन ठगी कसुरमा पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार महतोविरुद्ध सिराहा जिल्ला अदालतबाट अनुसन्धानका लागि सात दिनको म्याद लिइएको छ।

पीडितमध्येका श्यामु साह र उनकी श्रीमती सञ्जितादेवीले घरायसी कामका लागि जग्गा बैंकमा धितो राखेर ऋण निकाल्न खोजिरहेको थाहा पाएका महतोले उनका दाजु पर्ने ५१ वर्षीय बेचन सिंहलाई समेत परिचालन गरी साहको जग्गा झुक्याएर

■ **श्यामु साह**, पीडित




कैयौंपटक त किनेको जग्गा कसरी फर्ता हुन्छ भन्दै धम्क्याए। प्रहरीबाट पनि पटक-पटक छलफलका लागि पत्राचार गर्दा अनुपस्थित रहेपछि ठगीको जाहेरी दिएँ।

आफ्नी आमाको नाममा ल्याएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार महतो र सिंहले 'बैंकबाट कर्जा लिँदा झन्झट व्यहोर्नुपर्छ, जिरोमाइलमा आफूहरूको राजमनी इन्भेस्टमेन्ट प्रालि नामक बैंक रहेको, तर दर्ता प्रक्रियामा रहेकाले जग्गा प्रालिको नाममा राख्न मिल्दैन भन्दै आमा सरस्वतीदेवी कोइरीको नाममा २५ जेठ ०७४ मा लहान मालपोतबाट राजीनामा पास गराएका थिए।

'बैंक दर्ता भएपछि जग्गा फिर्ता गरिदिन्छु, कर्जाको मासिक किस्ता बुझाउँदै जानू' भन्दै महतोले ११ कट्ठा दुई धुर जग्गा आफ्नी आमाको नाममा पास गराएको पीडित साहदम्पतीले गुनासो गरे। जग्गा पास भएपछि सञ्जितादेवीको नाममा एक लाख र श्यामुको नाममा महतो र सिंहले तीन लाख गरी चार लाख रुपैयाँ ऋण दिएका थिए। साहदम्पतीले आठपटकमा चार लाख रुपैयाँ साँवा र त्यसको ब्याज चुक्ता गरेपछि आफ्नो जग्गा फिर्ता गर्न आग्रह गर्दा महतो र सिंहले आलटाल गर्दै आएका थिए। 'कैयौंपटक त किनेको जग्गा कसरी फर्ता हुन्छ भन्दै धम्क्याए,' श्यामु साहले भने।

त्यसपछि धनगढीमाई नगरपालिकाको न्यायिक समितिमा उजुरी गरेका साहदम्पतीले पटक-पटक छलफलका लागि बोलाउँदासमेत अनुपस्थित भएपछि जिल्ला प्रहरी कार्यालय सिराहाको अनुचित लेनदेन अनुसन्धान शाखामा अर्को उजुरी गरेका थिए। 'प्रहरीबाट पनि पटक-पटक छलफलका लागि पत्राचार गर्दा अनुपस्थित भएपछि ठगीको जाहेरी दिएँ,' उनले भने। प्रहरीले त्यही जाहेरीका आधारमा जिरोमाइलमा कपडा पसल चलाउँदै आएका महतोलाई पक्राउ गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको जनाएको छ।

■ ऋण नै नलिई ६० लाखको कपाली



बेचन सिंह नाम गरेका भूमाफियाले झुक्याएर बनाएको कपाली तमसुक देखाउँदै जगदम्बादेवी चौधरी

सप्तरीको सुरुंगा नगरपालिका- १ हनुमाननगरकी ५२ वर्षीया जगदम्बादेवी चौधरी ट्र्याक्टर दुर्घटनामा परिन्। दुर्घटनामा दाहिने खुट्टा तीन ठाउँमा भाँचिएपछि उपचारका लागि पिप्रा पश्चिम ५ कि.नं. ३५८ को दुई कट्ठा जग्गा रामएकवालका दाजु बेचन सिंह, उनकी आमा सरस्वतीदेवीको नाममा कि.नं. ४३४ को ११ धुर, ४४० को एक कट्ठा दुई धुर जग्गा दिएर ०७१ र ०७३ सालमा गरी आठ लाख रुपैयाँ ऋण लिएको चौधरीले बताइन्। 'त्यसको साँवा-ब्याज चुक्ता गरेपछि जग्गा फिर्ता गर्नु भनेको थियो,' उनले भनिन्, '६ लाख रुपैयाँ बुझाएँ पनि, जग्गा फिर्ता गरिदेऊ त्यही बेचेर तिर्छु भन्दा मैले किनेको भन्न थाल्यो।'

आफ्नो उपचारमा १८ लाख रुपैयाँभन्दा बढी रकम खर्च भएपछि १८ लाख रुपैयाँ ऋण बैंकबाट निकाल्ने योजना बनाइरहेकै वेला सिंहले आफूहरूले चलाएको बैंकले त्यति ऋण दिने, तर कपाली तमसुक बनाएर बुझाउन पर्छ भन्दै ११ वैशाख ०७४ मा ६० लाख रुपैयाँको कपाली बनाएको ६ महिनापछि मात्र थाहा पाएको उनको भनाइ छ। 'कपाली तमसुकमा लेखिएको ६० लाख रुपैयाँमा ६० रुपैयाँ पनि लिएको छैन,' उनले भनिन्, 'किन त्यसरी झुक्याएर कपाली तमसुक बनाएको भनेर सोध्दा उल्टै अदालतमा मुद्दा हालिदिन्छु भन्दै धम्क्यायो।'

धनगढीमाई- १० जिरोमाइलमा फर्जी राजमनी इन्भेस्टमेन्टको सेयर सदस्य बन्न जग्गा मालपोतमा रोक्का गरेको भन्दै झुक्याएर ६२ जनाको जग्गा बिक्री गरी उठीवास गराएको भन्दै निवेदन परेको धनगढीमाई नगरपालिकाको न्यायिक समितिले जनाएको छ। न्यायिक समितिका कर्मचारी सञ्जय चौधरीका अनुसार धनगढीमाई- ५ का महतो दाजुभाइसहित चारजनाले फर्जी इन्भेस्टमेन्ट खडा गरी ६२ जनाको जग्गा बिक्री गरेको भन्दै जग्गा फिर्ताको मागसहित पीडितहरूले निवेदन दिएका छन्।

संक्षेप

धारिलो हतियार प्रयोग गरी महिलाको हत्या

लहान/ सिराहाको गोलबजार नगरपालिका- ६ मा सञ्चालनमा रहेको एक होटेलको कोठामा बीभत्स ढंगले हत्या गरिएको अवस्थामा महिलाको शव भेटिएको छ। गोलबजार- ६ का महेन्द्रकुमार साहकी श्रीमती करिब ३५ वर्षीया अनिताकुमारी साहको शनिबार बिहान करिब दुई बजेतिर धारिलो हतियार प्रयोग गरी हत्या गरिएको अवस्थामा शव फेला परेको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ। गोलबजार प्रहरी प्रमुख प्रहरी निरीक्षक सुनिल कार्कीका अनुसार स्थानीय सिकिन्द्र साहको घर भाडामा लिएर चलाइएको होटेलको कोठामा धारिलो हतियारले गर्धन काटिएको र टाउकोमाथि सिलौटो प्रहार गरी हत्या गरिएको शव सुत्ने खाटनजिकै फेला परेको हो।

शुक्रबार राति साहदम्पतीका सात वर्षीया छोरी, पाँच र तीन वर्षका छोरा अर्को कोठामा सुतेका थिए। स्थानीयका अनुसार राति अबेर अनिताकी श्रीमान् अत्तालिँदै बाहिर आएर होहल्ला गरेपछि छिमेकीले घटनाबारे थाहा पाएका थिए। 'घरभित्र के भएको छ भन्नेसमेत नसुनाई आफूलाई उपचारका लागि अस्पताल पुऱ्याउन भने,' एक स्थानीयले भने, 'छिमेकीले उनलाई गोलबजारस्थित लडलाइफ अस्पताल पुऱ्याएर फर्किएपछि मात्र कोठाभित्र उनकै श्रीमतीको हत्या भएको शव देखेपछि तत्काल प्रहीलाई खबर गर्‍यौं।' प्रहरीले होटेलको पछाडि सिमेन्टको टायल भिजाउने पोखरीजस्तो ठाउँमा हत्यामा प्रयोग गरिएको खुकुरी बरामद भएको जनाएको छ। पछिल्लो एक वर्षदेखि साहदम्पतीले गोलबजारमै दुई अलग-अलग ठाउँमा सामान्य होटेल चलाउँदै आएका थिए। घटनाको सूक्ष्म ढंगले अनुसन्धान थालिसकेको जानकारी दिँदै प्रहरीले मृतकका श्रीमान्सहित अर्का एक पुरुष, दुई महिला गरी चारजनालाई नियन्त्रणमा लिइएको जनाएको छ। अनिताका श्रीमान् महेन्द्र यसअघि पनि शरीर बन्धक र बलात्कार मुद्दामा तीन वर्ष जेल सजाय भुक्तान गरिसकेको व्यक्ति भएकाले हत्यामा उनकै संलग्नता रहेको आशंका गरिएको छ।

श्वासप्रश्वासका बिरामीलाई रेसुंगा नगरपालिकाको साथ

गुल्मी/ रेसुंगा नगरपालिकाले अक्सिजन कन्सन्टेटर वितरण गरेपछि श्वासप्रश्वासका दीर्घरोगीहरू खुसी भएका छन्। लामो समयदेखि दम र निमोनियाबाट पीडित भएकाहरूको समस्यालाई मध्यनजर गरेर रेसुंगा नगरपालिकाभित्र ३२ थान विद्युतीय अक्सिजन कन्सन्टेटर वितरण गरिएको थियो। अहिले आवश्यकताका आधारमा नगरभित्रका २३ बिरामीले अक्सिजन कन्सन्टेटरको उपयोग गरिरहेको रेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले जानकारी दिए। रेसुंगा नगरपालिका-८, खानीगाउँकी ८४ वर्षीया सावित्रा बुढाथोकीको स्वास्थ्य अवस्था बुझ्न घरमै पुगेका नगरप्रमुख पन्थीले नगरको सहयोगले बिरामीमा प्राप्त खुसी देख्दा ठूलो सन्तुष्टि प्राप्त भएको बताए। आफूहरूको सहयोग मात्र नभएर बिरामीलाई परिवारबाट गरिएको स्याहारसुसार र सरसफाइ देखेर निकै प्रभावित बनेको पन्थीले बताए। वितरण गरिएका मेसिन बिरामी निको वा मृत्यु भएपछि फिर्ता गर्नुपर्छ। तर, आवश्यकता पर्ने वेलासम्म सुविधा उपयोग गर्न सकिन्छ। मेसिन वितरणले श्वासप्रश्वासको समस्याले पीडित बिरामी भएका विपन्न परिवारलाई ठूलो राहत हुने रेसुंगा नगरपालिका-८ का रुद्रबहादुर बुढाथोकीले बताए। उनले आर्थिक अवस्था हेरेर वितरण गरेमा सहयोग अझ प्रभावकारी हुने बताए। 'मेसिन मभन्दा विपन्न परिवारलाई धेरै लाभदायक हो। छोराले लिएपछि फिर्ता गर्ने कुरा भएन,' उनले भने, 'नगरसँग सल्लाह गरेर आवश्यक ठाउँमा प्रयोग गर्नुपर्छ।'

रेसुंगा नगरपालिका- ३ का ६० वर्षीय मेघनाथ आचार्यले गत कात्तिकदेखि नगरले दिएको विद्युतीय अक्सिजन कन्सन्टेटरको उपयोग गरिरहेका छन्। गत वर्षदेखि दमको समस्याले पीडित आचार्यले अस्पतालमा आएर अक्सिजन लिने गरिरहेका थिए। नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा रचनात्मक काम गरिरहेको छ। नगरपालिकाकै पहलमा गुल्मी अस्पतालले दुई महिनाअघिदेखि मिर्गौलाको डाइलाइसिस सेवा सञ्चालन भएको छ। नगरले डाक्टरहरूलाई प्रोत्साहन रकम र उपकरण उपलब्ध गराएर गुल्मी अस्पताल तम्घासमै हाडजोर्नी सेवा सञ्चालन गरिरहेको छ।

हीरक महोत्सवको तयारीमा शान्ति मावि



काठमाडौं/ बुद्धजयन्तीको अवसरमा अर्घाखाँचीको मालारानी गाँउपालिका- ५ मा रहेको शान्ति माविले हीरक महोत्सव मनाउन तयारी थालेको छ। यसका तयारीका सिलसिलामा शनिबार काठमाडौंको महेन्द्ररत्न क्याम्पस, ताहाचलमा सरोकारवालाबीच अन्तर्क्रिया कार्यक्रम भएको छ। कार्यक्रममा सहभागी सबैले विश्वशान्तिका अग्रदूत गौतम बुद्धको जयन्तीको अवसरमा हुन लागेको हीरक महोत्सवलाई ऐतिहासिक र भव्य बनाउनुपर्नेमा जोड दिए। प्रअ मानबहादुर पाण्डेका अनुसार महोत्सवका लागि करिब ४० लाख खर्च हुने अनुमान छ।

अन्तर्क्रिया कार्यक्रममा माओवादी सचिव एवं पूर्वसांसद डिलाराम आचार्य, निवर्तमान राज्यमन्त्री सुशिला सिर्पाली ठकुरी, संघीय सांसद बिजुला रायमाझी र शिक्षाप्रेमी नरेन्द्रकुमार क्षेत्रीलगायतको मन्तव्य राखेका थिए। हीरक महोत्सव भव्य रूपमा सम्पन्न गर्न सबै आ-आफ्नो ठाउँबाट सहयोग गर्ने वक्ता र सहभागीको प्रतिबद्धता थियो।

कार्यक्रममा पूर्वविद्यार्थीलगायत शिक्षासँग सरोकार राख्ने विभिन्न पेसा-व्यवसाय गर्ने व्यक्तिहरू सहभागी थिए। शान्ति मावि बुद्धजयन्ती अर्थात् ३ वैशाख ०१९ मा स्थापना भएको थियो। सुरुमा प्राबि तह रहेको यस माविमा हाल उच्च माध्यमिक तहसम्मको पठनपाठन हुन्छ। यसबाहेक ०७६ देखि कम्प्युटर इन्जिनियरिङ कोर्स पनि सञ्चालनमा छ।

■ लुम्बिनीमा एकै दिन १२ सय ५० जना बने अल्पकालीन भिक्षु



अखिल नेपाल भिक्षु महासंघ र थाई भिक्षु महासंघको आयोजना, लुम्बिनी विकास कोषसहितका विभिन्न संस्थाको सहआयोजनामा शनिबार मायादेवी मन्दिर प्रांगणमा १२ सय ५० जनालाई कुलपुत्र प्रबज्या (अल्पकालीन भिक्षु) गराइँदै। बौद्धमार्गमा हिँड्ने पहिलो खुट्किलोका रूपमा हेरिने श्रामणेर (अल्पकालीन) भिक्षुका लागि लुम्बिनीमा प्रबज्या कार्यक्रम आयोजना गरिएको थियो। **तस्बिर : दिपेश पछाई/नयाँ पत्रिका**

काठमाडौं महानगरले पुनः सुरु गऱ्यो स्रोतमै फोहोर वर्गीकरण

काठमाडौं/ काठमाडौं महानगरपालिकाले स्रोतमा नै फोहोर वर्गीकरण अभियान पुनः सुरु गरेको छ। कामपा-१० मा बिहीबारदेखि वडामा उत्पादन हुने सबै किसिमका फोहोर स्रोतमा नै वर्गीकरणको अभ्यास थालनी गरेको हो। करिब दुई वर्षअघि कामपाले ३२ वटै वडाबाट स्रोतमा फोहोर वर्गीकरण गरेर मात्रै अन्तिम व्यवस्थापन स्थल बन्चरेडाँडामा लाने भन्दै अभियान चलाएको थियो। तर, उक्त अभियान प्रभावकारी नभएपछि स्थगित भएको थियो।

लामो समयदेखि कामपा-१० को फोहोर संकलन गरिरहेको निजी संस्था एक्सन वेस्ट र मेट्रो सिटी वेस्ट म्यानेजमेन्टलाई परिचालन गरेर अभ्यास थालिएको कामपा वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले जानकारी दिए। उनका अनुसार स्रोतमा वर्गीकरण गरिएका फोहोर संकलन गर्ने सवारीसाधनमा कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्न कोठा बनाइएका छन्। 'स्रोतमा फोहोर छुट्याएर कुहिने फोहोरलाई घरमै मल बनाउन प्रोत्साहन गरेका छौं,' प्रमुख श्रेष्ठले जानकारी दिए। कामपाले यस वडामा मात्रै नभई ३२ वटै वडामा क्रमिक रूपमा स्रोतमा नै फोहोरको वर्गीकरण र व्यवस्थापनको तयारी गरेको छ।

जुम्लामा १० हजार स्याउका बिरुवा रोप्दै विप्लव नेतृत्वको नेकपा

जुम्लामा **मानदत्त रावल**

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी कृषि क्षेत्रतर्फ आकर्षित भएको छ। नेकपाले तराईमा धान, तोरी, तरकारीदेखि हिमालमा स्याउखेती गर्न थालेको छ। उर्वर बाँझो जग्गालाई उपभोग गरी स्याउका बिरुवा रोपी उत्पादन बढाउन १० हजार बिरुवा रोप्ने लक्ष्य बोकेर विप्लव बिहीबार जुम्ला पुगेका छन्। कृषि उत्पादनलाई प्राथमिकता दिने पार्टीको नीतिअनुसार जुम्लाको हिमा गाउँपालिका- ७ हडुल्यामा रहेको बाँझो जग्गामा बृहत् स्याउखेती गर्न लागिएको हो। स्याउ बर्गैंचा बनाउन शुक्रबार र शनिबार स्थानीय जातको स्याउका विरुवा रोपिएको विप्लवले बताए। 'कृषि उत्पादनले देश उँभो लाग्ने भएकाले किसानलाई उत्पादनमा प्रेरित गर्ने र आयात घटाई आत्मनिर्भर हुने उद्देश्यसहित हिमाली जिल्ला जुम्लामा हावापानी सुहाउँदो स्याउखेतीको सुरुवात गरिएको हो,' उनले भने।

विप्लवको नेतृत्वमा जुम्ला पुगेको टोलीले हडुल्याको २२ हजार वर्गमिटर क्षेत्रफल जमिनमा १० हजार स्याउका बिरुवा रोप्ने अभियान सुरु गरेको छ। पहिलो चरणमा दुई हजार स्याउका बिरुवा रोपिनेछ। स्याउका बिरुवा रोप्न विप्लवको नेतृत्वमा उत्तर कर्णाली ब्युरो हुम्ला मुगु, जुम्ला, अछाम, कालीकोट बाजुरासहितका नेकपा नेता कार्यकर्ताको टोली जुम्ला पुगेको छ।

'यस्ता किसिमका उत्पादनशील क्षेत्रमा काम गर्न



हामीले राज्यसँग हात फैलाएका हौं। सहयोग मागेका हौं। तर, राज्यले सहयोग गर्न चाहेन। कृषिमन्त्री तहसम्मै कुरा भएको हो। अहिले चार हजार स्याउका बिरुवा लगाउन २० लाख लगानी आवश्यक पर्छ। पार्टीसँग यस्तो ठूलो लगानी पनि छैन। हामीले चन्दा माग्न पनि चाहेनौं। हामीलाई यहाँका दाजुभाइले बिरुवा सहयोग गर्नुभयो। राज्यले भाग लिन नचाहे पनि हाम्रो काम रोकिएन,' विप्लवले भने।

बजेट अभावले अनाथ बालबालिकाको बिचल्ली

कालिकोटमा **रमेश सुनार**

खाँडाचक्र नगरपालिका मान्ममा रहेको न्यानो काख सेवा समाजमा आश्रित १२ अनाथ बालबालिकाको बिचल्ली भएको छ। आमा बुवा गुमाएका अनाथ तथा साहाराबिहीन बालबालिकाको बजेट अभावमा बिचल्ली भएको हो।

०७८ मा अनाथ बालबालिकाको रेखदेख र पालन पोषणको लागि स्थापना गरिएको न्यानो काख सेवा समाजकी संचालक कल्पना मल्लले बजेट सकिएपछि अहिले बालबालिका भोकै बस्ने अवस्थामा पुगेको बताइन्। उनले रुँदै भनिन्, 'भएको सबै सम्पती सकियो। अब के खुवाउने कसरी पाल्ने ? सरकारी तथा गैरसरकारी निकायले सहयोग गर्छौं भनेर आश्वासन मात्र देखाए। अहिले कसैले पनि सहयोग गरेनन्।'

> बेलायतको भिसा त्यागेर बालबालिकाको सेवा गर्दै बसेकी कल्पना मल्ल भन्छिन्, मन भएर मात्र नहुनेरहेछ, समाजसेवा गर्न पनि पैसा नै चाहिँदोरहेछ।

उनले विद्यालयको शुल्क, खाना र भवनको मासिक भाडा गरेर मासिक डेढ लाखसम्म खर्च आउने तर, तिर्ने स्रोत नभएको बताइन्। 'अहिलेसम्म त आफ्नो घरबाटै जुटाएर चलाएँ। अब यश्र आश्रयविहीनलाई कसरी बचाउने भन्ने ठूलो समस्या आएको छ,' उनले भनिन्। संस्था चलाउनुअघिसम्म केही समयअघि उनी विदेश जाने सोचमा थिइन्। त्यसका लागि बेलायतको भिसा पनि आएको



थियो। तर, समाजसेवाप्रतिको झुकावका कारण उनी स्वदेश छाडेर गइनन्। अहिले आर्थिक अभावले उनलाई मुस्किल परिरहेको छ।

'मेरो युकेको भिसा पनि आइसकेको थियो। तर, समाज सेवामा लाग्छुभन्दा अहिले कोही नहेर्ने रहेछन्। युके जान छाडेर दुनियाँका बालबच्चा पाल्छेस् भनेर घरबाट समेत तिरस्कार खेप्नुपरेको छ,' उनले भनिन्। जति दुःख र कष्ट आइपरे पनि अनाथ बालबालिकाको सेवाबाट बिचलित नहुने मल्लले सुनाइन्। न्यानो काख सेवा समाजमा खाँडाचक्र नगरपालिकाका, पलाँता गाउँपालिका र महावै गाउँपालिकाका १२ बालबालिका छन्। सबैलाई उनले निजी विद्यालयमा भर्ना गरेकी छन्।

विश्व राजनीति र चिनियाँ कूटनीति

केही मुट्ठीभर राष्ट्रहरूले अन्तर्राष्ट्रिय मामिलामा एकाधिकार राख्न वा शक्तिका आधारमा देशलाई वर्गीकरण गर्न नहुनेमा चीन प्रस्ट देखिन्छ



● पामिर गौतम

अग्रलेख

गत ७ मार्चमा चिनियाँ कम्युनिस्ट पार्टीको १४औँ राष्ट्रिय जनकांग्रेसको दोस्रो अधिवेशनमा विदेशमन्त्री वाङ यीले पत्रकारहरूसँग वर्तमान विश्व राजनीतिक परिवेश र चीनको कूटनीतिबारे कुरा गरेका छन् । सो पत्रकार सम्मेलनमा वाङ यीले ताइवान, युक्रेन र गाजाको युद्धका साथै दुई महाशक्ति चीन र अमेरिकाबीचको सम्बन्धजस्ता विश्वव्यापी मुद्दालाई सम्बोधन गरे । वाङले चीन सधैँ शान्तिपूर्ण विदेश नीति अवलम्बन गर्न र आफ्नो सार्वभौमसत्ता र राष्ट्रिय स्वाभिमानको दृढतापूर्वक रक्षा गर्न प्रतिबद्ध रहेको बताउँदै आउने दिनमा चीन आफ्नो कूटनीतिका विशेषतालाई सुदृढ बनाउन थप विश्वस्त र आत्मनिर्भर हुने बताएका छन् । चिनियाँ विदेशमन्त्रीले यस वर्ष बेइजिङको कूटनीतिक प्राथमिकता प्रमुख शक्तिहरूसँगको सम्बन्ध स्थिर राख्ने, छिमेकी राष्ट्रहरूसँगको सहायता र सहकार्य सुदृढ गर्ने र वैश्विक दक्षिणका राष्ट्रहरूसँगको सम्बन्ध पुनरुत्थानका लागि प्रयास गर्ने रहेको बताएका छन् ।

गत महिना म्युनिख सुरक्षा सम्मेलनमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भनेका थिए– यदि तिमी अन्तर्राष्ट्रिय प्रणालीको टेबलमा छैनौँ भने तिमी मेनुमा हुनेछौ । ब्लिन्केनको टिप्पणी स्पष्ट थियो, यदि तिमी विद्यमान पश्चिमी अन्तर्राष्ट्रिय व्यवस्था पालना गर्दैनौ भने तिमी सिकार बनाइनेछौ । ब्लिन्केनको टिप्पणीलाई अप्रत्यक्ष रूपमा संकेत गर्दै वाङले केही मट्ठीभर राष्ट्रहरूले अन्तर्राष्ट्रिय मामिलामा एकाधिकार राख्न वा शक्तिका आधारमा देशलाई वर्गीकरण गर्न नहुने बताएका छन् । उनले चीन 'समान र व्यवस्थित' बहुध्रुवीय विश्व र सबैलाई फाइदा पुऱ्याउने समावेशी आर्थिक विश्वव्यापीकरणको पक्षमा रहेको बताए । चीनको वर्तमान अर्थतन्त्रबारे विश्वमा चलिरहेका अनेक अडकलबाजीलाई इंगित गर्दै वाङले गत वर्ष चीनको अर्थतन्त्र ५.२ प्रतिशतले वृद्धि भएको जुन विश्वको समग्र आर्थिक वृद्धिको एकतिहाइ रहेको र यसले चीन विकासको इन्जिनका रूपमा बलियो रहेको र अर्को चीन अझै पनि चीन नै रहेको स्पष्ट बनाएको बताएका छन् । उच्च-गुणस्तरीय बेल्ट एन्ड रोड परियोजनालाई 'विश्वको साझा विकासका लागि इन्जिन र सम्पूर्ण विश्वको आधुनिकीकरणका लागि एक गतिवर्धक' का रूपमा वर्णन गर्दै चीन उच्च गुणस्तर बेल्ट एन्ड रोड सहयोगलाई प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको वाङले जनाए ।

चीनियाँ परराष्ट्रमन्त्री वाङले चीन-अमेरिका सम्बन्ध राष्ट्रपति सी जिनपिङले बाइडेनसँग प्रस्तुत गरेका तीन सिद्धान्तमा आधारित हुने बताएका छन् । बाइडेनसँगको भेटमा सीले दुई राष्ट्रबीचको सम्बन्ध सुधार गर्न पारस्परिक सम्मान पूर्वसर्त, शान्तिपूर्ण सहअस्तित्व आधारभूत र दुवै राष्ट्रको भलो हुने सहयोग लक्ष्य हुनुपर्ने बताएका थिए । दुई देशबीचको सम्बन्ध सुधार गर्ने लक्ष्यसहित गत नोभेम्बरमा राष्ट्रपति जो बाइडेन र सी जिनपिङबीच सान फ्रान्सिस्कोमा भेट भएको थियो । सो भेटपछि दुई राष्ट्रबीचको सम्बन्ध सुधारका लागि केही प्रगति भए पनि अमेरिकी पक्षमा चीनबारे कायम गलत धारणा अझै पनि जारी रहेको र अमेरिकी पक्षले गरेका वाचाको इमानदारपूर्वक पालना नगरेको वाङले गुनासो गरे ।

अमेरिकाले चीनलाई दबाउन अझ विभिन्न रणनीति बनाइरहेको जुन अमेरिकाले एकपक्षीय रूपमा लम्ब्याउँदै गएको प्रतिबन्धको सूचीबाट प्रस्ट भएको वाङले पत्रकारलाई बताए । अमेरिकी विदेश नीतिमा देखिएको वर्तमान अन्तरविरोधलाई औंल्याउँदै वाङले अमेरिकामाथि विभिन्न प्रश्न उठाएका छन्- अमेरिकाले एउटा कुरा भन्छ तर, अर्को गर्छ । यो प्रवृत्तिले प्रमुख देशको हैसियतमा उसको विश्वसनीयता कहाँ रहला ? 'चीन' भन्ने शब्द सुन्दा नै चित्त दुख्छ भने ठूला देशको हैसियतमा त्यसको विश्वस्तता कहाँ छ ? अमेरिका आफूलाई मात्र समृद्ध बनाउन चाहन्छ र अन्य देशको वैधानिक विकासलाई अस्वीकार गर्छ भने अन्तर्राष्ट्रिय निष्पक्षता कहाँ छ ? अमेरिकाले चीनको विकासलाई रोक्न मूल्य शृंखला र आपूर्ति शृंखलामा एकाधिकार राख्ने नीति लिन्छ भने प्रतिस्पर्धामा निष्पक्षता कहाँ छ ? चीन र अमेरिकाजस्ता दुई ठूला देशबीचको द्वन्द्व र टकरावले अकल्पनीय नतिजा निम्त्याउने बताउँदै



> कसैले पनि ब्रिक्सलाई चुनौतीका रूपमा लिन हुँदैन किनकि यसको विस्तारले ग्लोबल साउथको सामूहिक उदय र विश्व व्यवस्था प्रणाली बहुध्रुवीयतातर्फ द्रुतगतिमा विकसित भइरहेको संकेत गरेको छ

चीन अमेरिकासँग वार्ता, सञ्चार र समझदारीलाई सुदृढ गर्न र अनावश्यक गलतफेमी र पूर्वाग्रह हटाउन इच्छुक रहेको वाङले बताए । अमेरिकाका लागि चुनौती चीनबाट नभएर आफैँबाट भएको र चीनलाई दबाउन लागिपरे त्यसले उसैलाई हानि गर्ने बताउँदै समयको प्रवृत्तिप्रति स्पष्ट नजर राख्दै चीनको विकासलाई वस्तुनिष्ठ र तर्कसंगत रूपमा हेर्न, सक्रिय र व्यावहारिक रूपमा चीनसँगको आदान-प्रदानमा संलग्न हुन र आफ्ना प्रतिबद्धता पूरा गर्न वाङ यीले आग्रह गरेका छन् ।

वाङले मस्कोसँगको चीनको साझेदारी 'उच्चस्तरमा' अगाडि बढिरहेको बताएका छन् । उनले भने, चीन र रुसबीचको सम्बन्ध कुनै पनि तेस्रो पक्षप्रति लक्षित छैन, बरु दुईबीचको सम्बन्ध समयको प्रवृत्तिसँगै अन्तर्राष्ट्रिय सम्बन्धमा बहुध्रुवीयता र बृहत्तर लोकतन्त्रतर्फ अघि बढेको र यो विश्वव्यापी रणनीतिक स्थायित्व कायम राख्न, प्रमुख देशहरूबीच सकारात्मक अन्तर्क्रिया गर्न र उदीयमान प्रमुख

> बाइडेन र सी जिनपिङबीच सान फ्रान्सिस्कोमा भएको भेटपछि दुई राष्ट्रबीचको सम्बन्ध सुधारका लागि केही प्रगति भए पनि अमेरिकी पक्षमा चीनबारे कायम गलत धारणा अझै यथावत् रहेको देखिन्छ ।

राष्ट्रहरूबीचको सहयोगलाई प्रवर्द्धन गर्न निकै महत्त्वपूर्ण छ । युक्रेन युद्धबारे सोधिएको प्रश्नको जवाफमा वाङले यसमा चीनको अडान वस्तुनिष्ठ र निष्पक्ष रहेको र मस्को र किभ दुवैको सहभागितामा शान्ति सम्मेलन गर्ने विचारलाई चीनले समर्थन गरेको बताए । उनले भने- दुई राष्ट्रबीच जति चाँडो वार्ता सुरु हुन्छ, त्यति नै चाँडो शान्ति आउँछ । रुसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमा मुलुकले रुसमाथि भारी प्रतिबन्ध लगाएका छन्, साथै ती मुलुकले बेइजिङले रुसमाथि दबाब नदिएको आरोप लगाउँदै आएका छन् ।

ताइवान स्ट्रेटको तनावलाई चीनले कसरी हेर्छ भन्ने प्रश्नमा वाङले ताइवानको स्वतन्त्रतालाई समर्थन गर्ने विश्वका जोकोहीले पनि त्यसको परिणाम भोग्नुपर्ने चेतावनी दिँदै मुख्य भूमिसँग ताइवानको एकीकरण केवल समयको कुरा मात्र रहेको बताएका छन् । एक चीन सिद्धान्तप्रतिको प्रतिबद्धता जति बलियो हुन्छ, ताइवान स्ट्रेटमा शान्तिको ग्यारेन्टी त्यति नै प्रबल हुन्छ, वाङले भने । प्यालेस्टाइन-इजरायली द्वन्द्वबारे विदेशमन्त्री वाङले २१औँ शताब्दीमा गाजामा भइरहेको मानवीय प्रकोप अन्त्य गर्न असफल हुनु मानवताका लागि दुःखद र सभ्यताका लागि नै कलंक भएको भन्दै कुनै पनि बहानामा द्वन्द्व र हत्यालाई उचित ठहराउन नसकिने बताएका छन् । बेइजिङले हालको इजरायल-हमास युद्ध सुरु भएदेखि नै तत्काल युद्धविरामका लागि आह्वान गर्दै आएको छ । अन्तर्राष्ट्रिय समुदायले तत्काल गाजा पट्टीमा युद्धविराम र शत्रुताको अन्त्यलाई प्राथमिकता राख्न र मानवीय राहत सुनिश्चित गर्न तत्काल नैतिक जिम्मेवारी लिनुपर्ने चीनले बताउँदै आएको छ । चीनले ऐतिहासिक रूपमा प्यालेस्टिनी मुद्दाप्रति सहानुभूति राख्दै आएको छ र इजरायल-प्यालेस्टाइन द्वन्द्व समाधानका लागि दुई-राष्ट्रको अवधारणालाई समर्थन गर्दै आएको छ । चीनले संयुक्त राष्ट्रसंघमा प्यालेस्टिनी राज्यको 'पूर्ण' सदस्यतालाई समर्थन गर्ने वाङले बताएका छन् ।

पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री वाङ यीले दक्षिणी-चीन सागर शान्ति र सहयोगको सागरमा परिणत हुने चीनको विश्वास रहेको बताएका छन् । विगत केही महिनादेखि दक्षिणी-चीन सागरमा तनाव बढेको छ, जसमा चीन र फिलिपिन्स दुवैले एकअर्काका जहाजले पानीमा बारम्बार घुसपैठ गरेको आरोप लगाएका छन् । वाङले दक्षिण चीन सागर संसारको सबैभन्दा व्यस्त, सुरक्षित र स्वतन्त्र जलमार्ग रहेको र दशकौँदेखि विश्वको ५० प्रतिशत व्यापारिक जहाज (जुन सामुद्रिक व्यापारको एकतिहाइ हिस्सा हो) विनाकुनै अवरोध यस जलमार्गबाट ओहोरदोहोर गर्ने गरेको बताए । चीनले कुनै पनि पक्षबाट जानाजानी वा अनुचित उक्साहटमा उक्त समुद्रीमार्गमा अवरोध सिर्जना गर्ने प्रयास भए चीनले कानुनबमोजिम आफ्नो अधिकार रक्षा गर्न उचित कदम चाल्ने बताएको छ । उनले विवादित जलविवादको उचित व्यवस्थापन र समाधान विवादित पक्षहरूबीचको वार्ताबाट हुनुपर्ने र बाह्य शक्तिहरूबाट कुनै पनि प्रकारको उक्साहट, बाधा वा विवादबाट फाइदा उठाउने प्रयास हुन नहुने चेतावनी दिएका छन् । वाङले चीन र आसियान सदस्य राष्ट्रहरूबीच सन् २००२ मा हस्ताक्षर भएको घोषणापत्रको कार्यान्वयन जारी राख्न आग्रह गर्दै दक्षिण-चीन सागरसम्बन्धी आचारसंहिता बनाउन सुरु भएको वार्तालाई तीव्रता दिन आग्रहसमेत गरेका छन् ।

पत्रकार सम्मेलनमा वाङ यीले चीन ग्लोबल साउथको अटल सदस्य रहेको र दक्षिणका देशहरूको विकास र समृद्धिका लागि सधैँ अग्रसर रहने र विकासोन्मुख देशहरूबीच एकता र सहयोगलाई प्रवर्द्धन गर्न निरन्तर लागिरहने बताए । वाङ यीले ब्रिक्सलाई चुनौतीका रूपमा लिन नहुने र यसको विस्तारले ग्लोबल साउथको सामूहिक उदय र विश्व व्यवस्था प्रणाली बहुध्रुवीयतातर्फ द्रुतगतिमा विकसित भइरहेको संकेत गरेको बताएका छन् ।

---

३ प्रश्न

एकीकृत समाजवादीकी सचिव **रामकुमारी झाँक्री**लाई



सरकारमा महिलाको प्रतिनिधित्वलाई कसरी हेर्नुभएको छ ?

हामीले अहिले जुन समावेशीकरण अपनाइरहेका छौं, यसले जातीय, क्षेत्रीय, समुदायगत, लैंगिक समावेशीकरणका क्षेत्रमा के-के न गरेजस्तो देखिए पनि यथार्थमा यो वर्गीय विभेद सम्बोधन गर्ने अस्त्र नै होइन । यसले त केवल समावेशीरणको 'कस्मेटिकीकरण' मात्र गरिरहेको छ । यसले पुँजीवादभित्रको लोककल्याणकारी राज्य व्यवस्थामा सकभर धेरैलाई समेट्ने कोसिस गरे पनि यथार्थमा विभेद भने बाँकी नै रहन्छ । सरकारमा महिलाको प्रतिनिधित्वको सवाल पनि त्यही हो । संविधानले तोकेको अवस्थामा बाध्यतावश त्यो प्रतिशत या संख्या पुऱ्याउने र नतोकेको अवस्थामा समावेशीकरणको मर्मअनुसार केहीलाई समावेश गर्ने परम्परा सरकार निर्माणको समयमा पनि अवलम्बन गरिँदै आएको छ ।

नेपाली समाजमा महिलालाई राजनीतिमा आउन कति सहज छ ?

पहिले साहना प्रधानहरूको समयमा नेपाली महिला राजनीतिमा लाग्ने कल्पना पनि हुन्थ्यो । तैपनि, उहाँहरू राजनीतिमा आउनुभयो । पञ्चायतमा पनि पुरुषहरूको साथ र सहयोगविना बाहिर निस्कनै कठिन थियो । ०४६ पछि पनि महिलाका लागि त्यति सहज थिएन । तैपनि, हाम्रो पुस्ता त्यतिखेरकै राजनीतिमा होमिएको हो । तर, अहिले भने अहिले समावेशीकरणका कारण राजनीतिक इतिहास, संलग्नता या सांगठनिक पृष्ठभूमि केही नभए पनि राजनीतिमा आउन र स्थापित हुन सजिलो भएको छ ।

विद्यार्थी राजनीति सुस्ताएको समयमा नेपाली महिलाको नयाँ पुस्ता राजनीतिमा आउने सम्भावना कति देख्नुहुन्छ ?

नेपाली राजनीतिमा आकर्षण नभएको र महिलाको उपस्थिति कमजोर भएको भन्ने होइन । अहिले राजनीतिप्रति झनै आकर्षण बढेको छ र महिलाको उपस्थिति पनि बढ्दै छ । तर, विद्यार्थी राजनीतिले आफ्नो एजेन्डा र भूमिका भुलेर प्रभावहीन भएको समयमा तलैदेखि खारिएर आउने पुस्ताको भने अभाव खड्किन सक्छ ।

प्रेरक प्रसंग

स्वतन्त्रताको आगो

भारतमा ब्रिटिस सरकारको शासन थियो । अंग्रेजको अत्याचारले सर्वत्र आतंक फैलाएको थियो । स्वतन्त्रताका लागि संघर्षको जन्म भखरै भएको थियो । बच्चा-बच्चामा स्वतन्त्रताको आगो भड्किएको थियो । भारतीय जनता स्वतन्त्रताका लागि बिस्तारै जुर्मुराउँदै थिए ।



त्यसवेला चिसो निकै फैलिएको थियो । एकपटक एउटा अंग्रेज पुलिस अफिसरले एउटा निर्दोष भारतीयसँग अभद्र व्यवहार गरिरहेको थियो । ती भारतीयले जतिसुकै आफ्नो बचाउको प्रयास गरे पनि त्यो अंग्रेस अफिसर उनीमाथि लगातार दुर्व्यवहार गरिरहेको थियो । लगभग सात-आठ वर्षको एउटा बालक उसको छेउमा उभिएर यो सब हेरिरहेको थियो । अंग्रेज अफिसरको व्यवहार देख्दा त्यो बालक निकै आक्रोशित भयो । उसले यताउता केही देखेन । उसले तुरुन्तै एउटा ढुंगा टिप्यो र त्यो अंग्रेज पुलिस अफिसरलाई ताकेर प्रहार गऱ्यो । ढुंगो सीधै पुलिस अफिसरको निधारमा लाग्यो । उसलाई गहिरै चोट लाग्यो र उसलाई तत्काल अस्पताल भर्ती गरियो । घटनापछि अंग्रेज प्रहरीले निकै दौडधुप गरेर त्यो बालकलाई समातेर ल्यायो । पुलिसको हाकिमले त्यस बालकलाई चिसो रातमा बाहिरै रातभरि नांगो बनाएर राख्ने सजाय दियो र निगरानीका लागि दुईजना चौकीदार नियुक्त गरियो ।

चिसोमा कम्बल ओढेर सुतेका चौकीदार न्यानो पाएपछि छिट्टै निदाए । आधा रातमा उनीहरूको निद्रा खुल्यो । उनीहरूले हतारहतार त्यो बालकलाई हेरे । त्यतिखेर उनीहरू तिनछक्क परे । त्यो बालक त त्यस्तो चिसो रातमा पनि उठबस गरेर शरीरबाट खलखल पसिना बगाइरहेको थियो । यस्तो साहसी र निडर बालकको नाम थियो, चन्द्रशेखर आजाद । जसले भारतीय स्वतन्त्रता संग्रामको इतिहासमा आफ्नो नाम स्वर्णाक्षरमा अंकित गराए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

परामर्श केन्द्रको अनुगमन खै ?

नेपालमा खुलेका हजारौँ शैक्षिक परामर्श केन्द्रबाट सेवा लिन दैनिक हजारौँ युवायुवती लामबद्ध भएका देखिन्छन् । त्यसरी लामबद्ध हुनेमध्ये कतिपयले भिसा पाएर विदेश जाने अवसर पनि पाएका छन् । तर, कतिपयको भने पैसा र समय मात्र खर्च भएको छ । भिसा नपाएर यता न उताको अवस्थामा अड्किएका छन् । कहिलेकाहीं त त्यसरी गएका कति युवायुवती उताको कलेजहरू बन्द हुने, काम नपाइनेजस्ता कारणबाट अलपत्र पनि परेका छन् । त्यसैले, यसरी विदेश पठाउन शैक्षिक परामर्श दिने नाममा खुलेका परामर्श केन्द्रहरूको सरकारी निकायबाट प्रभावकारी अनुगमन जरुरी छ । उनीहरू नियमानुसार दर्ता भएका छन् कि छैनन् र उनीहरूले पठाउने भनिएका शैक्षिक संस्था मान्यताप्राप्त हुन् कि होइनन्जस्तो विभिन्न पक्षको अनुगमन जरुरी छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

यो नोकझोक किन ?

सत्ता सहयात्री फेरिएपछि सदनमा प्रधानमन्त्री र कांग्रेस नेताहरूबीच नोकझोक चलेको समाचार पढेपछि उनीहरूलाई केही प्रश्न सोध्न मन लाग्यो । हिजोसम्म एउटै गठबन्धनमा रहँदा एक-अर्काका निकै प्यारा बनेका व्यक्ति र दलहरू आज गठबन्धन फेरिँदैमा शत्रु बन्नुपर्ने किन ? हो, हिजो कांग्रेस सत्तामा थियो, आज प्रतिपक्षमा पुगेको छ । हिजो ऊ सत्तामा हुँदा सत्तापक्षको जिम्मेवार भूमिकामा थियो भने आज जिम्मेवार प्रतिपक्षको भूमिकामा छ । भूमिका फेरिँदैमा बाझाबाझ गर्नुपर्ने हो र ?

● **स्वप्न मानन्धर**
ढल्को, काठमाडौं

गफ होइन काम गरेर देखाऊ

हाम्रो देशमा गठबन्धन फेरिनु या सत्ता सहयात्रीहरू बदलिनु अनौठो होइन । विगतमा महिना दिन पनि नबित्तै गठबन्धन फेरिएको हामीले देखेकै हौं । सत्तामा जो पुगे पनि तिनले काम होइन, गफ गर्ने गरेका छन् । तर, हामी जनतालाई चाहिँ गफ होइन, काम चाहिएको छ । त्यसैले, नयाँ गठबन्धनले पनि गफ दिनुको साटो जनतालाई सहज सेवा प्रवाहमा ध्यान दिनुपऱ्यो । यहाँ गफ दिने अरू पनि छन् । त्यसैले, काम दिने सरकार चाहियो ।

● **बलराम विश्वकर्मा**
कोटेश्वर, काठमाडौं

तरबारको धारमा नयाँ सरकार

वर्तमान सरकार तरबारको धारमा खडा भएको छ । यो सरकार बाँकी अवधि ढुक्कैले चल्न पनि सक्छ र बीचमै कुनै पनि वेला गिर्न पनि सक्छ । किनकि सरकारको अंकगणित त्यति सहज छैन । गठबन्धनको कुनै पनि सहयात्रीले खुट्टा कमायो भने सरकार धर्मराउन सक्छ । उता कांग्रेस पनि लोकतान्त्रिक गठबन्धन गर्ने भित्री कसरतमा लागेको प्रस्टै छ । त्यसैले, अहिले नै यो सरकारको भविष्य कस्तो होला भनेर कसैले पनि भन्न सक्ने अवस्था छैन ।

यतिखेर चीनका लागि कम्फरटेबल सरकार बनेको चर्चा चलिरहेको छ । यस्तोमा यो गठबन्धन भत्काउन भारतले मधेशवादी दलहरूलाइ उपयोग गर्ने गाइँगुइँ पनि चलेको छ । यसर्थ, तरबारको धारमा हिँडेको वर्तमान सरकारले कतिन्जेल आफ्नो भविष्य सुरक्षित गर्छ, यसै भन्न सकिँदैन । यो सरकारले जति दिन काम गर्ने अवसर पाए पनि जनतालाई 'डेलिभरी' दिने गरी काम गरेर देखाउन सक्नुपर्छ । राम्रा योजना अघि सारेर जनतामा आशा जगाउन सक्नुपर्छ ।

गठबन्धनमा सामेल राष्ट्रिय स्वतन्त्र पार्टीले ०८४ अघि सरकारमा नजाने दाबी गरे पनि अहिले पार्टी अध्यक्ष रवि लामिछानेकै नेतृत्वमा सरकारमा गएको छ । उसले अहिले राम्रो काम गर्न सकेन भने आगामी ०८४ को निर्वाचनमै दण्डित हुन बेर लाग्नेछैन । त्यसैले, सबैले गफ होइन, काम गरेर जनताको मन जित्ने प्रयत्न गर ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

एउटै अपराधको सजायमा किन विभेद ?

जासुसी ऐनमा मुद्दा चलाइएका अन्यले झैं राष्ट्रपति बाइडेनले झमेला झेलेनन् र शंकाको लाभको सुविधा पाए



देश / विदेश

● ड्यानियल हेल

अमेरिकाको ड्रोन हत्या कार्यक्रमको उच्च नैतिक दुष्परिणाम देखेर मैले वर्गीकृत सूचना चुहाउने काम गरेको थिएँ । यसका कारण जासुसी ऐनअन्तर्गत ३३ महिना जेलमा बिताएर यही फेब्रुअरीमा म रिहा भएँ । जेलबाट रिहा भएर बाहिरी विश्वसँग अनुकूलन गर्ने प्रयास गरिरहँदा विशेष सल्लाहकार रोबर्ट हुरको प्रतिवेदनसँग सम्बन्धित समाचारले म चकित भएको छु । प्रतिवेदनमा हुरले जासुसी ऐन राष्ट्रपति जो बाइडेनमा किन लागू नहुने भनेर प्रश्न गरेका छन् ।

जब न्याय विभागले जासुसी ऐन लागू गर्ने निर्णय गर्छ, तब म त्यसबारे जान्न निकै उत्सुक हुन्छु । सन् १९१७ मा ऐन बनेलगत्तै यो कानुनले मुलुकभर भिन्न मत राख्नेको आवाज दबाउने काम गरेको थियो । त्यसवेलाको सबैभन्दा रक्तपातपूर्ण युद्धमा अमेरिकाको संलग्नताविरुद्ध बोलेका हजारौँलाई एक ठाउँमा ल्याएर जासुसी ऐनअनुसार दोषी ठहऱ्याइको थियो । उसो त जासुसी ऐनका निकृष्ट पक्षमा संशोधन भइसकेको छ, तर यस ऐनले मिडियामार्फत जनतामाथि सरकारले गरिरहेको अन्यायको खुलासा गर्ने सरकारी स्रोतलाई दण्डित गर्ने गरेको छ । न्याय विभागका अधिकारीले सरकारी मुखबिर (ह्विसल ब्लोअर)लाई तारो बनाउने निर्णयअन्तर्गत पत्रकारलाई सूचना दिन आँट गर्ने मानिसले दशकौँको जेल सजाय भोग्नुपर्ने हुन्छ । विशेष सल्लाहकार हुरको प्रतिवेदन पढेपछि म मेरो मुद्दा र राष्ट्रपतिलाई लिएर भएको अनुसन्धानमा समानता खोज्न थालेको थिएँ । प्रतिवेदनअनुसार राष्ट्रपति बाइडेनले वर्गीकृत सूचनालाई सुरक्षा संयन्त्रबाट बाहिर निकालेर आफ्नो घर र कार्यालयमा पुऱ्याएका थिए जुन मैले पनि गरेको हुँ । पछि राष्ट्रपतिले पत्रकारसँग वर्गीकृत सूचना साझा गरेका थिए जुन मैले पनि गरेको थिएँ । राष्ट्रपति बाइडेन र मैले आ-आफ्ना पत्रकारलाई आधिकारिक अमेरिकी नीतिबारे आफ्नो चासो बताएका थियौँ । राष्ट्रपतिले सन् २००९ मा उपराष्ट्रपतिका रूपमा अफगानिस्तानमा लागू भएको असफल नीति खुलाएका थिए र मैले सो नीतिको परिणामबारे खुलाएको थिएँ । यस अवस्थामा एउटालाई मात्रै सजाय किन ? हुरका अनुसार राष्ट्रपतिलाई यो मामिलामा दोषी देखाउने काम निर्णायकमण्डलीका लागि निकै अप्ठ्यारो थियो । उनका अनुसार बाइडेन एक सच्चा व्यक्ति हुन्, जसले आफ्ना कामबाट कुनै क्षति गराउन खोजेका थिएनन् । तसर्थ, उनलाई मुद्दामा उभ्याउनु गलत थियो । अब यसलाई मलाई सजाय दिँदा सरकारले भनेको कुरासँग दाँजौँ । सरकारले मलाई आमजनतालाई खतरामा पारेको भन्दै हेरोइन तस्करसँग दाँजेको थियो । मलाई गलत नियत भएको व्यक्ति, जसले कुख्यातीका लागि 'पत्रकारलाई खुसी पार्दै' सार्वजनिक हितविरुद्ध काम गरेको रूपमा प्रस्तुत गरिएको थियो ।

हुरले चलाखीपूर्वक जासुसी ऐनसँग सम्बन्धित प्रावधानमा नियतको विषयलाई प्रवेश गराएका थिए । वास्तवमा जासुसी ऐनले अमेरिकाको हित वा अहितबारेको नियत खोज्दैन । ऐनले राष्ट्रिय सुरक्षा सूचनाको अनधिकृत आधिपत्य जमाएको व्यक्तिले जानीजानी सूचना आफूसँग राखेर नियतवश सूचना नपाउनुपर्ने व्यक्तिलाई राष्ट्रिय सुरक्षा सूचना उपलब्ध गराउँछ भने सजायको भागीदार हुन्छ । अधिवक्ता यसको प्रमाणका लागि हरेक कार्यरत अधिकारीले गरेको गैरप्रकटीकरण सम्झौतालाई प्रमाणका रूपमा लिने गर्छन् । निर्वाचित भएर पदमा पुगेका राष्ट्रपति बाइडेनले कहिल्यै यस्तो सम्झौता गरेनन् होला,



तस्बिर : लेह मिलिस/रोयटर्स

तथापि उनलाई वर्गीकृत सूचना चुहाउनु गैरकानुनी हो भन्ने थाहा हुनुपर्ने हो ।

तैपनि, बाइडेनमाथि कुनै मुद्दा चलाइएन किनभने उनले 'कुनै क्षति गर्ने नियत' राखेका थिएनन् । जब कि मेरो मुद्दामा सरकारको पूर्वसुनुवाइका क्रममा मलाई 'असल नियत'को प्रमाण राख्ने मौका दिइएको थिएन । मेरो नियतले सम्भवतः निर्णायकमण्डललाई मविरुद्ध फैसला गर्न अप्ठ्यारो बनाइदिन्थ्यो । म र मभन्दा अगाडिका मुखबिर यसैकारण प्रतिरक्षा गर्ने ठाउँमा भएनौं र हामीमाथि कानुनको नितान्त प्राविधिक व्याख्या लादियो । कुनै पनि विकल्प नभएको अवस्थामा मैले निकै महँगो एवं जित्न नसकिने मुद्दामा बिन्ती चढाउन बाध्य भएँ ।

यति भन्दै गर्दा राष्ट्रिय सुरक्षा सूचना पत्रकारलाई साझा गरेको अपराध त्यो लज्जाको सामुन्ने केही पनि होइन, जहाँ मैले ऐच्छिक रूपमा ड्रोन कार्यक्रममा सहभागिता जनाएको थिएँ । सन् २०२१ मा मलाई केन्द्रीय जेलमा सजाय भएको केही सातामै जेमारी अहमादी र नौ अन्य परिवारका सदस्य (अधिकांश बालबालिका) त्रुटिपूर्ण अमेरिकी ड्रोन हमलाका सिकार भएका थिए । पेन्टागनले सुरुमा यसलाई 'न्यायपूर्ण हमला' भनेको थियो, तर जब सत्य सतहमा आयो पेन्टागनले आफ्नो दाबीलाई फिर्ता लियो । र, एक आन्तरिक छानबिन गर्ने बतायो, तर छानबिनले निर्दोष मारिने गरी भएको घटनामा कसैलाई दोषी पाएन ।

हालका दिनसम्ममा ड्रोन कार्यक्रममा काम गरेकामध्ये सजाय पाउनेमा म मात्रै एकजना हो । तर, मेरो सजाय ड्रोन कार्यक्रममा मेरो भूमिकालाई लिएर नभई मैले पत्रकारमार्फत एक घातक सत्यलाई जनमानसमा पुऱ्याएका कारण भएको हो । जासुसी ऐनमा मुद्दा चलाइएका अन्यले झैं राष्ट्रपति बाइडेनले झमेला झेलेनन् र शंकाको लाभको सुविधा पाए । र, यसका लागि खुला हृदयले खुसी छु । बाइडेन जुन आदर्शका साथ राष्ट्रपतिमा चुनिएका थिए यदि त्यसलाई लागू गर्न चाहन्छन् भने राष्ट्रपतिले मुखबिरहरूलाई माफी दिनुपर्छ र 'लक्षित' हत्या गर्ने आतंकविरुद्धको वैश्विक युद्धलाई अन्त्य गर्नुपर्छ ।

(हेल जासुसी ऐनअन्तर्गत संघीय जेलमा ४५ महिनाको जेल सजाय सुनाइएका पूर्वगुप्तचर विश्लेषक हुन्)

अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतमा पुनः कागजी मतपत्र प्रयोगको बहस

गहिरिएर हेर्ने हो भने भोटिङ मेसिनको मतदानमा कागजी मतपत्रबाट गरिने मतदानमा जस्तो पारदर्शिता हुँदैन



● एमजी देवसहायम

एमजी देवसहायम पूर्वआइएएस अधिकारी हुन् । उनी निर्वाचनसम्बन्धी नागरिक आयोगका संयोजकसमेत हुन् ।



सन् २०२२ को डिसेम्बर ४ मा गुजरात विधान सभा चुनावको दोस्रो र अन्तिम चरणअन्तर्गत सम्बन्धित मतदान केन्द्रमा जानुअघि वितरण केन्द्रमा विद्युतीय भोटिङ मेसिन र अन्य चुनावी उपकरण जाँच गर्दै मतदान अधिकृत । *तस्बिर : पिटिआई*

> कागजी मतपत्र प्रणालीअन्तर्गत मतदाताले मतपत्रको शुद्धता, उम्मेदवारको नाम जाँच गर्न र सही रूपमा चिह्न लगाइएको छ कि छैन भनेर प्रमाणित गर्न सहज हुन्छ । यसले एकप्रकारको प्रामाणिकता प्रदान गर्दछ ।

भारतको निर्वाचनमा प्रयोग हुने 'इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम)' अहिले चर्चाको विषय बनेको छ । इभिएमको विश्वसनीयतामाथि प्रश्न गर्दै केही विपक्षी दल र अभियन्ताहरूले प्रायः देशमा प्रयोग गर्ने गरेको कागजी मतपत्र भारतमा पुनः प्रयोगमा ल्याउनुपर्ने तर्क गरिरहेका छन् । भारतमा इभिएमप्रतिको विश्वास अहिलेजस्तो कहिल्यै घटेको थिएन । आखिर यो अवस्था कसरी आयो ? खासमा केही समस्या इभिएमको काम गर्ने कार्यशैलीमा छ भने केही यसको भारतीय प्रयोगमा । यहाँ दुवैको चर्चा गरिनेछ । विद्युतीय भोटिङ मेसिन(इभिएम)ले लोकतन्त्रअन्तर्गत पूरा गर्नुपर्ने केही अनिवार्य सिद्धान्त पालना गर्दैन । र, अहिले इभिएमविरुद्ध उठेका आलोचना साम्य पार्न भन्दै भारतीय निर्वाचन आयोगले सचेतना बढाउन भन्दै जुन 'रोड-सो सडक प्रदर्शन' आयोजना गरिरहेका छ, त्यहाँ इभिएमसम्बन्धी केही आधारभूत जानकारीबाहेक केही प्रस्तुत भइरहेको छैन । विश्वमा निर्वाचन पाँचमध्ये कुनै एक मतदान प्रणाली प्रयोग गरिन्छ । ती हुन्-

१. कागजी मतपत्र,
२. विद्युतीय भोटिङ मेसिन(इभिएम),
३. भोटर भेरिफाएबल पेपर अडिट ट्रेल अर्थात् मतदाताले मत खसालेपछि कागजी प्रमाण पनि देखिने (भिभिपिएटी)सहितको इभिएम,
४. मेसिनले पढ्न सकिने कागजी मतपत्र, र
५. इन्टरनेटमा आधारित मतदान ।

भारतले यीमध्ये सुरुमा पहिलोबाट चुनाव गराउन सुरु गरेको थियो । त्यसपछि दोस्रो विकल्पमा गयो र अहिले तेस्रो प्रयोग गरिरहेको छ । यहाँ अब कागजी मतपत्रले लोकतन्त्रको केही आधारभूत सिद्धान्तको पालना गर्दा इभिएमले पूरा नगर्ने विषयलाई विस्तारमा व्याख्या गर्दै छु । कुनै पनि स्वच्छ र प्रजातान्त्रिक निर्वाचनमा निम्न सिद्धान्त पालना हुनुपर्छ :

- मतदान प्रक्रिया पारदर्शी हुनुपर्छ, जसमा आमजनताले आफ्नो मत सही रूपमा रेकर्ड भएको र गणना भएको जानकारी राख्न पाउनुपर्छ ।
- मतदान र मतगणना प्रक्रिया सार्वजनिक रूपमा परीक्षणयोग्य हुनुपर्छ ।
- आमनागरिकले चाहेमा मतदान प्रक्रियाका चरणको जाँच गर्न सक्षम हुनुपर्छ ।
- मतदान प्रक्रिया, मतगणना र नतिजाको सुनिश्चितताको परीक्षण र प्रमाणीकरण गर्न सकिने हुनुपर्छ ।
- सम्पूर्ण मतदान प्रक्रियामाथि निर्वाचन आयोगको पूर्ण नियन्त्रण हुनुपर्छ ।

यी कुरालाई कागजी मतपत्रमा आधारित निर्वाचन प्रणाली र इभिएमबाट गरिने निर्वाचन प्रणलीका प्रक्रियामा कसरी कार्यान्वयन हुन्छ, तुलना गरेर हेर्चौं । आखिर पाँच वर्षका लागि जनताले आफ्नो सार्वभौमसत्ता आफूले रोजेको प्रतिनिधिलाई हस्तान्तरण गर्ने प्रक्रियामा उठ्ने शंकालाई सम्बोधन गर्नुपर्छ । अब यहाँ यी दुई प्रणालीका विभिन्न चरणमा मतदाताले अबलम्बन गर्ने प्रक्रिया चर्चा गरिँदै छ :

■ कागजी मतपत्र प्रणालीअन्तर्गत मतदाताले पालना गर्ने प्रक्रिया:

- निर्वाचनअघि मतपेटिकालाई एक अलग मतदान कक्षमा राखिएको हुन्छ,
- मतदाता मतदान केन्द्रमा प्रवेश गरेपछि प्रमाणीकरण हुन्छ ।
- मतदातालाई एउटा मतपत्र दिइन्छ, जसले मतपत्रमा आफूले चुन्न चाहेको उम्मेदवार र उसको चिह्न भए नभएको जाँच्छन् ।
- त्यसपछि मतदाता सो मतपत्र लिएर मतपेटिका राखिएको मतदान कक्षमा जान्छन् ।
- सो गोप्य कोठामा मतदाताले आफ्नो रोजाइको उम्मेदवारको चिह्नको छेउमा छाप लगाउँछन् र त्यस मतपत्र त्यहाँ राखिएको मतपेटिकाभित्र खसाउँछन् ।
- मतदान सकिएपछि हुने मतगणनाका क्रममा गणकले निर्वाचन अधिकारी र हरेक उम्मेदवारका एजेन्टहरूको उपस्थितिमा प्रत्येक मतपेटिकाभित्र जम्मा भएका मतपत्रलाई एक ठाउँमा खन्याउँछन् । त्यसपछि गणकले सबैले देख्ने गरी हातले एक-एक गरेर मतपत्र गन्छन् ।
- मतगणनास्थलमा अलग-अलग उम्मेदवारले पाएका मत राख्न अलग 'ट्रे' राखिएको हुन्छ । मतगणनाका क्रममा आउने 'शंकास्पद' वा 'बदर' मत राखिने अलग 'ट्रे' पनि राखिन्छन् ।
- प्रमाणीकरण-लेखापरीक्षण प्रक्रियाको एक हिस्साको रूपमा, मतपत्रलाई २५-२५ को बन्डल बनाइन्छ । मतपत्र गनेपछि तिनको संख्या कुल खसेका मत संख्याअनुरूप भए-नभएको हिसाब मिलान गरिन्छ ।

कागजी मतपत्र प्रणालीअन्तर्गत, मतदाताहरूले मतपत्रको शुद्धता, उम्मेदवारको नाम जाँच गर्न र सही रूपमा चिह्न लगाइएको छ कि छैन भनेर प्रमाणित गर्न सहज हुन्छ ।

■ इभिएमबाट हुने निर्वाचन प्रणालीअन्तर्गतका चरणलाई हेर्चौं :

- इभिएममा दुई एकाइ समावेश हुन्छन्- एउटा, प्रत्येक उम्मेदवारका लागि अलग चिह्नयुक्त बटन रहने 'मतपत्र एकाइ (बटन युनिट-बियू)' र अर्को 'मेमोरी(भण्डारण प्रविधि)' तथा डिस्प्ले समावेश 'नियन्त्रण एकाइ (सेन्ट्रल युनिट-सियू)
- भारतमा इभिएमलाई थप विश्वसनीय बनाउने भनेर मतदाताले प्रमाणित गर्न सक्ने कागजी अडिट ट्रेल अर्थात् भिभिपिएटी पनि थपिएको छ, जसलाई 'बियू' र 'सियू'मा जोडिएको हुन्छ । बियू, सियू र भिभिपिएटी तीनवटा एकाइलाई एक तार(केबल)ले एक-आपसमा जोडेको हुन्छ ।
- सियू मतदान अधिकृतको साथमा हुन्छ भने बियू र भिभिपिएटी मतदान गर्न छुट्याइएको अलग कोठामा राखिएको हुन्छ ।
- प्रत्येकपटक मतदाता मतदान कक्षमा प्रवेश गर्दा, पहिले मतदान अधिकारीले बटन थिचेर उपकरणमा हरियो बत्ती बाल्छन् । त्यसपछि मतदाताले बियूमा रहेका बटनमध्ये आफूले चुन्न चाहेको उम्मेदवारको चिह्न टाँसिएको बटन थिचेर भोट हाल्छन् ।
- मतदाताले बटन थिचेलगत्तै उम्मेदवारको क्रम संख्या, नाम र चिह्न भिभिपिएटीमा देखापर्दछ, जुन सात सेकेन्डसम्म देखिन्छ ।
- सात सेकेन्डपछि, सियूले ठूलो स्वरमा 'बिप' आवाज बजाउँछ, जुन भोट सफलतापूर्वक हालिएको जनाउ हो ।
- मतगणना हुने दिनमा, मतगणना अधिकारीले सियूमा 'काउन्टिङ बटन' थिच्छन् । त्यसले मेसिनको स्क्रिनमा प्रत्येक उम्मेदवारले पाएका संख्या देखाउँछ ।

यहाँ, कागजी मतपत्रमा पूर्ण पारदर्शिता देखिँदा इभिएम-भिभिपिएटी प्रणालीमा पूर्ण अपारदर्शिता देखिन्छ । मतदाताको रोजाइको उम्मेदवारलाई सार्वभौमसत्ता हस्तान्तरण भएको छ कि छैन भन्ने जाँच र प्रमाणीकरण गर्ने कुरा मेसिनले गल्ती गर्दैन भनेर तथ्यमै अडेको छ । त्यसबाहेक पारदर्शिताका अन्य मार्ग कुनै छैन । मतदातासँग सात सेकेन्डका लागि तिनले भिभिपिएटीमा आफूले चुनेको (बटन थिचेर) दलको चिह्नको पर्ची हेर्ने मौका हुन्छ । तर, मतगणनाका क्रममा ती पर्चीलाई बेवास्ता गरिन्छ । इभिएम र भिभिपिएटीबीच अंक हेरफेर हुने अवस्थाका लागि तिनलाई राखिनुपर्ने हो । तर, त्यस्तो गरिँदै छ । न, पर्चीको गणना नहुने कुरा मतदातालाई नै थाहा दिइएको छ ।

इभिएम प्रणालीअन्तर्गत, मतदाताको विश्वास भनेको बटन थिचेको, त्यसपछि लगत्तै बत्ती बलेको र सात सेकेन्डपछि आवाज सुन्ने कुरामा मात्र अडेको छ । तिनको मत साँच्चै दर्ता भयो कि भएन, भएकोभए तिनकै उम्मेदवारको नाममा भयो कि भएन भन्ने कुरा उनीहरूलाई थाहा हुँदैन । खासमा गहिरिएर हेर्ने हो भने इभिएको मतदानमा कागजी मतपत्रबाट गरिने मतदानमा जस्तो पारदर्शिता हुँदैन ।

भारतीय निर्वाचन आयोगले इभिएम(बियू- भिभिपिएटी-सियूको संयुक्त रूप) एकपटक मात्र 'प्रोग्राम' गर्न सकिने चिप भएको पूर्णतः अलग मेसिन भएको दाबी गरेको छ । तर, विशेषज्ञ तथा जानकारहरूले यस दाबीप्रति अविश्वास व्यक्त गरेका छन् । इभिएममा भिभिपिएटी जोडिएदेखि चुनावअघि उम्मेदवारहरूको नाम र चिह्न प्रत्येक निर्वाचन क्षेत्रमा उम्मेदवारको सूचीले अन्तिम रूप पाएपछि मात्र बाह्य उपकरण प्रयोग गरेर इभिएममा अपलोड गरिने गरिएको छ । भारतीय निर्वाचन आयोगको म्यानुअलमै यसको उल्लेख गरिएको छ । म्यानुअलअनुसार 'भारत इलेक्ट्रोनिक्स लिमिटेड (बिइएल)' र 'इलेक्ट्रोनिक्स कर्पोरेसन लिमिटेड(इसिइएल)'का इन्जिनियरले 'सिम्बोल लोडिङ युनिट(एसएलयू)' नामक उपकरणमार्फत यी विवरणहरू भिभिपिएटीमा विद्युतीय रूपमा अपलोड गर्छन् ।

■ आयोगले गुमाएको छ विद्युतीय प्रणालीमाथि नियन्त्रण

कागजी मतपत्र प्रणालीअन्तर्गत मतपेटिका निर्माण, मतपत्र छपाइ, मतदान केन्द्रसम्म वितरण र मतगणना गर्ने कार्यसम्मका चरणमा भारतीय निर्वाचन आयोगको पूर्ण नियन्त्रण र निगरानी हुन्थ्यो । तर, यो अहिलेको विद्युतीय भोटिङ मेसिनमा लागू हुँदैन । इभिएममा मतदानको तथ्यांक भण्डारण गर्ने कन्ट्रोल युनिटभित्र दुईवटा विद्युतीय रूपमा मेट्न सकिने र पुनः प्रोग्रामिङ गर्न सकिने मेमोरी (इइप्रोम्स) हुन्छ । इभिएमका निर्माता कम्पनी बिइएल र इसिइएल भारतीय निर्वाचन आयोगको नियन्त्रण वा पर्यवेक्षणअन्तर्गतका संस्था होइनन् । तिनीहरू सम्बन्धित मन्त्रालयको नियन्त्रणमा हुन्छन्, जसको दैनिक कार्य सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)ले चुनेका तिनका कार्यकर्ताको निर्देशक बोर्डले सञ्चालन गर्छन् ।

यी निकायले विदेशी चिप्स निर्मातासँग गोप्य सफ्टवेयर प्रोग्राम सेयर गर्छन् । ती कम्पनीले इभिएममा प्रयोग हुने माइक्रो-कन्ट्रोलरमा यी सफ्टवेयरको प्रतिलिपि उतार्छन् । विदेशी कम्पनीहरूले इभिएम निर्माता बिइएल र इसिइएललाई सफ्टवेयर कोड राखिएका माइक्रो-कन्ट्रोलर हस्तान्तरण गर्दा तिनको कोड लक हुन्छ । यस्तो प्रमाणीकरण गर्न नसकिने स्थिति र अपारदर्शिताका कारण इभिएमले लोकतन्त्रका महत्त्वपूर्ण सिद्धान्त कुनैले पनि पालना गरेको देखिँदैन । यिनै कारणले गर्दा भारतले पुनः कागजी मतपत्रमा फर्कनुपर्ने बहस उठेको हो ।

कागजी मतपत्रविरुद्ध एउटै गुनासो हुने गर्छ, बुथ क्याप्चर गरेर एउटै दललाई छाप हानेर मतपेटिका भर्ने कुराको । तर, यो सुरक्षा, यातायात र सञ्चार प्रणाली पर्याप्त नभएको समयको समस्या हुन्, जुन स्थिति भारतमा अहिले छैन ।

- द वायरबाट

इतिहासमा आज

मार्च १०



सन् १९५२ : क्युबामा जनरल फुल्जेन्सियो बाटिस्टाको नेतृत्वमा सैन्य कू भयो । उनलाई चे ग्वेभेरा नेतृत्वको सशस्त्र क्रान्तिले सन् १९५९ मा सत्ताच्यूत गरेको थियो ।

सन् १९१० : गणतन्त्र चीनले औपचारिक रूपमा दासप्रथा उन्मूलन गऱ्यो ।

सन् १९५९ : चीनले अपहरण गर्ने डरले तीन लाख तिब्बतीले दलाई लामाको दरबारलाई घेरेर राखे । ल्हासाको यो विद्रोहले तिब्बतीयन विद्रोहलाई चर्कायो ।

सन् १९६० : सोभियत संघले आणविक परीक्षण रोक्न सहमति जनायो ।

सन् १९९० : अमेरिकाले नेभेडास्थित परीक्षणस्थलमा आणविक परीक्षण गऱ्यो ।

सन् १९९४ : अभिनेत्री एवं अभियन्ता मेलिना मर्कौरीको अन्त्येष्टिमा १० लाख ग्रिसेलीको सहभागिता ।

विश्व संक्षेप

पाकिस्तानको राष्ट्रपतिमा आसिफ अली जर्दारी निर्वाचित



इस्लामाबाद / पाकिस्तान पिपुल्स पार्टीका सहअध्यक्ष आसिफ अली जर्दारी पाकिस्तानको १४औं राष्ट्रपतिमा निर्वाचित भएका छन् । ६८ वर्षीय जर्दारी शनिबार दोस्रोपटक देशको राष्ट्रपतिमा निर्वाचित भएका हुन् । जर्दारी पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) र पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन)का संयुक्त उम्मेदवार थिए भने उनका प्रतिद्वन्द्वी ७५ वर्षीय महमुद खान अचकजाई सुन्नी इत्तेहाद काउन्सिल (एसआइसी)का तर्फबाट उम्मेदवार थिए । नेसनल एसेम्ब्ली र सिनेटमा जर्दारीले २५५ मत पाए भने उनका प्रतिद्वन्द्वीले ११९ मत प्राप्त गरे । संविधानमा व्यवस्था भएबमोजिम संसद् र चार प्रदेश सभाका नवनिर्वाचित सदस्यहरूको निर्वाचकमण्डलबाट नयाँ राष्ट्रपति चयन भएका हुन् । जर्दारीको पिपिपीको नेतृत्वमा रहेको सिन्ध विधान सभामा उनले सबैभन्दा बढी मत पाएका थिए । त्यस्तै, बलुचिस्तान विधान सभामा पनि उनले त्यहाँ भएका सबै मत प्राप्त गरे । व्यवसायीबाट राजनीतिज्ञ बनेका जर्दारी पाकिस्तानी प्रधानमन्त्री बेनजिर भुट्टोका पति हुन् । जरदारीले वर्तमान डा. आरिफ अल्वीको उत्तराधिकारी बन्नेछन् । अल्वीको पाँचवर्षे कार्यकाल गत वर्ष नै समाप्त भएको थियो । तर, नयाँ निर्वाचकमण्डल गठन नभएपछि उनले निरन्तरता पाएका छन् ।

'अफगानिस्तानमा महिलामाथि लगाइएको प्रतिबन्ध हटाइयोस्'

न्युयोर्क / राष्ट्रसंघले तालिबानसँग महिला तथा बालिकामाथिको प्रतिबन्ध तत्काल फिर्ता लिन आह्वान गरेका छन् । तालिबानले सत्तापलट गरेपछि देशमा महिलामाथि एकपछि अर्को प्रतिबन्ध लागिरहेका वेला अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि रोजा ओटुनबायेभाले यस्तो आह्वान गरेका हुन् । ओटुनबायेभाले अफगानिस्तानमा जति लामो समयसम्म प्रतिबन्ध रहन्छ त्यति नै धेरै देशका लागि नोक्सान हुने चेतावनी दिए । अफगानिस्तान अवस्थाबारे राष्ट्रसंघीय सुरक्षा परिषद्को बैठक सकिएपछि पत्रकार सम्मेलनमा ओटुनबायेभाले दोहामा हुने तेस्रो बैठकमा पहिचानको मुद्दालाई निरन्तरता दिने आशा राखेको बताए । 'हाल धेरै महिला सार्वजनिक स्थानमा जान डराउँछन्, म यस अवसरमा वास्तविक अधिकारीहरूसँग यी प्रतिबन्ध फिर्ता लिनका लागि पुनः आग्रह गर्दछु । महिला र बालिकामाथि यी प्रतिबन्ध जति लामो समयसम्म जारी रहन्छ त्यति नै धेरै नोक्सान हुनेछ,' उनले भने । अफगानिस्तानका विषयमा तेस्रो दोहा बैठक यसै वर्षको जुनमा हुनेछ । 'हामी भविष्यमा एउटा अर्को दोहा बैठक गर्दै छौं । मलाई आशा छ, पहिचानको मुद्दा र विशेष दूतको भूमिकालाई निरन्तरता दिइनेछ । यो अब एजेन्डामा छ,' उनले थपे ।

अधिकांश अमेरिकी बाइडेन प्रभावशाली राष्ट्रपति हुन नसक्ने मान्छन्

सन् २०२० मा बाइडेनलाई मत दिएका मतदातामध्ये ६१ प्रतिशतले बाइडेनको उमेरका कारण दोस्रो कार्यकालका लागि उम्मेदवार हुन उपयुक्त नभएको धारणा व्यक्त गरेका छन्

न्युयोर्क टाइम्स र सिएना कलेजले संयुक्त रूपमा गरेको पछिल्लो मत सर्वेक्षणअनुसार अमेरिकाका अधिकांश मतदाताले जो बाइडेन धेरै बूढो भएकाले प्रभावशाली राष्ट्रपति हुन नसक्ने धारणा व्यक्त गर्छन् । सर्वेक्षणको नतिजाअनुसार मतदाताका रूपमा नाम दर्ता गरेकामध्ये ७३ प्रतिशतले बाइडेन धेरै बूढो भएको धारणा व्यक्त गरेका छन् । यस मत सर्वेक्षणको परिणामले ८१ वर्षीय राष्ट्रपति बाइडेनको मानसिक क्षमतामाथि प्रश्न गरेको छ । सन् २०२० मा बाइडेनलाई मत दिएका मतदातामध्ये ६१ प्रतिशतले बाइडेनको उमेरका कारण दोस्रो कार्यकालका लागि उम्मेदवार हुन उपयुक्त नभएको धारणा व्यक्त गरेका छन् । तिमध्ये २६ प्रतिशतले बाइडेन राष्ट्रपतिका लागि धेरै बूढो भएको भन्नेमा बलियो विश्वास व्यक्त गरेका थिए भने बाँकी ३५ प्रतिशतले केही हदसम्म सहमति जनाएका थिए ।

यो बृहत्तर मत सर्वेक्षणले अधिकांश मतदाता बाइडेनको उमेरलाई लिएर चिन्तित रहेको देखाएको छ । बाइडेनले भाषणमा एउटा विश्वनेताको नामको साटो अर्कै नेताको नाम भन्ने, धेरै पहिले मरिसकेको नेतासँग भर्खरै भेटेको भन्ने गरेको र भाषणपछि हावामा हात मिलाएका विभिन्न भिडियो क्लिप समाजिक सञ्जालमा आइरहन्छन् । यस्ता हर्कतले मतदातामाझ बाइडेनले राष्ट्रपति चुनाव जिते भने प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सक्ने क्षमतामै प्रश्न उठ्न थालेको छ । यस्तो विश्वास बढ्दा बाइडेनको चुनावी अभियानलाई झट्का लाग्ने उनको टिममा पहिलेदेखि डर थियो । बाइडेनका सम्भावित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्प बाइडेनभन्दा चार वर्ष मात्र कान्छा भए पनि उनीमाथि बुढ्यौलीका कारण कार्यसम्पादनमा असर पर्न सक्ने आशंका उठेको छैन । ८१ वर्षको उमेरका बाइडेनले उम्मेदवारी पाए भने उनी अमेरिकी इतिहासमा पुनः निर्वाचित हुन खोज्ने सबैभन्दा वृद्ध राष्ट्रपति हुनेछन् ।

चुनावका लागि नौ महिना मात्र बाँकी रहँदा बाइडेनको अनुमोदन दर बढ्दै गएको छ । एकपछि अर्को मत सर्वेक्षणमा बाइडेन सामान्यतया ट्रम्पभन्दा पछि देखिन्छन् । बाइडेनका बढ्दो अलोकप्रियतामा मुख्यतः उनको बुढ्यौली र त्योसँगै बढ्दै गएको समस्या जोडिएको विश्वास गरिन्छ । द न्युयोर्क टाइम्स/सिएना अध्ययनमा बाइडेनको बुढ्यौलीका कारण उनले राष्ट्रपतिको रूपमा गर्नुपर्ने काम सम्हाल्न सक्षम हुनेछैनन् भन्ने विश्वास गर्नुहुन्छ भन्ने प्रश्नमा कुल दर्ता भएका मतदाताम्ध्ये ४५ प्रतिशतले सहमति जनाएका छन् । यस्तो सहमति व्यक्त गर्नेमा चार वर्षअघि बाइडेनलाई मतदान गर्नेहरूसमेत छन्, जसको हिस्सा १९ प्रतिशत पाइएको छ ।

यसबीच, कुल दर्ता भएका मतदाताम्मा, २६ प्रतिशतले भने बाइडेनको उमेरले उनको प्रभावकारिता कम भए पनि उनी अझै पनि राष्ट्रपतिको काम राम्रोसँग सम्हाल्न सक्षम भएको विचार



> बाइडेनका सम्भावित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्प बाइडेनभन्दा चार वर्ष मात्र कान्छा भए पनि उनीमाथि बुढ्यौलीका कारण कार्यसम्पादनमा असर पर्न सक्ने आशंका उठेको छैन

व्यक्त गरे । सन् २०२० मा उनलाई मत दिनेमध्ये, ४१ प्रतिशत यस विचारका समर्थक थिए । उता बाइडेनभन्दा चार वर्ष कान्छा ट्रम्प प्रभावकारी राष्ट्रपति हुन नसक्ने गरी बूढो भएकोमा सहमत हुनुहुन्छ भन्ने प्रश्नमा कुल दर्ता भएका मतदाताको ४२ प्रतिशत सहमति जनाए । यो संख्या पनि तुलनात्मक उच्च भए पनि बाइडेनको प्रश्नमा सहमति जनाउने ७३ प्रतिशतभन्दा निकै कम हो । सन् २०२० मा ट्रम्पलाई मतदान गर्नेहरूमध्ये पाँच प्रतिशतले मात्र यस कथनमा बलियो विश्वास गर्ने बताएका थिए भने थप नौ प्रतिशतले ट्रम्पलाई पहिले मत दिएकाले केही हदसम्म यस भनाइमा सहमत भएको बताएका थिए । कुल दर्ता भएका मतदातामध्ये २१ प्रतिशतले ७७ वर्षीय ट्रम्पको उमेरले उनको प्रभावकारिता घटाए पनि उनी अझै राम्रो राष्ट्रपति हुने विश्वास व्यक्त गरेका छन् । जम्मा १९ प्रतिशत दर्ता गरिएका मतदाताले मात्र ट्रम्प काम राम्ररी सम्हाल्न नसक्ने गरी बूढो भएको बताएका छन् ।

न्युयोर्क टाइम्स/सिएना मतसर्वेक्षणको परिणाम सार्वजनिक भएपछि प्रतिक्रिया दिने क्रममा बाइडेनको चुनाव अभियानका सञ्चार प्रबन्धक माइकल टायलरले 'मत सर्वेक्षणले डोनाल्ड ट्रम्पलाई 'लगातार बढी मूल्यांकन गरेको' र बाइडेनलाई कम आकलन गरेको बताए । 'मत सर्वेक्षणको परिणाम र आमअमेरिकीले चुनावको समयमा गर्ने मतदान फरक परिरहेको देखिएको छ,' पोलिटिकोसँग बोल्दै टाइलरले भने । टायलरले सोही रिपोर्टिङमा अगाडि भने, 'मत सर्वेक्षणले भन्दा सटिक चित्र विशेष चुनाव वा राष्ट्रपतिका प्राइमरीहरूमा मतदाताले देखाउने व्यवहारबाट आउँछ । यी चुनावबाट एकदम स्पष्ट चित्र आइरहेको छ, जो बाइडेन र डेमोक्र्याटहरूले डोनाल्ड ट्रम्प र उनी नेतृत्वको पार्टीलाई उछिनिरहेका छन् । रिपब्लिकन पार्टी अहिले कमजोर, आवश्यक रकमविहीन र गम्भीर रूपमा विभाजित छ । हाम्रो चुनावी अभियानले होहल्लालाई बेवास्ता गर्दै जित्नको लागि बलियो अभियान चलाइरहेको छ- जसरी हामीले २०२० मा चलाएका थियौं ।'

तर, सर्वेक्षणमा अमेरिकाको राष्ट्रपति चुनावका निर्णायक मानिने 'स्विङ स्टेट' एरिजोना, जर्जिया, मिसिगन, नेभाडा, उत्तरी क्यारोलिना, पेन्सिलभेनिया र विस्कन्सिनका ८२ प्रतिशत मतदाताले बाइडेन धेरै बूढा भएको विश्वास व्यक्त गर्नु बाइडेनको टिमका लागि चिन्ताजनक हुन सक्छ । तथापि सोही सर्वेक्षणमा नोभेम्बरमा मतदान गर्ने योजनामा रहेकामध्ये २८ प्रतिशतले ट्रम्प देशका लागि खतरनाक भएको विश्वास व्यक्त गरेका छन् । यसले बाइडेनलाई केही राहत दिन सक्छन् । ट्रम्पले उनीविरुद्ध बढ्दो कानुनी मुद्दा र रिपब्लिकन राष्ट्रपति मनोनयन सुनिश्चित गर्ने प्रयासमा उग्र वक्तव्यबाजी बढाइरहेको सन्दर्भमा उनलाई खतरा मान्नेहरू पनि बढिरहेका छन् । गत साताको अन्त्यमा सिप्याकमा दिइएको एक भाषणमा, ट्रम्पले आफूले जिते राजनीतिक विरोधीसँग 'बदला लिने र कसैलाई नछाड्ने' वाचा गरेका थिए ।

ट्रम्पको उग्रताको वृद्धिका बाबजुद अधिकांश मतदाताको चिन्ता बाइडेनको उमेर र प्रभावकारितामै केन्द्रित देखिन्छ । गत महिना अर्को विश्वसनीय सर्वेक्षण संस्था ग्यालपले गरेको मतसर्वेक्षणले बाइडेनको अनुमोदन दर ३८ प्रतिशतले पाएको थियो, जुन जनवरीमा गरिएको मत सर्वेक्षणबाट तीन प्रतिशतले ह्रास हो । सो सर्वेक्षणमा सहभागीमध्ये ५९ प्रतिशत वयस्क अमेरिकीले राष्ट्रपतिप्रति असन्तुष्टि व्यक्त गरेका थिए । उता बाइडेनले गोप्य दस्ताबेज घर लगेको विषयमा अनुसन्धानपछि जारी ३८८ पृष्ठको प्रतिवेदनमा स्पेसन काउन्सल रोबर्ट हरले राष्ट्रपतिलाई 'कमजोर स्मरणशक्ति भएको वृद्ध मानिस' भने । सो प्रतिवेदन सार्वजनिक भएपछि दिइएको एक भाषणमा बाइडेनले आफ्नो स्मरणशक्ति राम्रो भएको दाबी गरेका थिए ।

- द गार्जियनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २७ फागुन ०८०

तीन वर्षमा बन्नुपर्ने चार लेनको महाकाली पुल सात वर्ष बित्दा पनि अधुरै



दोधारा-चाँदनी नगरका मेयर **किशोरकुमार लिम्बू** भन्छन्- पुल निर्माणको काम अघि बढाउन पालिकाबाट मन्त्रालयमा पत्राचार गरेका छौं । ठेकेदार कम्पनीलाई किन काम रोकेको भनी सोधपुछ गरेका छौं । उहाँहरूले गरेको कामको भुक्तानी नपाएको र गाडीहरूमा इन्धन हाल्नसमेत पैसा नहुँदा थप काम गर्न नसकिने जवाफ दिनुभएको छ । मैले व्यक्तिगत रूपमा प्रदेश सदस्य बेलबहादुर राना, प्रतिनिधिसभा सदस्य रमेश लेखकसँग पनि रोकिएको काम सुचारुका लागि पहल गरिदिन पटक-पटक भन्दै आएको छु, तर काम अझै अघि बढ्न सकेको छैन ।



सडक विभागका महानिर्देशक **सुशीलबाबु ढकाल** भन्छन्- सार्वजनिक बिदाकै दिन भए पनि शनिबार नवनियुक्त अर्थमन्त्री वर्षमान पुनसँग यसबारे छलफल गरेका छौं । उहाँले यो समस्या समाधान गर्ने विषयलाई एकदमै प्राथमिकतामा राख्नुभएको छ । यो समस्या छिट्टै समाधान हुन्छ भन्नेमा आशावादी छौं । अर्थ मन्त्रालयबाट बजेट निकासा हुनासाथ निर्माण कम्पनीको बक्यौता भुक्तानी हुन्छ ।



कञ्चनपुरको निर्माणाधीन पक्की पुल

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरको महाकाली नदीमा निर्माण भइरहेको चार लेनको पुलको काम पाँच महिनादेखि रोकिएको छ । पुल निर्माण कम्पनी पिके श्रेष्ठ-कुमार श्रेष्ठ सिएफइसी जेभीले काम गरेअनुरूप भुक्तानी नपाएको भन्दै पुलको काम रोकेको जनाएको छ । पुल निर्माणका लागि तीन अर्ब ६६ करोड पाँच लाख ४६ हजारमा सम्झौता भएको थियो ।

सम्झौताअनुसार मुख्य पुल ७.८ मिलोमिटरको पहुँचमार्ग, चारवटा पोखरी र नदीमा तटबन्द निर्माण गर्नुपर्छ । यी सबै निर्माण कार्य ९० प्रतिशतभन्दा बढी निर्माण भइसकेको र तीन अर्ब भुक्तानी लिइसकेको निर्माण व्यवसायी कम्पनीका इन्जिनियर किशोर पाण्डेले बताए । तर, गत वर्षसम्मको बक्यौतामध्ये १८ करोड भुक्तानी हुँदा पनि अझै २७ करोड बाँकी रहेकाले २२ असोजदेखि काम रोकिएको उनको भनाइ छ ।

आर्थिक वर्ष ०७४/७५ मा ठेक्का गरेर तीन वर्षभित्रै सम्पन्न गरिसक्नुपर्ने सरकारसँग सम्झौता भएको थियो । १५ भदौ ०७४ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पुलको शिलान्यास गरेका थिए । २० भदौ ०७७ मा सकिनुपर्ने काम चारपटक म्याद थप गर्दासमेत अझै कहिले सकिन्छ टुंगो छैन । आगामी १५ चैत ०८० मा पुल निर्माणको अन्तिम म्याद सकिन्छ । तर, फागुनको अन्तिम सातासम्म पनि पुलको काम सुरु हुन सकेको छैन । मूल पुल आठ सय मिटर निर्माण भने सम्पन्न भएको छ । भारतसँग जोडिएका दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुरमध्ये महाकाली नदीमा निर्माण भइरहेको उक्त पक्की पुल पहिलो हो । महाकाली नदीमा चार लेनका पक्की पुल छैनन् । पुल निर्माण पूरा नहुँदा दोधारा-चाँदनी सुक्खा बन्दरगाहदेखि भारतको राजधानी दिल्लीलगायतका स्थानमा सहजै पहुँचमार्गको काम रोकिएको छ ।

महाकाली पुल योजना कार्यालयले बजेट अभाव, अतिरिक्त थपिएको काम स्वीकृत नहुँदा र नदी नियन्त्रणको संशोधित योजना स्वीकृत नहुँदा निर्माण कम्पनीले काम रोकेको जनाएको छ । महाकाली पुल आयोजना कार्यालय कञ्चनपुरका सहायक सूचना अधिकारी सब-इन्जिनियर दुर्गादत्त अवस्थीले निर्माण कम्पनीले गरेको कामअनुरूप बजेट भुक्तानी गर्न नसक्दा, अतिरिक्त योजना र तटबन्धनको संशोधित योजना मन्त्रालयबाट स्वीकृत नहुँदा काम रोकिएको बताए । उनका अनुसार पोखरी, तटबन्ध पहुँचमार्ग निर्माण अझै बाँकी रहेका छन् ।

पुलको दुवैतर्फ २६ सय मिटर लामो पोखरी बनाउन दुई सय ५० किलोका ठूला परिमाणका ढुंगा राख्नुपर्ने सुरुवाती डिजाइन छ । तर, स्थानीय पालिकाले चुरेबाट ढुंगा दिन नमान्दा विकल्पका रूपमा सिमेन्ट तथा साना परिमाणका ढुंगा राख्नका लागि डिजाइन परिवर्तन गरिएको छ । त्यस्तै, पुलको पूर्व-पश्चिम र गड्डाचौकीमा सडक कालोपत्रे गर्न बाँकी रहेको उनले बताए । उनका अनुसार दोधारा-चाँदनी सुक्खा बन्दरगाहको जिरो प्वाइन्टदेखि पुल हुँदै गड्डाचौकी पूर्व-पश्चिम महेन्द्र राजमार्गसम्म झन्डै ७.८ किलोमिटर पहुँचमार्गको कालोपत्रे गर्नुपर्ने काम पनि अधुरै छ । 'गड्डाचौकी पुलको पश्चिम-पूर्वतर्फ कालोपत्रे गर्न बाँकी छ, 'उनले भने, 'पुलसँगै सडकको काम पनि रोकिएको छ ।'

सडक विभागका उपमहानिर्देशक तथा पुल महाशाखा प्रमुख ललिजन खनालले बजेट अभावकै कारण भुक्तानी गर्न नसकेको स्वीकार गरे । साथै, पुलको डिजाइन संशोधन हुन लागेका कारण प्रक्रियागत रूपमा ढिलाइ भएको उनको भनाइ छ । 'यद्यपि, डिजाइन परिवर्तनसँग भुक्तानीको प्रत्यक्ष सम्बन्ध छैन । अहिले बजेट अभावकै कारण भुक्तानी गर्न नसकिएको हो । यो मात्रै होइन, अन्य ठेक्का तथा आयोजनाको पनि भुक्तानी गर्न सकिएको छैन,' उनले भने, 'अर्थ मन्त्रालयबाट बजेट निकासा नभएसम्म भुक्तानी गर्न सक्ने अवस्था छैन । अर्थ मन्त्रालयमा बजेट निकासाका लागि पत्राचार गरिसकेका छौं । तर, अहिलेसम्म बजेट निकासा भएको छैन । बजेट निकासा भएको एक हप्तामा सम्बन्धित कम्पनीको बक्यौता भुक्तानी हुन्छ ।'

विभागका महानिर्देशक सुशीलबाबु ढकालले यो समस्या छिट्टै समाधान हुने बताए । 'सार्वजनिक बिदाकै दिन भए पनि शनिबार नवनियुक्त अर्थमन्त्री वर्षमान पुनसँग यसबारे छलफल गरेका छौं । उहाँले यो समस्या समाधान गर्ने विषयलाई एकदमै प्राथमिकतामा राख्नुभएको छ,' उनले भने, 'यो समस्या छिट्टै समाधान हुन्छ भन्नेमा आशावादी छौं । अर्थ मन्त्रालयबाट बजेट निकासा हुनासाथ निर्माण कम्पनीको बक्यौता भुक्तानी हुन्छ ।'

■ पाँच महिनादेखि निर्माण कार्य ठप्प, छिटो सक्न स्थानीयको माग

पोखरी र तटबन्धनमा ठूला ढुंगा राख्नुपर्ने अधिल्लो योजना रहेको र सोअनुरूप ठूला परिमाणका ढुंगा नपाएपछि नदी नियन्त्रण र पोखरीको कामका लागि योजना संशोधन गर्न लागिएको छ । योजना संशोधनसँगै बजेटसमेत वृद्धि हुने भएकाले मन्त्रालयले स्वीकृत नदिँदा उक्त कामसमेत रोकिएको छ । अब तारजाली र कंक्रिटबाट तटबन्ध र पोखरी निर्माण गरिनेछ ।

गौरवकै योजना महाकाली पुलको काम रोकिएको महिना बितिसक्दा पनि पुनः सुचारु हुन नसकेपछि स्थानीयसमेत चिन्तित छन् । महाकाली पुलले पश्चिम नेपालबाट समृद्धिको सम्भावना बोके पनि सुरुवाती चरणदेखि द्रुत गतिमा अघि बढेको पुलको काम अहिले रोकिएपछि स्थानीय चिन्तित भएका हुन् । दोधारा-चाँदनीका स्थानीय युवा भरतदत्त भट्टले लामो समयदेखि निर्माण भएको पुल एकाएक ६ महिनादेखि कामकाज ठप्प हुन दुखित बनाएको बताए । 'ठेकेदार कम्पनीले बजेट नपाएपछि काम रोकेको बाहिर भन्दै आएको छ, सम्बन्धित सरकारी कार्यालयबाट बजेट मात्रै कारण नभएको धारणा आउँछ, 'उनले भने, 'हामी जनतालाई ठेकेदार र कार्यालयले गुमराहमा राखेको देखिन्छ, जे भए पनि रोकिएको काम शीघ्र सञ्चालन हुनुपर्छ ।' उता भारतीय पक्षबाट दोधारा-चाँदनीमा बन्ने भनिएको सुक्खा बन्दरगाहको पहुँचमार्ग निर्माण अघि बढिरहेका बेला नेपालतर्फ निर्माण भइरहेको पुलको काम पनि रोकिनु उचित नभएको उनको बुझाइ छ । 'दोधारा-चाँदनीमा बन्ने भनिएको सुक्खा बन्दरगाको पहुँचमार्ग नेपालले मलरिया नालासम्म बनाएको छ, तर पुलको काम पूरा गरेको छैन, 'उनले भने, 'यसबाट समेत हामीलाई पुल निर्माणमा थप आशंका उत्पन्न गराएको छ ।' भीमदत्त नगरपालिकाका युवक अमिर तिरुवाले नियमित काम सुरु भएको पुल निर्माण कार्य रोकिएपछि स्थानीयमा आशंका उत्पन्न गराएको बताए । 'यो त हाम्रो देशकै गौरवको योजना हो, 'उनले भने, 'ठेकेदारले बजेट बहानाबाजी गरेर काम रोकेको छ ।' भारततर्फ सुक्खा बन्दरगाह निर्माणको काम अघि बढे पनि नेपालतर्फ पुल निर्माणको काम नै रोकिनु दुःखद भएको उनले बताए ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

पुल निर्माणसँगै वर्षौंदेखि भारतीय भूमि भएर आफ्नै भूमिमा जान बाध्य भएका दोधारा-चाँदनी नगरका जनतामा खुसी छाएको थियो । अहिले पुल निर्माण कार्य रोकिएपछि उनीहरू थप चिन्तित भएका छन् । दोधारा-चाँदनीका स्थानीय खड्क रावलले विगतमा महाकाली नदीमा पुल नहुँदा भारतीय भूमि वनबासा भएर जिल्ला सदरमुकामसहित नेपाली भूमिमा आउन-जान बाध्यता रहेको बताए । 'विगतमा महाकालीमा पुल नहुँदा हामी दोधारा-चाँदनीका जनता कञ्चनपुर (नेपाल)सँग सम्बन्धविच्छेदजस्तै थियो,' उनले भने, '०६२/६३ सालतिर झोलुंगे पुल बन्यो, त्यसबाट समेत पैदल, साइकल, मोटरसाइकल आउजाउमा सहज गरायो, अहिले बनेको पक्की पुलले उच्चतम सुविधा ल्याइदिएको छ ।'

जिल्ला सदरमुकामसहितका अन्य स्थानबाट दोधारा-चाँदनी आउन अहिले चारपाँग्रेसहितका ठूला सवारीसाधनबाट थप सुविधा भएको बताउँदै उनले बाँकी रहेको काम समयमै गर्नुपर्नेमा जोड दिए । दोधारा-चाँदनी नगरका मेयर किशोरकुमार लिम्बूले पुल निर्माणको काम अघि बढाउन पालिकाबाट मन्त्रालयमा पत्राचार गरिएको बताए । 'यो पुलको काम रोकिएपछि हामीले ठेकेदार कम्पनीलाई किन काम रोकेको भनी सोधपुछ गरेका छौं । उहाँहरूले गरेको कामको भुक्तानी नपाएको र गाडीहरूमा इन्धन हाल्नसमेत पैसा नहुँदा थप काम गर्न नसकिने जवाफ दिन्छन्, 'उनले भने, 'मैले व्यक्तिगत रूपमा प्रदेश सदस्य बेलबहादुर राना, प्रतिनिधिसभा सदस्य रमेश लेखकसँग पनि रोकिएको काम सुचारुका लागि पहल गरिदिन पटक-पटक भन्दै आएको छु, तर काम अझै अघि बढ्न सकेको छैन ।'

वीरगन्ज-पथलैया ६ लेनको मुख्य सडकमै व्यापार



बाराका **इन्दीप कोइराला**

बाराको वीरगन्ज-पथलैया ६ लेन मुख्य सडकखण्डमा स्थानीय व्यापारीले अतिक्रमण गरेर व्यापार गर्ने कार्य बढ्दै गएको छ । बाराको मुख्य व्यापारिक केन्द्रका रूपमा रहेको वीरगन्ज पथलैया ६ लेन सडकअन्तर्गत जितपुर चोकमा बिहानैदेखि राजमार्ग अतिक्रमण गरेर फलफूलगायत विभिन्न सामग्री किनबेच हुँदै आएको छ ।

खुद्रा व्यापारीले बजारको मुख्य सडकखण्डको भाग मिचेर व्यवसाय सञ्चालन गर्न थालेपछि सर्वसाधारणलाई आवतजावत गर्नसमेत समस्या हुन थालेको छ । जितपुरसिमरा उपमहानगरपालिकाको गेटबाट बकुलिया जाने बाटोको दुवैतिर फुटपाथ व्यवसायीहरूले ठेला लगाएर व्यापार गर्दा दुर्घटनाको पनि जोखिम बढेको स्थानीय नेजारुल अन्सारीले बताए ।

सडकको छेउछाउमा खुला रूपमा नालामाथि बाँस र काठको स्लेप बनाएर व्यापारीहरूले व्यवसाय गरिरहेका छन् । पटक-पटक सूचना निकालेर स्थान खाली गर्न आग्रह गरे पनि व्यापारीहरूले अटेर गरेको जितपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीले बताए । सडक अतिक्रमण गरेर व्यापार गर्नु गलत भएको र अब उपमहानगरले कडा एक्सन लिएर चाँडै सडकपेटीमा व्यापार गर्ने कार्य विस्थापित गर्ने उनको भनाइ छ ।

मुख्य सडक अतिक्रमण गरेर व्यवसाय गर्दा बजार क्षेत्र फोहोरमै बन्दै गएको र सटर भाडामा लिएर व्यवसाय गर्नेहरू विस्थापित हुँदै गएको जितपुरसिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले बताए । लामो समयसम्म पनि उपमहानगरपालिका र स्थानीय प्रशासनले सडक ठेला व्यापारीलाई सडकबाट हटाउन प्रयास नगर्दा दिनानुदिन बढ्दै गइरहेको उनको भनाइ छ । उनका अनुसार सडक अतिक्रमण हुँदै गएका कारण यातायात सञ्चालन जटिल बन्दै गएको छ ।

गुल्मीका कृषक परम्परागत खेती छाडेर कफीखेतीमा

गुल्मी/ जिल्लाको मदाने गाउँपालिका- ३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका कृषकहरू मकै र कोदो लगाउन छाडेर कफीखेतीतर्फ लागेका छन् । प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाले कृषकलाई कफीको उत्पादन र महत्त्वबारे जानकारी गराउँदै अनुदान उपलब्ध गराउन सुरु गरेपछि कृषक कफीखेतीमा आकर्षित बनेका हुन् । परम्परागत खेतीबाट बादर, बँदेल, दुम्सी तथा चराचुरुंगीबाट हैरानी खेप्दै आइरहेका कृषकका लागि अन्य बाली उत्पादनको तुलनामा कफी थप सजिलो बनेको छ । तीन वर्षअघि गठन भएको तीनधारे कफी उत्पादन कृषक समूहमार्फत स्थानीय कृषकले कफीखेतीको सुरुवात गरेका हुन् । प्रत्येक घरमा ५० देखि दुई हजारसम्म कफीका बोट छन् । तीन वर्षअघि रोपेका बोटले फल दिन सुरु गरेपछि कृषक उत्साहित बनेका छन् ।



सिर्सेनी टोरेटाका कृषक मेघलाल अर्याल यस क्षेत्रमा सबैभन्दा धेरै कफी लगाउने कृषकमध्येमा पर्छन् । 'विगतमा मकै र कोदो रोप्दै आएका बारीहरू अहिले सबै कफीले ढपक्क ढाकेका छन्,' उनले भने, 'दश रोपनी जग्गामा सबै कफी लगाएको छु ।' अर्का कृषक शशिधर अर्यालले सुरुमा बिरुवा हुर्काउन समस्या परे पनि अहिले कफीखेतीले आशा जगाएको बताए । परियोजना गुल्मीकी प्रमुख गंगाकुमारी पोखरेलले व्यावसायिक कफीखेतीको विस्तारका लागि कार्यालयका तर्फबाट बिरुवा, मल, सिँचाइ, छहारीका लागि नेटजालीलगायतमा अनुदान उपलब्ध गराउँदै आइएको बताए । साथै, गाउँमा कफी पाठशाला सञ्चालन गरेर कृषकलाई व्यावसायिक र प्राविधिक ज्ञान दिने गरिएको उनको भनाइ छ ।

गुल्मीमा अहिले दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । जिल्लामा आर्थिक वर्ष ०७९/८० मा ३० मेट्रिकटन कफी उत्पादन भएको थियो । सोअन्तर्गत आठ टन ग्रिनविन मात्र तेस्रो मुलुकमा निर्यात भएको छ । पछिल्लो समयमा कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्रलगायत कार्यालयका साथै स्थानीय तहले कृषकलाई कफीखेतीमा लाग्न प्रेरित गर्दै आइरहेका छन् । - रासस

नेपालको समृद्धिमा योगदान अझ बढाउन एनआरएनलाई आग्रह

काठमाडौं/ नवनियुक्त उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको समृद्धिमा योगदान गर्न गैरआवासीय नेपाली संघ (एनआरएन)लाई आग्रह गरेका छन् । उपप्रधानमन्त्रीले एनआरएनले अहिले पनि योगदान गरिरहेको भन्दै त्यसलाई अझ बढाउन आग्रह गरेका हुन् ।

एनआरएन अध्यक्ष डा. बद्री केसीसँग भएको भेटमा उनले यस्तो बताएका हुन् । उक्त अवसरमा डा. केसीले गैरआवासीय नेपाली संघको अभियान तथा संस्थागत विकासमा भएका प्रगति र समस्याका बारेमा जानकारी गराएका थिए । सरकारसँग विगतका दिनहरूमा जस्तै सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

मन्त्री श्रेष्ठले गैरआवासीय नेपालीले नेपालका लागि गरेको योगदानको चर्चा गर्दै आगामी दिनमा मिलेर काम गर्न मन्त्रालय सहयोगी हुने बताए । त्यस्तै, गैरआवासीय नेपालीका लागि नेपालको समृद्धिमा योगदानका लागि प्रशस्त सम्भावना रहेको र संघको अभियानका बारेमा आफू पूर्ण जानकार रहेको मन्त्री श्रेष्ठको भनाइ थियो ।

श्रेष्ठले एनआरएनएसँग मिलेर काम गर्न आफू सकारात्मक रहेको बताए । यसअघि गृह मन्त्रालय समालेका श्रेष्ठले पुनर्गठित मन्त्रिपरिषद्मा परराष्ट्र मन्त्रालयको जिम्मेवारी समालेका हुन् । उनीले बिहीबार रुसी समकक्षी लाभारोभसँग रुसी सेनामा अलपत्र परेका नेपालीको समस्याका बारेमा फोनवार्ता गरेका थिए । यसअघि गैरआवासीय नेपाली संघले रुसी सेनामा अलपत्र परेका नेपालीको उद्धार तथा सहयोगका लागि आग्रह गर्दै आएको थियो ।

अस्ट्रेलियन पर्वतारोही एली पेपरले अक्सिजनविना अन्नपूर्ण हिमाल चढ्ने



काठमाडौं/ अस्ट्रेलियन पर्वतारोही एली पेपरले अक्सिजनविना अन्नपूर्ण हिमाल चढ्ने भएकी छिन् । उनले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै सन् २०२६ भित्र विनाअक्सिजन विश्वका आठ हजार मिटर अग्ला १४ हिमाल आरोहण गर्ने लक्ष्य लिएको जानकारी दिइन् । यही वसन्त ऋतुमा अन्नपूर्ण-१ चढ्न लागेको उनले बताएकी हुन् ।

'मेरो आफ्नै आरोहण शैलीका कारण मैले तोकेको समयमा लक्ष्य हासिल गर्ने कुरामा म विश्वस्त छु,' पेपरले भनिन् । उनले कपनको सेभेन समिट ट्रेक्समार्फत विनाअक्सिजन अन्नपूर्ण हिमालको आरोहण गर्न लागेकी हुन् । पेपरले सन् २००७ मा तिब्बतको माउन्ट चोयु हिमाल विनाअक्सिजन आरोहण गरेकी थिइन् ।

पेपरले सन् २०२३ को जुलाई १५ मा ब्रोडपिक र सन् २०२३ को सेप्टेम्बर २८ मा मनास्लु हिमालको सफल आरोहण गरिसकेकी छिन् । ब्रोडपिक विनाअक्सिजन सफल आरोहण गर्ने उनी पहिलो अस्ट्रेलियाली महिलासमेत हुन् । विश्वमा हालसम्म ६ जना आरोहीले मात्र विनाअक्सिजन आठ हजार मिटरभन्दा अग्ला १४ हिमालको सफल आरोहण गरिसकेका छन् ।

निजी क्षेत्रका सबै समस्या समाधान गर्छौं : उपप्रधानमन्त्री सेठ

निर्यात वृद्धिका लागि नगद अनुदानको दर बढाउन र प्रक्रिया सरल बनाउन उद्योगीको माग

नयाँ पत्रिका

उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले निजी क्षेत्रका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्। मुलुकको आर्थिक अवस्था बलियो बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको भन्दै उनले उद्योगी-व्यवसायीलाई विश्वासमा लिएर अघि बढ्ने बताए।

नेपाल तयारी पोसाक उद्योग संघको २९औँ वार्षिक साधारणसभामा बोल्दै उपप्रधानमन्त्री सेठले सरकार र निजी क्षेत्रको सहकार्यविना मुलुकले फड्को मार्न नसक्ने बताए। 'देश बनाउने तपाईं-हामीले नै हो, मुलुकको आर्थिक अवस्था सबल बनाउन सबैको सहकार्य आवश्यक छ,' उनले भने, 'मुलुकको आर्थिक अवस्थालाई बलियो बनाउन सरकार केन्द्रित छ, हामी निजी क्षेत्रका सबै समस्या समाधान गर्न प्रतिबद्ध छौं।'

उक्त अवसरमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निजी क्षेत्रसँग सहकार्य गर्दै उत्पादन तथा निर्यात बढाउन सरकार केन्द्रित हुने बताए। उनले स्वदेशी उत्पादनले बजार नपाउनाको कारण खोजेर समाधान गरिने बताए।

निर्यात सहजीकरण गराउन सांसदको सुझाव

कार्यक्रममा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले तयारी पोसाक तथा कृषिजन्य उत्पादनको निर्यात सहजीकरण गर्न सरकारलाई सुझाव दिए। त्यस्तै, उनले निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा लैजान नदिने प्रतिबद्धता व्यक्त गरे।

उद्योग-वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य एवं संघका सदस्य गणेश पराजुलीले नेपालको निर्यातजन्य वस्तुको प्रमुख हिस्सा तयारी पोसाक रहेको उल्लेख गर्दै निर्यातमा अनुदान दिने व्यवस्थालाई थप व्यवस्थित बनाउन सुझाव दिए।



■ आर्थिक एजेन्डामा एकमत हुन महासंघको आग्रह

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक एजेन्डामा एकमत हुन सबै राजनीतिक दललाई आग्रह गरे। अहिले बजारमा माग कम भएर बजार चलायमान हुन नसकेको अवस्थामा सबै पक्षको एकता आवश्यक रहेको उनले बताए। यसैगरी, निजी क्षेत्रको मनोबल बढाउन मर्यादाक्रममा निजी क्षेत्रलाई समावेश गर्न पनि उनले आग्रह गरे। गाउँ र सहरमा रकम प्रवाह गर्न पुनर्कर्जा सुविधा र पुँजीगत खर्च बढाउनुपर्नेमा पनि उनले जोड दिए।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले तयारी पोसाक उद्योग मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको बताए। उनले यस क्षेत्रको विकासमा ध्यान दिनुपर्नेमा जोड दिए। नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रका सुझावलाई समेटेर बजेट र मौद्रिक नीति ल्याउनुपर्ने बताए।

■ अनुदान बढाउन र ब्याज सुविधा दिन माग

नेपाल तयारी पोसाक संघका अध्यक्ष पशुपतिदेव पाण्डेले तयारी पोसाकको निर्यात वृद्धिका लागि अनुदानको दर बढाउन तथा सहुलियत ब्याजमा कर्जा उपलब्ध गराउन माग गरे। उनले छिमेकी मुलुकको दाँजोमा नेपाली तयारी पोसाक करिब २७ प्रतिशतभन्दा बढिका दरले महँगो भएकाले उत्पादनलाई प्रतिस्पर्धात्मक र कम खर्चिलो बनाउन निर्यातमा दिने नगद अनुदानको दर ४ प्रतिशतबाट बढाएर न्यूनतम १० प्रतिशत पुऱ्याउन आवश्यक रहेको बताए।

त्यस्तै, नेपाली कपडा एवं धागो उद्योगलाई जस्तै तयारी पोसाकलाई पनि ५ प्रतिशत सहुलियत ब्याज उपलब्ध गराउन आग्रह गरे। उनले अन्तर्राष्ट्रिय मेलामा सहभागिताका लागि सहजीकरण गर्न, निर्यात कर्जालाई चालू पुँजीकर्जा ८० प्रतिशतसम्म दिन, एक्स्पोर्ट क्रेडिट इन्स्योरेन्सको व्यवस्था गर्न, बिजुलीमा सहुलियत दिनसमेत आग्रह गरे।

सन् १९८७ मा स्थापना भएको संघमा एक सयभन्दा बढी तयारी पोसाक उद्योगी आबद्ध छन्। तयारी पोसाक उद्योग क्षेत्रमा ३५ हजारले प्रत्यक्ष रोजगारी पाएको उनले बताए। गत आवमा भारत तथा तेस्रो मुलुकमा करिब नौ अर्ब रुपैयाँबराबरको तयारी पोसाक निर्यात भएको छ।

एनएमबि बैंकद्वारा जिइएसआई योजना घोषणा

काठमाडौं/ एनएमबि बैंकले समावेशी र समतामूलक समाज निर्माणमा आफ्नो प्रतिबद्धतालाई प्रवर्द्धन गर्दै जिइएसआई योजना सार्वजनिक गरेको छ। बैंकले सार्वजनिक गरेको उक्त नीतिले समाजमा विविधता प्रवर्द्धन, सीमान्तकृत समुदायलाई सशक्तीकरण र समुदायमा लैंगिक समानतालाई प्रोत्सान गर्ने जनाएको छ। जिइएसआईले समग्र बैंकिङ प्रणालीलगायत आफ्ना कर्मचारी, ग्राहक वर्गका आवश्यकता पूरा गर्दै समावेशी र उत्तरदायी बैंकिङ वातावरण सिर्जना गर्न मद्दत पुऱ्याउनेमा बैंक विश्वस्त रहेको छ। बैंकले लैंगिक समता र सामाजिक समावेशीकरण योजना कार्यान्वयन गर्दै, महाराजगन्ज, ठैव, नक्साल, महेन्द्रचोक, लुभु र वीरगन्जस्थित शाखाहरूमा ह्विलचेयर च्याम्प स्थापना गरेको छ। साथै, महिला नेतृत्व विकास गर्न देशभरि महिला नेतृत्व वुमेन लिडरसिप कार्यक्रमसमेत सुरुवात गरिसकेको छ।

महिला उद्यमीलाई प्रोत्साहन गर्न बैंकले विशेष सुविधासहितको आकर्षक कर्जा पनि उपलब्ध गराएको छ। एनएमबि बैंकले सबै प्रदेशमा महिलाले नेतृत्व गरेको र महिला मात्र भएको शाखाको घोषणा गरिसकेको छ। बैंकले सुन्दर सुदूरपश्चिम बचत खाता, कर्णाली विशेष बचत खाता, लुम्बिनी बचत खाता, मेरो गण्डकी बचत खाता, अपन एनएमबि बचत खाता, पाथीभरा बचत खातालगायतका प्रदेशकेन्द्रित बचत खाता ल्याइसकेको छ।

सेरेसको नयाँ स्टेट द अफ आर्ट सोरुम नक्सालमा



काठमाडौं/ नेपालका लागि सेरेस इभीको आधिकारिक विक्रेता एमएडब्लू वृद्धि अटोकर्पले नक्सालमा नयाँ स्टेट द अफ आर्ट सोरुम सञ्चालनमा ल्याएको छ। सेरेसका डेपुटी जनरल म्यानेजर जिया भिउ र एमएडब्लू ग्रुप अफ कम्पनिजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवालले सेरेसका प्रतिनिधि जुन सी र यी पांगलगायतको उपस्थितिमा बिहीबार आयोजित नयाँ सोरुम उद्घाटन गरिएको छ। सेरेस-३ समुद्री सतहबाट चार हजार ६ सय ६० मिटर उचाइमा अवस्थित कोरोला पास पुग्ने पहिलो इलेक्ट्रिक एसयुभी हो।

काठमाडौंको मुटुमा अवस्थित नयाँ सोरुमले ग्राहकलाई सेरेस इलेक्ट्रिक भेहिकलले संसारको आभास दिलाउनेछ। ग्राहक अनुभवलाई केन्द्रमा राखी डिजाइन गरिएको यो सोरुममा विशाल एलइडी डिस्प्ले, सेरेसका पछिल्ला इभी मोडल र परामर्श र टेस्ट ड्राइभका लागि अनुभवी सेल्स टिम हुनेछ। सेरेसले यसअघि नै काठमाडौं उपत्यकाभित्र पानीपोखरी र ललितपुर तथा काठमाडौंबाहिर पोखरा र बुटवल डिलर सञ्जाल विस्तार गरिसकेको छ।

पाथीभरामा केबलकार बनाउन दलहरूले सहजीकरण गर्ने

ताप्लेजुङ/ ताप्लेजुङको प्रसिद्ध तीर्थस्थल पाथीभरामा केबलकार निर्माण गर्न जिल्लाका दलहरूले सहजीकरण गर्ने भएका छन्। जिल्ला प्रशासन कार्यालयको संयोजनमा जिल्लामा क्रियाशील राजनीतिक दलहरूबीच भएको छलफलले यस्तो निर्णय गरेको हो। फुङलिङ नगरपालिका-११, फावाखोलामा निर्माण हुने केबलकार स्थानीय सरोकारवालाको अवरोधका कारण प्रक्रिया अघि बढ्न नसकेको दलहरूले ठहर गरेका छन्। केबलकार खारेजी संघर्ष समिति, मुक्कुमलुङ संघर्ष समितिलगायतका संघ-संस्थाले केबलकार बन्न नदिने चेतावनी दिँदै संघर्ष गर्ने बताएपछि सर्वदलीय बैठकले केबलकार निर्माणलाई अगाडि बढाउने सहमति गरेका छन्।

केबलकार निर्माणको जिम्मा उद्योग वाणिज्य संघका अध्यक्ष चन्द्र ढकालले लिएका छन्। केबलकार निर्माणको सुरक्षाका लागि सरकारले काफ्लेपाटीमा सशस्त्र प्रहरी राख्ने निर्णय गरेको छ। सुरक्षा स्रोतका अनुसार काफ्लेपाटीमा बस्ने सशस्त्र प्रहरीको टोली पनि सदरमुकाम फुङलिङ आइसकेको छ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Sikta Irrigation Project
Nepalgunj, Banke

Invitation for Online Bids

Date of publication: 2024-03-10 A.D (2080-11-27 B.S)

Sikta Irrigation Project invites the **online bids only** under e-procurement system for the construction of project mentioned below under National Competitive bidding. For further Details, Bidders are requested to visit the Sikta Irrigation Project, Nepalgunj, Banke, or PPMO's website https://bolpatra.gov.np/egp.

S. N.	Contract I.D.	Description and Location of the Work	Fee for bid document (NRs)	Estimated Amount (With VAT & PS)	Bid Security amount in (NRs)
1.	SIP/ RMHW/ NCB-10/080-81	Repair & Maintenance of Sikta Headworks (Civil, Mechanical & Electrical Works)	3,000.00	53,39,827.00	1,20,000.00
Last Date & Time of Bid Submission: **2080/12/27 (9th April, 2024)** (12:00 PM)					
Bid Opening Date & Time: **2080/12/27 (9th April, 2024)** (2:00 PM)					

Note: Bidders are requested to visit the site before bidding.

Project Director

Nepal Investment Mega Bank Limited
Sealed-Bid Invitation for Interior Construction of Branches

Nepal Investment Mega Bank Limited invites sealed-bids from interested contractors/vendors/suppliers for interior construction work (Civil, Electrical, Networking, Furniture and Allied work) for following branches:

1. Dailekh Branch, Dailekh (Relocation)
2. Ranke Branch, Panchthar (Relocation)
3. Rajbiraj Branch, Saptari (New Branch)
4. Ghurmi Branch, Udayapur (New Branch)
5. Kanchanbari Branch, Morang (New Branch)

Terms and Conditions:

- A copy of valid firm/company registration, VAT/PAN and latest Tax clearance certificate of last Financial Year.
- Experience letter of construction work carried out in at least five branches/offices of "A" Class Commercial Bank of Nepal.
- Bid documents with details of work to be carried out can be purchased on payment of NPR 3,000/- (non-refundable) in Account Number 001093701001 (A/C Payable Sundry Creditor Miscellaneous) for each branch from General Service Department, Nepal Investment Mega Bank Limited, Durbarmarg, Kathmandu.
- Only 4 (four) lowest eligible bidders will be called for negotiation.

Bid documents should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Limited, Durbarmarg, Kathmandu by 24th March, 2024 before 5:30 P.M. In case the last date of submission of bid is declared a public holiday, the sealed-bids can be submitted on the next working day.

Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

The Bank reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Nepal Investment Mega Bank Limited
Durmarmarg, Kathmandu
Phone No. 01- 5342530/01
5328229, Ext. 366

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/११/२७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक तिनाउ मिसन डेभलपमेण्ट बैंक लि.) को शाखा कार्यालय मुर्गिया, रुपन्देही बाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरुलाई मिति वि.सं २०८०/०५/१८ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित तथा मिति वि.सं २०८०/०८/१८ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने लिलामिको सुचना प्रकाशित र मिति वि.सं २०८०/१०/१७ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने लिलामिको सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स आवधिक तथा अधिविकर्ष कर्जा (कृषि सहूलियत कर्जा)

ऋणीको नाम : इशा पोल्ट्री फार्म प्रा.लि.
रजिष्टर्ड ठेगाना : सैनामैना न.पा. वडा नं.-८ भाटा, रुपन्देही
रजिष्ट्रेसन नं. : २३७३८५/७६/०७७ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, बुटवल शाखा)
दर्ता मिति : २०७७/०३/०९
पान नं. : ६०९७५१३०३

कम्पनीको संस्थापक तथा जमानीकर्ताको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगानाः
नाम : विष्णु प्रसाद पौडेल बाबु : छबिलाल पौडेल बाजे : हुमाकान्त पौडेल ठेगाना : गोखुड्गा गा.वि.स. वडा नं.-७, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ३३०३ जारी मिति : २०६२/०४/०७ जि.प्र.का. : अर्घाखाँची	**१. नाम : माधव प्रसाद पौडेल** बाबु : छबिलाल पौडेल बाजे : हुमाकान्त पौडेल ठेगाना : मालारानी गा.वि.स. वडा नं.-९, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०३०१५/४६६ जारी मिति : २०६३/१०/२३ जि.प्र.का. : अर्घाखाँची
२. नाम : उषा खनाल बाबु : राम लाल खनाल पति : विष्णु प्रसाद पौडेल ससुरा : छबिलाल पौडेल ठेगाना : धारापानी गा.वि.स. वडा नं.-८, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०-०१-६९-००८५२ जारी मिति : २०६९/१२/११ जि.प्र.का. : अर्घाखाँची	**३. नाम : कल्पना घिमिरे** बाबु : पिताम्बर घिमिरे पति : माधव प्रसाद पौडेल ससुरा : छबिलाल पौडेल ठेगाना : खन गा.वि.स. वडा नं. -९, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०-०१-७२-०२९७२ जारी मिति : २०७२/०७/२२ जि.प्र.का. : अर्घाखाँची

२. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक कर्जा

ऋणीहरुको नाम र ठेगाना

१.	२.
नाम : उषा खनाल बाबु : राम लाल खनाल पति : विष्णु प्रसाद पौडेल ससुरा : छबिलाल पौडेल ठेगाना : धारापानी गा.वि.स. वडा नं.-८, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०-०१-६९-००८५२ जारी मिति : २०६९/१२/११ जि.प्र.का. : अर्घाखाँची	**२.नाम : माधव प्रसाद पौडेल** बाबु : छबिलाल पौडेल बाजे : हुमाकान्त पौडेल ठेगाना : मालारानी गा.वि.स. वडा नं.-९, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०३०१५/४६६ जारी मिति : २०६३/१०/२३ जि.प्र.का. : अर्घाखाँची

जमानीकर्ताहरुको नाम र ठेगानाः

१.	३.
नाम : विष्णु प्रसाद पौडेल बाबु : छबिलाल पौडेल बाजे : हुमाकान्त पौडेल ठेगाना : गोखुड्गा गा.वि.स. वडा नं.-७, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ३३०३ जारी मिति : २०६२/०४/०७ जि.प्र.का. : अर्घाखाँची	**नाम : कल्पना घिमिरे** बाबु : पिताम्बर घिमिरे पति : माधव प्रसाद पौडेल ससुरा : छबिलाल पौडेल ठेगाना : खन गा.वि.स. वडा नं. -९, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०-०१-७२-०२९७२ जारी मिति : २०७२/०७/२२ जि.प्र.का. : अर्घाखाँची

माथि उल्लिखित ऋणिहरु इशा पोल्ट्री फार्म प्रा.लि.र उषा खनाल, माधव प्रसाद पौडेलले लिएको ऋणकर्जाका लागि धितो राखिएको सम्पतिको विवरण :

क्र.स.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	रुपन्देही	बुटवल	९/क	१४३२९	०-०-५.५(वि.क.धु)	माधव प्रसाद पौडेल	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
					९३.९३ (व.मी)		
२.	रुपन्देही	गंगोलिया	३/ख	१८	२२४.६५ (व.मी)	उषा खनाल	
				४८	४६१.०० (व.मी)		

३. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा

ऋणीको नाम : देउराली कस्मेटिक स्टोर्स
रजिष्टर्ड ठेगाना : बुटवल उ.म.न.पा. वडा नं.-६ बिकासपथ, रुपन्देही
रजिष्ट्रेसन नं. : २५१/०६/०७८/०७९ (बुटवल उपमहानगरपालिका, नगरपालिकाको कार्यालय, बुटवल रुपन्देही)
दर्ता मिति : २०७८/१०/२१
पान नं. : ६०५७०४२५७

प्रोप्राइटरको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगानाः
नाम : विष्णु पसाद पौडेल बाबु : छबिलाल पौडेल बाजे : हुमाकान्त पौडेल ठेगाना : गोखुड्गा गा.वि.स. वडा नं.-७, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ३३०३ जारी मिति : २०६२/०४/०७ जि.प्र.का. : अर्घाखाँची	**१. नाम : माधव प्रसाद पौडेल** बाबु : छबिलाल पौडेल बाजे : हुमाकान्त पौडेल ठेगाना : मालारानी गा.वि.स. वडा नं.-९, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०३०१५/४६६ जारी मिति : २०६३/१०/२३ जि.प्र.का. : अर्घाखाँची
२. नाम : उषा खनाल बाबु : राम लाल खनाल पति : विष्णु प्रसाद पौडेल ससुरा : छबिलाल पौडेल ठेगाना : धारापानी गा.वि.स. वडा नं.-८, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०-०१-६९-००८५२ जारी मिति : २०६९/१२/११ जि.प्र.का. : अर्घाखाँची	**३. नाम : कल्पना घिमिरे** बाबु : पिताम्बर घिमिरे पति : माधव प्रसाद पौडेल ससुरा : छबिलाल पौडेल ठेगाना : खन गा.वि.स. वडा नं. -९, अर्घाखाँची हाल : बुटवल उ.म.न.पा. वडा नं.-१२, नयाँगाउँ, रुपन्देही ना.प्र.नं. : ४०-०१-७२-०२९७२ जारी मिति : २०७२/०७/२२ जि.प्र.का. : अर्घाखाँची

धितो राखिएको सम्पत्तिको विवरणः

क्र.स.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	रुपन्देही	सौ. फर्साटिकर	९/क	४८५	०-१-० (वि.क.धु.)	विष्णु प्रसाद पौडेल	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
					३३८.५८ (व.मी)		
२.	रुपन्देही	करहिया	८/घ	२०४८	०-०-१५.७५(वि.क.धु.)	उषा खनाल	
					२६६.६५ (व.मी)		
३.	कपिलवस्तु	मोतीपुर	२/ख	१८७६	०-०-१६(वि.क.धु.)	विष्णु प्रसाद पौडेल	
					२७०.८८ (व.मी)		

धितो लेखि दिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय मुर्गिया, रुपन्देही कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/१२/०५ गते, सोमबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मुर्गिया, रुपन्देही।

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

■ फ्रेन्डसिप कप अन्तर्राष्ट्रिय टी-२०

हङकङविरुद्ध चलेन नेपालको ब्याटिङ

हङकङले प्रस्तुत गरेको २१३ रनको लक्ष्य पछ्याएको नेपाल कमजोर ब्याटिङका कारण १६.४ ओभरमा एक सय ३९ रनमै अलआउट

नयाँ पत्रिका

लगातार अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाली खेलाडीको ब्याटिङ चल्न सकिरहेको छैन । ५० ओभर वा टी-२० खेल नै किन नहोस्, खेलाडीहरूले एकनासको ब्याटिङ प्रदर्शन गर्न सकेका छैनन् । कुनै एक खेलाडी पेभेलियन फर्केपछि अन्य खेलाडी पनि एकपछि अर्को गर्दै फर्किने गरेका छन् । तीन साताको अन्तरमा नेपालले आइसिसी विश्वकप लिग-२ र त्रिकोणात्मक टी-२० सिरिजमा सहभागिता जनायो । यी दुवै महत्त्वपूर्ण सिरिजमा ब्याट्सम्यानले गतिलो प्रदर्शन गरेनन् । विश्वकप लिग-२ मा नेपालले पूरै ओभर नै खेलेन । नेदरल्यान्ड्स र नामिबियाविरुद्धको त्रिकोणात्मक टी-२० सिरिजमा नेपालका मध्यक्रमका ब्याट्सम्यान अति नै फितलो देखिएका थिए । यस्तै प्रदर्शन शनिबार हङकङमा नेपालका खेलाडीले देखाए । हङकङमा शनिबारदेखि फ्रेन्डसिप कप अन्तर्राष्ट्रिय टी-२० सुरु भएको छ । आयोजक हङकङसँग नेपाल ७३ रनले पराजित भयो । हारको मुख्य कारण नै मध्यक्रमको फितलो प्रदर्शन नै रह्यो । बाबर हयातको शतकीय सहयोगमा हङकङले २० ओभरमा ६ विकेट गुमाएर दुई सय १२ रनको बलियो योगफल खडा गरेको थियो । प्रत्युत्तरमा नेपाल १६.४ ओभरमा एक सय ३९ रनमा समेटियो ।

२१ रनभित्र आठ विकेट पतन

लक्ष्य पछ्याएको इनिङ्समा नेपाल एक समय निकै बलियो थियो । इनिङ्सको १०.६ ओभरमा कप्तान रोहितकुमार पौडेललाई गुमाउँदा नेपाल ११७-३ को बलियो स्थितिमा थियो । त्यसपछि नेपाल १६.४ ओभरमा १३९ रनमै अलआउट नै भयो । मध्यक्रमका ब्याट्सम्यान पूरै असफल हुँदा नेपाल पराजित भएको हो । नेपालले १२.१ ओभरमा आरिफ सेख र १२.३ ओभरमै सन्दीप जोराको विकेट गुमाएको थियो । शुक्रबार मात्र आइसिसी वरीयतामा फड्को मारेका अलराउन्डर गुल्सन झा १४.६ ओभरमा आउट भए । त्यसपछि नेपालले १५ ओभरमा थप दुई विकेट गुमाएको थियो । इनिङ्सको १५.१ ओभरमा रासिद खान र १५.४ ओभरमा प्रतीश जिसीको विकेट गुमेको थियो । नेपालले अन्तिम विकेटका रूपमा आकाश चन्दलाई गुमाएको थियो । हङकङका लागि अजाज खानले घातक बलिङ गरेका थिए । उनले ३.४ ओभरमा चार २६ रन खर्चेर चार विकेट लिएका थिए ।

विनोद, रोहित र आरिफ मात्र टिके

हङकङको कसिलो र अनुशासित बलिङमा नेपालका ओपनर विनोद भण्डारी, रोहित र आसिफ मात्र टिकेका थिए । उनीहरूले मात्र नेपालको स्कोर बोर्डमा दोहोरो रन चढाए । अन्य खेलाडीले दोहोरो रनसमेत बनाउन सकेनन् । ओपनर कुशल भुर्तेलको प्रदर्शन खस्किरहेको छ । उनले चार बल सामना गरी दुई रन मात्र बनाए । विनोद भण्डारी र रोहित पौडेलले दोस्रो विकेटका लागि ५२ रनको साझेदारी गरे । विनोदले २२ बलमा चार चौका र तीन छक्काको सहयोगमा ४२ रन जोडे । त्यसपछि रोहित र आरिफले तेस्रो विकेटका लागि ५७ रनको गतिलो साझेदारी गरेका थिए । रोहितले ३० रन जोडे । उनले २३ बलमा दुई चौका र एक छक्का प्रहार गरे । रोहित आउट भएको अर्को बलमा नेपालले आरिफको विकेट पनि गुमाएको थियो । आरिफले ३८ रन बटुले । उनले २१ बलमा पाँच चौका र दुई छक्का प्रहार गरेका थिए । त्यसपछि सन्दीप जोरा दुई रन, गुल्सन झा आठ रन, विवेक यादव एक रन र रासिद खान तीन रनमा आउट भए ।



हङकङविरुद्ध ब्याटिङ गर्दै नेपालका ओपनर विनोद भण्डारी

बाबरले बनाए ४९ बलमा ११० रन

हङकङका बाबरले नेपालविरुद्ध उत्कृष्ट स्ट्रोक लगाए । उनले क्रिजको एक छेउमा नेपालका बलरविरुद्ध छक्का प्रहार गरे । समग्रमा उनले ४९ बलमा सर्वाधिक १३ छक्का र तीन चौकाको सहयोगमा एक सय १० रन बनाए । उनी इनिङको १९.५ ओभरमा आउट भए । उनलाई रोहितले क्याच आउट गरे । यसबाहेक हङकङको ब्याटिङमा अजाज खानले ११ बलमा दुई चौका र एक छक्का प्रहार गरी २१ रन बनाए । अंशुमन रथले ३२ बलमा दुई छक्का र तीन चौका प्रहार गरी ३९ रन बटुले । ओपनर मार्टिन कोट्जले २१ बलमा ३१ रन बनाए । उनले पाँच चौका र एक छक्का प्रहार गरेका थिए । नेपालका लागि आकाश चन्दले तीन ओभरमा तीन विकेट लिए । रासिद, प्रतीश र आरिफले समान एक विकेट हात पारे । हङकङ एक समय नौ ओभरको समाप्तिमा ६१-२ को स्थितिमा रहेको थियो । बाबर र अंशुमन रथले ७६ रनको साझेदारी गरे ।

■ आकाशको डेब्यु

नेपालका लागि तीव्र गतिका बलर आकाश चन्दले अन्तर्राष्ट्रिय टी-२० मा डेब्यु गरेका छन् । उनले हङकङविरुद्ध डेब्यु गरेका हुन् । उनलाई करण केसीले डेब्यु क्याप दिएका थिए । हङकङविरुद्ध नेपालले रासिद खान, स्पिनर सागर ढकाल र विकेटकिपर विनोद भण्डारीलाई खेलाएको छ । आकाशले यसअघि क्यानडाविरुद्ध सिरिजमा एकदिवसीय अन्तर्राष्ट्रिय डेब्यु गरेका थिए । उनले डेब्यु खेलको पहिलो ओभर बलिङ गर्दै विकेट लिए । उनले आफ्नो पहिलो ओभरमा मार्टिन कोट्जीको विकेट लिएका हुन् ।



खेल संक्षेप

हेड टु हेडमा नेपाललाई स्वर्ण

काठमाडौं / नेपालले एसियाली च्याफ्टिङ च्याम्पियनसिपको हेड टु हेडमा स्वर्ण जितेको छ । सो स्पर्धामा नेपालले १२० अंक जोड्दै स्वर्ण जितेको नेपाल च्याफ्टिङ एन्ड क्यानोइङ संघका अध्यक्ष राजीव श्रेष्ठले जनाएका छन् । भारतको हिमाचल प्रदेशस्थित सिम्लामा भएको प्रतियोगिताको स्लालममा ८० अंकसाथ नेपालले रजत जित्यो । डाउन रिभरमा ६० अंक जोडेको नेपाल चौथो भयो । समग्र टिममा नेपाल दोस्रो स्थानमा रह्यो । नेपाली खेलाडीमा सवीन गुरुङ, शक्तिकुमार गुरुङ, विजय गुरुङ, डम्बरबहादुर पुर्वाछाने र दीपेश पुन मगर रहेका छन् ।

रिपु मर्दिनी क्वार्टरफाइनलमा

काठमाडौं / रिपु मर्दिनी तेस्रो भ्याली पब्लिक कप अन्तरविद्यालय छात्र फुटसल प्रतियोगितामा शनिबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ । सुन्दरबस्तीस्थित आयोजक भ्याली पब्लिकको हलमा रिपु मर्दिनीले पहिलो खेलमा बाल विकासलाई ५-१ ले हरायो । दोस्रो खेलमा रिपु मर्दिनीले ओमलाई ५-० ले पराजित गऱ्यो । सेमिफाइनल प्रवेश खेलमा रिपु मर्दिनीको भेट प्रशान्तीसँग हुनेछ । अर्को क्वार्टरफाइनल सनराइज र बाल विकासबीच हुनेछ । साम्तेनले फ्युजनको सामना गर्नेछ । अन्तिम क्वार्टरफाइनल खेल वेदव्यास र सृष्टि ज्ञानबीच हुनेछ ।

कोटेश्वर टिम च्याम्पियन

काठमाडौं / आयोजक कोटेश्वर तेक्वान्दो डोजाङ प्रथम योङ स्टार खुला तेक्वान्दो प्रतियोगितामा शनिबार टिम च्याम्पियन बनेको छ । ११ स्वर्ण, १० रजत र १० कांस्यसाथ कोटेश्वर समग्रमा टिम च्याम्पियन बन्यो । दोस्रो भएको चन्द्रागिरिले १० स्वर्ण, सात रजत र तीन कांस्य जित्यो । क्षेत्रपालले तीन स्वर्ण, पाँच रजत र दुई कांस्य हात पाऱ्यो । आयोजकले तीन सय अमेरिकन डलर, उपविजेता चन्द्रागिरिले दुई सय अमेरिकन डलर र तेस्रो स्थान प्राप्त गरेको क्षेत्रपालले एक सय अमेरिकी डलर नगद पुरस्कार हात पारेका छन् ।

तीन खेलाडी शीर्ष स्थानमा

काठमाडौं / मंगलादेवी सिंह स्मृति फिडे रेटिङ बुद्धिचाल प्रतियोगिताको शनिबार पाँचौं चरणको खेलपछि काठमाडौंका सुदीप तामाङ, सुमन लामा र भक्तपुरका विजेश राजकर्णिकार चार अंकका साथ शीर्ष स्थानमा रहेका छन् । सुदीपले तेस्रो चरणमा कुमार महर्जनलाई र चौथो चरणमा पूर्व नेपाल च्याम्पियन नवीन तण्डुकारलाई हराए । सुमनले तेस्रोमा कान्तिपुर चेस क्लबका डिबी कार्की र चौथो चरणमा सतीश शाहलाई पाखा लगाए । विजेशले चौथो चरणमा ललितपुरका राजु ताम्रकारमाथि जित निकाले ।

बानेश्वर च्याम्पियन

मकवानपुर / नवौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप ८ 'ए' साइड प्रतियोगिताको उपाधि काठमाडौंको बानेश्वर फ्रेन्डसिप भेट्रान्स क्लबले जितेको छ । हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा शनिबार सम्पन्न फाइनलमा बानेश्वरले काठमाडौंकै किङकम भेट्रान्स क्लब काठमाडौंलाई १-० ले हराउँदै उपाधि हात पारेको हो । बानेश्वरका हरिहर थापाले एक मात्र निर्णायक गोल गरेका थिए । उनले खेलको १३औं मिनेटमा टोलीलाई १-० को अग्रता दिलाए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी किङकमका जगतमान लामा भए ।

■ कोशी प्रदेश राष्ट्रिय टी-२० क्रिकेट

देवको शतकमा लुम्बिनीको सहज जित

नयाँ पत्रिका

देव खनालको शतकीय इनिङ्सको सहयोगमा शनिबार कोशी प्रदेश राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा लुम्बिनीले बागमतीलाई सात विकेटले पराजित गरेको छ । लुम्बिनीले लगातार तीन खेलमा जित निकाली सर्वाधिक ६ अंक जोडेको छ । लुम्बिनी समूह 'बी' शीर्ष स्थानमा छ । लुबिनीले यसअघि गण्डकी र सुदूरपश्चिमलाई हराएको थियो । टस जितेर ब्याटिङ गरेको बागमतीले २० ओभरमा ८ विकेट गुमाई १५३ रनको योगफल तयार पारेको थियो । बागमतीका कप्तान रित गौतमले ३३ बलमा १ छक्का र ४ चौका प्रहार गरी ४३ रन जोडे । आशुतोष घिरैयाले २८ रन र उत्तम मगरले २५ रन बनाए । लुम्बिनीका चाहुल चौहानले सर्वाधिक ३ विकेट लिए ।



प्रत्युत्तरमा लुम्बिनीले १७.२ बलमा तीन विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो । लुम्बिनीका कप्तान देव खनालको शतकीय इनिङ्स खेलेका थिए । उनले सय रनको योगदान दिए । उनले ५१ बलमा समान ७ छक्का र चौका प्रहार गरेका थिए । खनालको शतक प्रतियोगिताकै पहिलो शतक हो । विशालविक्रम केसीले नटआउट २७ रन बनाए । बागमतीका विपिन आचार्य, गौतम केसी र कृजन गुरुङले १-१ विकेट लिए ।

कर्णाली ५१ रनले विजयी

प्रतियोगिताको शनिबार बैजनाथपुर क्रिकेट रंगशालामा भएको पहिलो खेलमा कर्णालीले एपिएफ क्लबलाई ५१ रनले पराजित गरेको छ । जितसँगै कर्णाली समूह 'ए'मा ४ खेलमा २ जित निकालेको छ । कर्णाली चार अंकका साथ शीर्ष स्थानमा उक्लिएको छ । टस जितेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ५ विकेट गुमाई १ सय ६५ रनको स्कोर खडा गरेको थियो । कर्णालीका लागि प्लेयर अफ दी म्याच अर्जुन घर्तीले ३४ बलमा समान २ छक्का र चौकाको सहयोगमा नटआउट ५५ रन बनाए ।

कर्णालीका विपिन रावलले ३६ बलमा ३ छक्का र २ चौकाको मद्दतमा ४२ रन र रवीन्द्र शाहीले ३५ रनको योगदान दिए । एपिएफका रमेश कुर्मी, चन्दन राम, भुवन कार्की, अमर रौटेला र इर्साद अहमदले समान एक विकेट लिए । प्रत्युत्तरमा एपिएफले २० ओभरमा ६ विकेट गुमाई १ सय १४ रन बनायो ।

एपिएफका अमर रौटेलाले ३७ बलमा १ छक्का र २ चौका प्रहार गरी ३७ रन जोडे । हिमांशु दत्तले २५ र पुरन विकले १८ रनको योगदान दिए । कर्णालीका दिपेन्द्र रावत र रवीन्द्र साहले समान २ विकेट हात पारे । आइतबारको पहिलो खेल गण्डकी र नेपाल पुलिसबीच हुने छ । दोस्रो खेलमा आर्मीले मधेशको सामना गर्नेछ ।

■ झापा गोल्डकप

चर्च ब्वाइज पहिलो सहभागितामै उपाधिनजिक

झापामा चिरञ्जीवी घिमिरे

कप्तान तथा गोलरक्षक दीप कार्कीले टाइब्रेकरमा निर्णायक गोल गरेपछि चर्च ब्वाइज युनाइटेड छैटौं झापा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । पहिलो सहभागितामै फाइनल स्थान बनाउने क्रममा चर्च ब्वाइजले शनिबार टाइब्रेकरमा आयोजक झापा ११ एफसीलाई ४-३ ले निराश बनाएको हो । टाइब्रेकरमा स्तब्ध भएको झापाको लगातार पाँच फाइनल खेल्ने योजना पूरा भएन । झापाका प्रशिक्षक अंगुरकुमार खड्गीले रेफ्रीविरुद्ध आक्रोश पोखेका छन् । उनले रेफ्रीको कारण झापा प्रतियोगिताबाट बाहिरिएको आरोप लगाएका छन् । 'हामीले ११ विरुद्ध १२ जना भएर खेल्यौं, रेफ्रीकै कारण हामी खेलमा पराजित भएका हौं,' खड्गीले भने, 'सबैले धेरै गल्ती भएको देखेका छन्, आजको हार मुख्य कारण रेफ्री नै हो ।'

पहिलोपटक फाइनलमा स्थान बनाएपछि चर्च ब्वाइजका अध्यक्ष रुबेन राई खुसी देखिएका छन् । उनले खेलाडीको मिहिनेतले जित निकाल्न सफल भएको बताए । 'सेमिफाइनलमा खेलाडीले राम्रो प्रदर्शन गरे । अब फाइनलमा पनि यस्तै खेल हुनेछ,' राईले भने । प्रशिक्षकको अभावपछि उनी आफैंले खेलाडीलाई मैदानमा निर्देशन दिन टच लाइनमा उभिएका थिए । उनले प्रशिक्षकको सामान्य कोर्स गरेका छैनन् । फाइनलमा बलियो प्रतिद्वन्द्वी एपिएफविरुद्ध सतर्क रहेर खेल्ने उनले बताए । 'हामीले राष्ट्रिय टोलीका खेलाडी प्रशिक्षणमा जाँदा गुमाएका छौं । नयाँ खेलाडीले पनि राम्रो गरिरहेका छन् । सहिद स्मारक लिगपछि पहिलोपटक फाइनलमा पुगेका छौं,' राई भन्छन् ।

९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेल अतिरिक्त १४ मिनेटको खेलाएको थियो । यसमा पनि गोल भएन । दुवै टोली फाइनल थर्डमा चुकेका थिए । अतिरिक्त समयमा चर्च ब्वाइजका विजय भुजेलको प्रहार पोस्टमा लागेर फर्किएको थियो । ।



पाँचपटक उपविजेता झापा र चारपटकको विजेता त्रिभुवन आर्मी सेमिफाइनलबाट बाहिरिएसँगै झापा गोल्डकपले नयाँ च्याम्पियन पाउने

कप्तान दीप नायक

पेनाल्टी सुटआउटमा कप्तान दीप नै नायक बने । उनले एक पेनाल्टी बचाए भने आफैंले गोलसमेत गरे । बिर्तामोडस्थित डोमालाल राजवंशी खेलमैदानमा निर्धारित ९० र अतिरिक्त १४ मिनेटमा चर्च ब्वाइज र झापाका खेलाडीले गोल गर्न सकेनन् । त्यसपछि फाइनल पुग्ने दोस्रो टोलीको छिनोफानो टाइब्रेकरबाट भएको हो । गोल नभएपछि खेलको छिनोफानो पेनाल्टी सुटआउटमा भएको थियो ।

टाइब्रेकरमा चर्च ब्वाइजका लागि सुरज जिउ ठकुरी, विजय भुजेल, अबयोमी अलुवासेउन फकुन्ले र दीपले निर्णायक गोल गरे । विदेशी खेलाडी सर्ज डिकाको प्रहार झापाको गोलरक्षक सुदीप लिम्बूले बचाए । झापाका लागि आदित्य शाक्य, विवेक पौडेल र आशिष चापागाईंले गोल गरे । प्रदीप बुढाथोकीको प्रहार पोस्टमा लागेर फर्कियो । विदेशी खेलाडी मार्क जुनियर ह्यारिसनको प्रहार गोलरक्षक दीप कार्कीले बचाएका हुन् ।

रेफ्रीकै कारण पराजित भयौं

अंगुरकुमार खड्गी, प्रशिक्षक, झापा

हामीले सोझै १४ विरुद्ध ११ जनासँग खेल्नुपऱ्यो । यसकारण, झापा लगातार फाइनलमा पुग्न असफल भएको हो । खेलमा हार र जित हुन्छ, तर रेफ्रीले निष्पक्ष खेल खेलाउन सकेनन् । खेलाडीले प्रतियोगिताभर राम्रो प्रदर्शन गरेका हुन् । झापाको टोली राम्रो थियो । तर, रेफ्री सबैले देख्ने गरी गल्ती गरे ।

खेलाडीले राम्रो गरे

रुबेन राई, अध्यक्ष, चर्च ब्वाइज

खेलाडीहरूको मिहिनेतका कारण चर्च ब्वाइज पहिलोपटक फाइनलमा पुगेको छ । अहिले म प्रशिक्षकको भूमिकामा छु । धेरै खेलाडी राष्ट्रिय टोलीमा जानुपर्ने भएकाले अनुभवी खेलाडीलाई खेलाउन पाएनौं । नयाँ खेलाडीले राम्रो प्रदर्शन गरे । एपिएफविरुद्ध सतर्क भएर खेल्छौं ।

तामाङले जिते चिभास गल्फ ओपन

नयाँ पत्रिका

श्याम तामाङले चिभास ओपन गल्फ प्रतियोगिताको उपाधि जितेका छन् । गोकर्ण गल्फ क्लबमा शनिबार भएको प्रतियोगितामा तामाङले सर्वाधिक ४० अंक जोड्दै उपाधि हात पारेका हुन् । आस्थमा रामा सिंखडा र तामाङबीच शीर्ष स्थानमा बराबरी भएको थियो । त्यसपछि ४० स्टेबल फोर्डमा तामाङले सर्वाधिक २२ अंक जोडेका थिए । स्टेबल फोर्डमा १९ अंक जोडेका सिंखडा उपविजता बने । टासी छिरिङले ३६ ग्रोस अंक जोड्दै उत्कृष्ट ग्रोस उपाधि जितेका छन् । महिलातर्फ आर्शिया बानु उपविजेता भइन् । उनले सर्वाधिक ३२ अंक प्राप्त गरिन् ।



३० अंक बटुलेकी आरती राना उपविजेता भइन् । सिनियर विधामा भाइराजा पाण्डे र मदन रानाबीच टाई भएको थियो । दुवै खेलाडीले ब्याक तथा फन्ट नाइनमा समान अंक बटुलेका थिए । प्रतियोगितामा वान्चेनले सर्वाधिक वर्डीको विधा जिते । उनले सर्वाधिक पाँच वर्डी प्रहार गरेका थिए । कवि थापाले क्लोज टु पिन उपाधि हात पारे । उनले १०औं होल इन वान गर्न केवल तीन फिटले चुके । नोर्बु शेर्पाले लङगेस्ट ड्राइभको उपाधि जिते ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com